

# वार्षिक प्रतिवेदन
# २०६४-६५








**२०६४ साउनदेखी - २०६५ असारसम्म**

## राष्ट्रिय मानवअधिकार आयोग
## नेपाल

# वार्षिक प्रतिवेदन

## २०६४ साउनदेखि  २०६५ असारसम्म

राष्ट्रिय मानवअधिकार आयोग

हरिहरभवन, ललितपुर, नेपाल

## आयोगका पदाधिकारीहरू

**अध्यक्ष**

माननीय केदारनाथ उपाध्याय

**सदस्यहरू**

माननीय रामनगिना सिंह

माननीय गौरी प्रधान

माननीय डा. लीला पाठक

माननीय डा के. बी. रोकाया

**सचिव**

विशाल खनाल

लेखन/सम्पादन
नारायणप्रसाद सेढाई
कैलाशकुमार सिवाकोटी

डिजाइन तथा लेआउट
सुबोध पोखरेल र पुनम मुनाकर्मी

मुद्रक : अत्री वशिष्ट छपाई तथा मसलन्द उद्योग
वागवजार, काठमाडौं, फोनः ४२४३९३६

प्रकाशक
राष्ट्रिय मानवअधिकार आयोग
हरिहरभवन, ललितपुर
पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल

प्रकाशन मितिः असोज, २०६५
संस्करण : प्रथम, १००० प्रति
प्रतिवेदन नं : ४९/१००/२०६५ (के. का.)

**सर्वाधिकार © राष्ट्रिय मानव अधिकार आयोग**
**हरिहर भवन, ललितपुर, नेपाल।**

आयोगको पूर्व-स्वीकृतिविना यस प्रतिवेदनलाई वौद्धिक वा शैक्षिक प्रयोजन-बाहेक व्यापारिक वा अन्य प्रयोजनको लागि पुनःउत्पादन एवम् मुद्रण गर्ने गरी सङ्ग्रह गर्न अथवा कुनै पनि माध्यमबाट प्रयोगमा ल्याउन पाइने छैन। वौद्धिक तथा शैक्षिक प्रयोजनार्थ स्रोत खुलाइ आवश्यक अंशहरू साभार गरी प्रयोग गर्न सकिनेछ।

# मन्तव्य

नेपालको अन्तरिम संविधान, २०६३ ले राष्ट्रिय मानवअधिकार आयोगलाई कानुनी निकायबाट संवैधानिक निकायको रूपमा संस्थागत गऱ्यो । यस परिवर्तनले आयोगको स्वायत्ततामा निश्चयपनि बढी प्रत्याभूति दिलाएको छ । कानुनतः मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य रहेको छ । यसको अतिरिक्त नेपाल सरकार र नेकपा (माओवादी)-बीच वि. स. २०६३ साल मङ्सिर ५ गते भएको विस्तृत शान्तिसम्झौताले पनि आयोगलाई मानवअधिकारको अनुगमन गर्ने जिम्मेवारी दिएको छ । विस्तृत शान्तिसम्झौता अनुगमन गरी आवधिक एवम् वार्षिक अनुगमन प्रतिवेदनहरू प्रकाशित भइसकेका छन् ।

यी कर्तव्यहरूको परिपालनाको लागि आयोगले मानवअधिकार हननविरुद्ध छानबिन, अनुसन्धान, अनुगमनपछि आवश्यक उपचार वा व्यवस्थाको लागि सिफारिस गर्नुपर्दछ । नियमितरूपमा गर्नुपर्ने अन्य कार्यहरूमा नेपालपक्ष रहेका मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय सन्धिहरूको कार्यान्वयनको अवस्था अनुगमन र नेपालपक्ष नरहेका सन्धिहरू सम्बन्धमा सरकारलाई सुझावसमेत दिने गर्दछ । आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने संवैधानिक दायित्व छ । सोही प्रयोजनको लागि यो वार्षिक प्रतिवेदन तयार गरिएको छ ।

लामो रिक्ततापछि एकवर्ष अधिमात्र आयोगले पूर्णता प्राप्त गरेको थियो । त्यसको केही दिनभित्र नै नरसंहारकारी कपिलवस्तु घटना घट्न पुग्यो । आयोगले उक्त घटनाको स्थलगत अनुगमन गरी नेपाल सरकारलाई सिफारिस गरेको थियो । त्यसपछि भैरवनाथ गणबाट सुरक्षाकर्मीले पकाउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको सम्बन्धमा शिवपुरी जङ्गलमा अनुसन्धान गरिएको थियो । साथै नेकपा (माओवादी)-बाट कब्जामा लिइ मारिएका भनिएका पत्रकार वीरेन्द्र साह, डेकेन्द्र थापा, व्यापारी रामहरी श्रेष्ठको सम्बन्धमा समेत अनुसन्धान गरिएको थियो । आयोगमा परेका अन्य विभिन्न उजुरीहरूको पनि अनुसन्धान गरी प्राप्त तथ्य प्रमाणको आधारमा

पीडकलाई कारबाही, पीडितलाई क्षतिपूर्ति लगायतका विषयमा नेपाल सरकारलाई सिफारिस गरिएको थियो । नियमित रूपमा गरिदै आएका यी कामको अतिरिक्त संविधानसभा निर्वाचनमा मानवअधिकारको अवस्थामा समेत अनुगमन गरेको थियो र त्यसको प्रतिवेदन समेत सार्वजनिक भइसकेको छ ।

बदलिएको परिवेशअनुसार आयोगले पहिले देखिको कार्यान्वयनमा रहेको रणनीतिक योजना (२००४-२००८) को ठाउँमा रणनीतिक योजना(२००८-२010) कार्यान्वयनमा ल्याएको छ  साथै सङ्गठतात्मक ढाँचा र दरबन्दी व्यवस्थापनमा सुधारका लागि समेत काम भएका छन् ।

विगतको द्वन्द्वको स्थितिले आर्थिक, सामाजिक एवम् सांस्कृतिक अधिकारको सम्बर्द्धनको क्षेत्रमा ठोस कार्यहरू हुन नसके पनि अहिलेको रणनीतिक योजनाअन्तर्गत ती अधिकारहरूको लागि आवश्यक सूचकहरू र मापदण्ड तयार गरी अनुगमन गर्ने तहमा छ ।

मानवअधिकार संस्कृति विकासको निम्ति विभिन्न सम्बर्द्धनात्मक कार्यहरूसमेत आयोगले अगाडि बढाउँदै आएको छ । मानवअधिकार र मानवीय कानुनका विविध पक्ष एवम् विषयवस्तुमा केन्द्रित रही सुरक्षाकर्मी, विभिन्न सरकारी निकायका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, मानवअधिकारकर्मी, शिक्षक, विद्यार्थी लगायत सरोकारवालाहरूबीच तालिम, गोष्ठी, कार्यशाला एवम् छलफल आदि कार्यकम आयोगबाट आयोजना गरिएको थियो ।

आयोगबाट राष्ट्रिय मानवअधिकार आयोग ऐन र वेपत्तासम्बन्धी विधेयक, नेपालपक्ष भएका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धिको दोस्रो तथा तेस्रो प्रतिवेदन, बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लिल चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख २०००" र नेपाल सरकारले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय समितिमा पेश गर्ने प्रारम्भिक प्रतिवेदन लगायतका मस्यौदाउपर नेपाल सरकारलाई राय प्रदान गरिएको थियो । त्यसै गरी विद्यमान नेपाल कानुनहरूको पुनरावलोकन गर्ने कार्य भइरहेको छ ।

यस अवधिमा आयोगका पदाधिकारीद्वारा विभिन्न अन्तर्राष्ट्रिय सभासम्मेलनमा सहभागिता र त्यसबाट आयोगबाट मानवअधिकार संस्थाहरूको समन्वय समितिले राष्ट्रिय मानवअधिकार आयोगलाई दर्जा घटुवा गर्न लागेकोमा पहिलो दर्जामा नै राख्न लगाउन विशेष पहल समेत भएको छ । उक्त समितिको सकारात्मक निर्णयले आयोग प्रति अन्तराष्ट्रिय तहमा समेत विश्वसनीयता अभिबृद्धि भएको प्रतीत हुन्छ ।

यस अवधिभित्र संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमको सहयोगमा सञ्चालित आयोगको क्षमता विकास परियोजना र युरोपियन युनियनको सहयोगमा सञ्चालित द्वन्द्व न्यूनीकरण परियोजना सम्बन्धमा आधारभूत परिवर्तनका कुराहरू दातृनिकायका प्रतिनिधिहरूसँग गरिएका छन् । आयोगबाट गरिएका यी प्रयासहरूबाट यी योजनाहरूको नियन्त्रण र स्वामित्व आयोगको हातमा रहने भएको छ ।

समयसमयमा विशिष्ट अतिथीहरु, मित्रराष्ट्रका राजदूत, दातृराष्ट्र वा निकायका पदाधिकारीहरू लगायतका अन्तर्राष्ट्रिय तथा राष्ट्रिय निकायका पदाधिकारीहरूसँग आयोगमा औपचारिक वा खासखास कामको शिलशिलामा भएको भेटघाट एवम् मानवअधिकारको समसामयिक विषयमा भएको छलफल उपलब्धीमूलक रह्यो । त्यसै गरी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकारसम्बन्धी उच्चआयुक्तको कार्यालयका उपाध्यक्ष एवम् अन्य प्रतिनिधिहरू, ब्रिटिस मन्त्री, युरोपियन युनियनका प्रतिनिधिहरू, कार्टर सेन्टरका प्रतिनिधीहरू, भारतका पुर्व न्यायधिस एवम् भारतको राष्ट्रिय मानवअधिकार आयोगका पुर्व अध्यक्षसँगको भेटघाट तथा सम्वाद उल्लेखनीय रहेको छ । बेपत्ता तथा अपहरण गरी अवस्था अज्ञात बनाइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन नसक्नु, विस्थापितहरू आफ्नो थातथलोमा फर्कन नसक्नु, नेकपा (माओवादी) लगायतबाट कब्जामा लिइएका व्यक्तिहरूको सम्पत्ति फिर्ता नगरिनु, नेपाल सरकारद्वारा आयोगका सिफारिसहरूको पूर्ण रूपमा कार्यान्वयन नगरिनुजस्ता दृष्टान्तहरू मानवअधिकार संरक्षणका दृष्टिले चिन्ताजनक र दुर्भाग्यपूर्ण रहेका छन् । देशमा दण्डहीनताले प्रश्रय पाइरहेको यस्तो अवस्थामा दण्डहीनताको अन्त गरी कानुनी राजको स्थापना गर्नु र मानवअधिकार संस्कृतिको विकासमा टेवा पुऱ्याउनु नेपाल सरकार, जिम्मेवार राजनीतिक दल लगायत विभिन्न सङ्घसंस्था तथा नागरिक समाज सबैको साझा दायित्व हो । यसमा सबैले आआफ्नो क्षेत्रबाट सहयोग

गरी कानुनको शासन, जनताको मानवअधिकार र सार्वभौमिकतालाई दीगो बनाउनु पर्छ ।

यस वार्षिक प्रतिवेदनलाई यस रूपमा तयार गर्नको लागि निरन्तर सहयोग उपलब्ध गराउनु हुने आयोगका सहकर्मी माननीय सदस्यहरू, सचिव, क्षेत्रीय निर्देशकहरू, उपनिर्देशकहरू लगायत आयोगका केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयका सम्पूर्ण कर्मचारीहरूलाई धन्यवाद दिन चाहन्छु । प्रतिवेदन लेखनमा विषेश सहयोग गर्नुहुने प्रतिवेदन लेखन अधिकृत नारायणप्रसाद सेढाई र कैलाशकुमार सिवाकोटीको लगनशीलताको फलस्वरूप नै यो प्रतिवेदन समयमा आउन सकेको हो ।

अन्तमा, मानवअधिकारको संरक्षण र सम्वर्द्धनको माध्यमबाट देशमा मानवअधिकार संस्कृतिको विकास गर्नेजस्तो गहन कार्यमा समर्पित आयोगलाई यस अवधिसम्म निरन्तर रुपमा सहयोग प्रदान गर्ने नेपाल सरकार, दातृसंस्थाहरू, मानवअधिकारको क्षेत्रमा कार्यरत राष्ट्रिय तथा अन्तराष्ट्रिय सङ्घसंस्थाहरू नागरिक समाज सबैप्रति हार्दिक आभार व्यक्त गर्दछु ।

मितिः २०६५/६/९

केदारनाथ उपाध्याय

अध्यक्ष

राष्ट्रिय मानवअधिकार आयोग

# विषय-सूची


| विषय | पेज न. |
|---|---|
| मन्तव्य | |
| सारांश | |

## परिच्छेद–१
## प्रारम्भिक

| | | |
|---|---|---|
| १.१ | पृष्ठभूमि | १ |
| १.२ | उद्देश्य | ३ |
| १.३ | सीमा | ३ |

## परिच्छेद–२
## विद्यमान अवस्था र सुधारका प्रयासहरू

२.१ सुधारका प्रयासहरू ५

२.२. विद्यमान अवस्था ६

२.२.१ नागरिक तथा राजनीतिक अधिकार ८

२.२.१.१ जीवनको अधिकार ८

२.२.१.२ वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार १०

- यातना, कुटपीट र अमानवीय व्यवहार
- धम्की
- बलपूर्वक बेपत्ता
- अपहरण
- शान्तिसुरक्षाको अवस्था

२.२.१.३ निर्वाचनसम्बन्धी अधिकार १४

२.२.१.४ मानवअधिकार रक्षकको अवस्था १५

२.२.२. आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार १५
२.२.२.१ आन्तरिक रूपमा विस्थापन १५
२.२.२.२ पेशा-व्यवसायसम्बन्धी अधिकार १७
२.२.२.३ शिक्षाको अधिकार १७
२.२.२.४ स्वास्थ्यको अधिकार १८

२.२.३ सामुहिक अधिकार १९
२.२.३.१ महिलाअधिकार १९
२.२.३.२ बालअधिकार २०

२.२.४. जातीय भेदभावविरुद्धको अधिकार २१

## परिच्छेद–३
## आयोगबाट सम्पन्न कार्यहरू

३.१ संरक्षणसम्बन्धी कार्यहरू २३
३.१.१ उजुरी व्यवस्थापन २३
३.१.२ अनुगमन २५
३.१.३ संविधानसभा निर्वाचन अनुगमन २७
३.१.४ बालअधिकारसम्बन्धी कार्यहरू २८
३.१.५ अनुसन्धान ३०
३.१.६ मानवअधिकार उल्लङ्घनमा उजुरी फछ्यौटको अवस्था ३२

३.२ मानवअधिकारको सम्बर्द्धनसम्बन्धी कार्यहरू ३४
३.२.१ तलिम ३५
३.२.२ अभिमखीकरण गोष्ठी ३६

३.२.३ प्रकाशन ३७
३.२.४ मानवअधिकार तथा शान्तिशिक्षा ३७
३.२.५ राष्ट्रिय मानवअधिकार आयोगको चिनारी तथा भ्रमण ३८
३.२.६ वार्षिक उत्सव एवम् अन्य कार्यक्रम ३९
३.२.७ मानवअधिकार प्रदर्शनी ४३

३.३ विधिविषय परामर्शसम्बन्धी कार्यहरू ४४

३.४ महिला-बालबालिकाबेचबिखन तथा ओसारपसारविरुद्ध गरिएका कार्यहरू ४५
३.४.१ राष्ट्रिय प्रतिवेदन तयारी ४५
३.४.२ अनुसन्धान ४६
३.४.३ प्राविधिक समितिको बैठक ४६

३.५ योजना, आन्तरिक अनुगमन तथा मुल्याङ्कन ४७
३.५.१ आयोगको रणनीतिक योजना र कार्ययोजना ४७
३.५.२ आयोगको केन्द्रिय तथा क्षेत्रीय कार्यालयका प्रगती मूल्याङ्कन ४९
३.५.३ बजेट तथा कार्यक्रम तर्जुमा ४९

## परिच्छेद–४

## प्रशासनिक तथा परियोजनासम्बन्धी गतिविधिहरू

४.१ प्रशासनिक कार्यहरू ५१
४.२ सूचना-प्रविधिसम्बन्धी कार्य ५२
४.३ आर्थिक प्रशासन ५२
४.४ आयोगको क्षमता विकास परियोजनाबाट भएगरेका कार्यहरू ५३
४.५ बाल परियोजना ५३
४.६ द्वन्द्व न्युनीकरण कार्यक्रम (दोस्रो) ५४

## परिच्छेद–५
## राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वय

५.१ राष्ट्रिय स्तरमा भएको सम्बन्ध र समन्वय ५५
५.१.१ नेपाल सरकार र सुरक्षा निकायसँगको सम्बन्ध ५५
५.१.२ राजनीतिक दलहरूसँगको सम्बन्ध र समन्वय ५७
५.१.३ नागरिक समाज र गैरसरकारी सङ्घसंस्थाहरूसँगको सम्बन्ध र समन्वय ५७
५.१.४ आमसञ्चारसँगको सम्बंन्ध र समन्वय ५९

५.२ अन्तर्राष्ट्रिय स्तरमा भएको सम्बन्ध र समन्वय ५९
५.२.१ आयोगका पदाधिकारीहरूको अन्तराष्ट्रिय मञ्चमा सहभागिता ६०
५.२.२ ट्रोइका' र आयोग पदाधिकारीबीच छलफल ६१
५.२.३ भारतीय राष्ट्रिय मानवअधिकार आयोगका पूर्वअध्यक्षको आयोग भ्रमण ६१
५.२.४ बाङ्गलादेशी महिलाअधिकारकर्मीसँग आयोगमा छलफल ६१

## परिच्छेद–६
## उपलब्धि तथा चुनौती र सिफारिसहरू

६.१ प्रमुख उपलब्धिहरू ६३
६.२ चुनौतीहरू ६७
६.३ सिफारिसहरू ७०
- नेपाल सरकारलाई
- नेकपा (माओवादी)-लाई:
- तराईमा आन्दोलनरत पक्षलाई
- अन्य राजनीतिक दललाई:

# अनुसूचीहरू


अनुसूची– १
आयोगमा परेका उजुरीहरुको विवरण ७३

अनुसूची– २
आयोगबाट गरिएका अनुगमन ७५

अनुसूची– ३
आयोगबाट गरिएका अनुसन्धान ९९

अनुसूची– ४
प्रेस-विज्ञप्ति ११५

अनुसूची– ५
आयोगबाट भएका सिफारिसहरूको संक्षिप्त व्यहोरा १३५

अनुसूची– ६
आयोगका प्रकाशनहरू १६३

अनुसूची– ७
मानवअधिकारको सम्बर्द्धनको क्षेत्रमा सम्पादित कार्यहरू १६५

अनुसूची– ८
आयोगको साङ्गठानिक तालिका १९०

अनुसूची– ९
आयोगमा कार्यरत कर्मचारीहरुको नामावली १९१

अनुसूची– १०
आयोगको आम्दानी-खर्चको विवरण १९५

अनुसूची– ११
दातृ निकायबाट प्राप्त आम्दानी-खर्चको विवरण १९७

अनुसूचीं– १२
राजश्व विवरण १९८

अनुसूची–१३
धरौटी विवरण २००

# सङ्क्षिप्त रूप

| | |
|---|---|
| अनेरास्ववियु | = अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन |
| आयोग | = राष्ट्रिय मानवअधिकार आयोग |
| ओएचसिएचआर | = संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यालय |
| एमाले | = नेपाल कम्युनिष्ट पार्टी (एकीकृत मार्क्सवादी-लेनिनवादी) |
| गाविस | = गाउँ विकास समिति |
| गोइत समूह | = जनतान्त्रिक तराई मुक्तिमोर्चा (गोइत समूह) |
| गैसस | = गैरसरकारी संस्था |
| ज्वालासिंह | = जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह) |
| त्रिवि | = त्रिभुवन विश्वविद्यालय |
| नपा | = नगरपालिका |
| निमावि | = निम्न माध्यामिक विद्यालय |
| नेकपा | = नेपाल कम्युनिष्ट पार्टी |
| नेका | = नेपाली काङ्ग्रेस |
| नेविसङ्घ | = नेपाल विद्यार्थी सङ्घ |
| प्रावि | = प्राथामिक विद्यालय |
| माओवादी | = नेपाल कम्युनिष्ट पार्टी (माओवादी ) |
| मावि | = माध्यामिक विद्यालय |
| राप्रपा | = राष्ट्रिय प्रजातन्त्र पार्टी |
| वाइसीएल | = योङ कम्युनिष्ट लिग |

## आयोगको कार्यविवरण: एक झलक

| क.स | कामको प्रकृति | सङ्ख्या | विषय |
|---|---|---|---|
| १ | मानवअधिकार संरक्षणसम्बन्धी | | |
| १.१ | प्राप्त उजुरी | ११३७ | हत्या, बेपत्ता, अपहरण, धम्की, यातना कुटपीट, विस्थापन, आर्थिक सामाजिक अधिकार, बेवारिसे बम-विष्फोटनमा मृत्यु, सम्पत्ति कब्जा,कानुनी उपचार आदि |
| १.२ | निर्णय (टुङ्ग्याइएको) | ३७६ (३७९ व्यक्तिको सम्बन्धमा) | बेपत्ता, अपहरण, धम्की, आर्थिक सामाजिक अधिकार, विदेशी र शरणर्थीको अधिकार आदि |
| १.३ | निर्णय (खारेजी) | २१ | यातना, विस्थापन आदि |
| १.४ | निर्णय (तामेली) | ७ | धम्की, आर्थिक सामाजिक अधिकार, यातना आदि |
| १.५ | सिफारिस | ७३ (११०व्यक्तिको सम्वन्धमा) | हत्या, बेवारिसे बम-विष्फोटनमा परी मृत्यु, बेपत्ता, अपहरण, विस्थापन, यातना कुटपीट धम्की, सम्पत्ति कब्जा, बन्दीका अधिकार आदि |
| १.६ | मानवअधिकार अवस्था अनुगमन | ३९४ पटक | समग्र मानवअधिकार अवस्था, संविधानसभा निर्वाचन अनुगमन बालअधिकार, महिलाअधिकार, विस्थापन, बन्दीहरूको अधिकार, विभिन्न समूहले गरेको बन्दप्रदर्शनमा मानवअधिकार अवस्था, मुक्त कमैयाहरूको मानवअधिकार आदि |
| १.७ | मानवअधिकार उल्लङ्घनमा अनुसन्धान | ७२८ | हत्या, बेवारिसे बम-विष्फोटनमा परी मृत्यु, बेपत्ता, अपहरण, विस्थापन, यातना कुटपीट धम्की, सम्पत्ति कब्जा, बन्दीका अधिकार आदि |
| १.८ | अन्य सिफारिस | ११ | शान्तिसुरक्षाको स्थितिमा सुधार, कारागारका बन्दीहरुको लागि सेवा सुविधा तथा भौतिक सुधार, खाद्यसुरक्षालाई सुनिश्चितता, मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिका घटनामा संलग्न दोषीमाथि कारबाही तथा पीडितलाई क्षतिपूर्ति, कपिलवस्तु घटना, मानव अधिकार विषयलाई पाठ्यक्रममा समावेश, पाठ्यपुस्तक उपलब्ध गराउनुपर्ने लगायत समसामयिक विषयमा |
| २ | मानवअधिकार सम्बर्द्धनसम्बन्धी | | |
| २.१ | अन्तक्रिया गोष्ठी, तालिम आदि | १०१ | तालिम, गोष्ठी, अन्तर्किया, छलफल केन्द्रीयस्तरमा ११, क्षेत्रीयस्तरमा १६, स्थानीय स्तरमा ७४, मानवअधिकार प्रदशर्नी ३ स्थानमा सम्पन्न |
| ३ | प्रकाशन | | |
| ३.१ | नियमित प्रकाशन | ५ | वार्षिक प्रतिवेदन, बालअधिकार प्रतिवेदन र मानअधिकारपत्र |
| ३.२ | पत्रिका | १ | सचेतक |

| | | | |
|---|---|---|---|
| ३.३ | अनुगमन प्रतिवेदन | ४ | शान्तिसम्झौताको अवधिमा मानवअधिकार अवस्था र संविधानसभा निर्वाचन अनुगमन |
| ३.४ | क्षेत्रीय कार्यालयको प्रकाशन | ४ | वार्षिक प्रतिवेदन |
| ३.५ | पुस्तिका | २ | प्रश्नउत्तर संगालो र विस्तृत शान्तिसम्झौता |
| ३.६ | अन्य प्रतिवेदन | ९ | सिफारिस कार्यान्वयन, मानववेचविखन सम्वन्धी, |
| ३.७ | ब्रोसर | ४ | आयोगको चिनारी, संविधानसभासँग सम्बन्धित |
| ३.८ | क्यालेण्डर | १ | २०६५ सालको क्यालेण्डर |
| ३.९ | प्रेसविज्ञप्ति | | |
| ४ | **अप्रकाशित प्रतिवेदन** | अनुगमन,अनुसन्धान निरीक्षणसम्वन्धी विभिन्न प्रतिवेदनहरू | |
| ५ | **अनुसन्धान** | बालअधिकार,सम्वन्धी सिफारिसको कार्यान्वयनको अवस्था मानव बेचविखन नियन्त्रणको अवस्था सम्बन्धमा र विभिनन कानुनको पुनरावलोकन सम्बन्धमा | |
| ६ | **योजना तथा नीति निमार्ण** | | |
| ६.१ | रणनीतिक योजना तयार गरी प्रकाशित गरिएको | | |
| ६.२ | आयोगको पुन:संरचनागत कार्यको थालनी गरिएको | | |
| ७ | **विधि विषय परामर्शसम्वन्धी** | | |
| ७.१ | नेपाल सरकारलाई रायसुझाव | | ३ |
| ७.२ | कानुनको पुनरावलोकन | | ९ |
| ७.३ | आयोगको प्रतिरक्षा | | ५ |
| ८ | **पुस्तकालयमा पुस्तक थप** | मानवअधिकार, कानुन र अन्य विषयका २५० थान पुस्तक तथा प्रतिवेदन थप गरिएको | |
| ९ | **कार्यरत जनशक्ति** | | |
| ९.१ | मा.अध्यक्ष सदस्यहरु | | ५ |
| ९.२ | अधिकृतहरू | | ६२ |
| ९.३ | सहायक कर्मचारीहरू | | २८ |
| ९.४ | सहयोगी कर्मचारीहरू | | २० |
| ९.५ | परियोजनामा कार्यरतकर्मचारीहरू | | १७ |

# सारांश

मानवअधिकारको क्षेत्रमा कार्य गर्ने प्रभावकारी राष्ट्रिय संस्थाको आवश्यकतालाई महशुस गरी २०५७ साल जेठ १३ गते राष्ट्रिय मानवअधिकार आयोग स्थापना भएको हो । नेपालको अन्तरिम संविधान, २०६३ ले यसलाई संवैधानिक हैसियत प्रदान गरी मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्ने जिम्मेवारी दिएको छ । संविधानको धारा १३३ अनुसार आयोगले आफूले गरेको कामको वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नुपर्ने व्यवस्था छ । यसैको परिधिभित्र रही आयोगले २०६४–२०६५ मा गरेका क्रियाकलापहरुलाई समेटी यो वार्षिक प्रतिवेदन तयार गरिएको छ । संवैधानिक अङ्गको हैसियतमा आयोगको यो पहिलो वार्षिक प्रतिवेदन हो । यस प्रतिवेदनले उपरोक्त समयावधिभित्रको मानवअधिकारको स्थिति र चुनौतीलाई प्रतिबिम्बित गर्नेछ ।

मानवअधिकारका विषयवस्तुको सेरोफेरोमा केन्द्रित यस प्रतिवेदनमा विविध कोणबाट मानवअधिकारको स्थितिलाई झल्काउन खोजिएको छ । यसभित्र मानव अधिकार उल्लङ्घनका समग्र घटनाहरू नसमेटिएको हुन सक्छ, जुन चाहेर पनि सम्भव थिएन तर पनि यसले मानवअधिकारको समग्र अवस्थाको चित्रण भने गर्दछ । प्रस्तुत प्रतिवेदन ६ परिच्छेद र १३ अनुसूचीमा विभक्त छ ।

यो वर्ष मानवअधिकारको अवस्था उपलब्धिमूलक एवम् चुनौतीपूर्ण दुबै रह्यो । उपलब्धिलाई हेर्ने हो भने २०६४ चैत २८ गते सम्पन्न बहुप्रतिक्षित संविधानसभाको निर्वाचनलाई महत्वपूर्ण मान्न सकिन्छ । सो निर्वाचनमार्फत संविधानसभामा महिला, विभिन्न जाति जनजाति, धर्म, वर्ग, समुदाय आदिको उपस्थितिले समावेशी सिद्धान्तलाई ठूलो हदसम्म अवलम्बन गरेको छ । जुन मानवअधिकारमैत्री संविधान निर्माणको लागि पहिलो एवम् महत्वपूर्ण कदम हो ।

सूचनाको हकसम्बन्धी ऐन २०६४, मानव-बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन, २०६४, बैदेशिक रोजगार ऐन, २०६४, मुलुकी ऐनमा अपहरण गर्ने तथा शरीर बन्धक लिनेको महल थपी निर्माण गरिएको अपहरणविरुद्धको कानुन आदि मानवअधिकार कानूनको क्षेत्रमा महत्वपूर्ण उपलब्धि हुन् । त्यसै गरी आदिवासी

जनजातिको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम-सङ्गठनको अभिसन्धि नं. १६९ को अनुमोदनलाई अर्को सकारात्मक कदमको रूपमा लिन सकिन्छ।

लैङ्गिक अल्पसङ्ख्यकहरूको हकअधिकारको सवालमा सम्मानित सर्वोच्च अदालतबाट भएको निर्णयले पनि मानवअधिकारको क्षेत्रमा विशेष महत्व राख्दछ। विभिन्न दल, वर्ग, समुदायहरूबाट आफ्नो अधिकार संरक्षण एवम् प्राप्तिको लागि भएका शान्तिपूर्ण आन्दोलन र वार्ताको माध्यमबाट समस्या समाधानका लागि भएका सम्झौताहरूले पनि विशेष अर्थ राख्दछन्। दीगो शान्तिस्थापनाको लागि नेपाल सरकार र नेकपा (माओवादी)-बीच भएका सम्झौताहरू र सो बमोजिम भएका क्रियाकलाप मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनको क्षेत्रमा उत्तिकै अर्थपूर्ण छन्।

आयोगको यो कार्यकाल राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध एवम् समन्वयको दृष्टिकोणबाट समेत उपलब्धिमूलक रह्यो। राजनीतिक दल, नागरिक समाज, मानवअधिकारको क्षेत्रमा कार्यरत सङ्घसंस्थाहरूबीच सुमधुर सम्बन्ध स्थापित हुनुको साथै आपसी कार्यमा समन्वय कायम हुन पुगेको छ। आयोगद्वारा आयोजित कार्यक्रमहरूमा भएको उपस्थिति, सो अवसरमा आयोगले प्राप्त गरेको विभिन्न सल्लाह-सुझाव तथा मानवअधिकारको संरक्षण एवम् प्रबर्द्धनात्मक कार्यमा भएको सहकार्यले पनि यसलाई पुष्टि गर्दछ।

अन्तर्राष्ट्रिय समुदाय र आयोगबीचको सम्बन्धमा सुधार आउनुका साथै सहयोग आदानप्रदानका विभिन्न कार्यहरू यस वर्ष पनि जारी नै रहे। यस अवधिमा एसिया प्रशान्त मञ्चको वार्षिक बैठक र मानवअधिकारसम्बन्धी राष्ट्रिय संस्थाहरूको अन्तर्राष्ट्रिय समन्वय समितिमा आयोगको प्रतिनिधित्व भएको छ। त्यसै गरी आयोगका पदाधिकारी एवम् कर्मचारीहरूबाट दक्षिण अफ्रिका, श्रीलङ्का, भारत, स्वीजरल्याड, अमेरिका, बाङ्गलादेश, फिनल्याण्ड लगायतका मुलुकको भ्रमण गरी मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्थाका प्रतिनिधिहरूसँग छलफल, तालिम तथा अन्तर्क्रियामा सहभागिता रह्यो। विभिन्न अन्तर्राष्ट्रिय निकायका प्रतिनिधिहरूले आयोगका पदाधिकारी र कर्मचारीहरूसँग भेटघाट गरी मानव अधिकारको अवस्था र आपसी सहयोगको सम्बन्धमा छलफल गरेका थिए।

नेपालको अन्तरिम संविधान २०६३, मानवअधिकार ऐन २०५३ को अतिरिक्त विस्तृत शान्तिसम्झौता २०६३ समेतले आयोगलाई मानवअधिकारको अनुगमन गर्ने जिम्मेवारी दिएको छ । सोहीअनुरूप आयोगले नियमित रूपमा मानवअधिकार अवस्थाको अनुगमन गर्दै आइरहेको छ । यस वर्ष पनि विभिन्न घटनाहरुको सम्बन्धमा गरिएको अनुगमनबाट प्राप्त तथ्यप्रमाणको आधारमा नेपाल सरकार र नेकपा (माओवादी)लाई शान्तिसम्झौता लगायत मानवअधिकारका मुद्दामा सम्वेदनशील हुन अनुरोध गरिएको थियो ।

मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन, परिपूर्ति र परिपालनको क्षेत्रमा सकारात्मक कार्यहरू भए पनि समग्रतामा मानवअधिकारको अवस्था सन्तोषजनक पाइएन । यस अवधिमा विभिन्न हिंसात्मक गतिविधिहरूको कारण ज्यान गुमाउनेहरूको सङ्ख्या पनि ठूलै रहेको देखिन्छ । सुरक्षाकर्मीबाट (प्रहरी) ३१, नेकपा (माओवादी)-बाट ६, जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह)बाट ३५, अखिल तराई मुक्तिमोर्चाबाट १४, जनतान्त्रिक तराई मुक्तिमोर्चा (राजन समूह) बाट २, मधेशी मुक्ति टाइगर्स बाट ६, भाइरस किलरबाट २, मधेशी मुक्तिमोर्चाबाट १, तराई मुक्तिमोर्चाबाट १ जनाको हत्या हुन पुगेको थियो । बम-विष्फोटनबाट २७, कपिलवस्तु घटनामा १४, अज्ञात समूहबाट ७३ र अन्यबाट १४ जनाले ज्यान गुमाउनुपरेको थियो । समग्रमा यसअवधिमा जम्मा २१६ जनाले ज्यान गुमाउनु परेको देखिन्छ । गत वर्षको तुलनामा यस वर्ष ७८ जना बढी व्यक्तिहरू मारिएको कुरा तथ्यले देखाएको छ । तराईमा भएको सशस्त्र आन्दोलन र शान्तिसुरक्षाको नाजुक अवस्थाको कारण व्यक्ति हत्याका घटनाहरू बढ्न गएको पाइन्छ ।

यस अवधिमा शान्तिसुरक्षाको स्थिति ज्यादै दयनीय रह्यो । तराईका सशस्त्र समूहको गतिविधि, तराई लगायतका विभिन्न क्षेत्रमा भएका बन्द, हडताल एवम् हिंसात्मक कार्य शान्तिसुरक्षाको लागि चुनौतीपूर्ण सावित हुन पुग्यो । नेकपा (माओवादी)-को भातृसङ्गठन (वाइसीएल)-का गैरकानुनी कियाकलापहरू पनि शान्तिसुरक्षा कायम गर्ने कार्यमा अवरोध सावित हुन पुगे । शान्तिप्रकियामा अवरोध पुग्न सक्छ भन्ने सोचको कारण कानुन हातमा लिनेले उन्मुक्ति पाए । फलतः दण्डहीनताले थप प्रश्रय पायो । सङ्क्रमणकालीन परिवेशमा फाइदा लिन चाहने पक्षबाट समेत मुलुकको शान्तिसुरक्षा

प्रभावित बन्न पुग्यो । बन्द, हड्ताल, अपहरण, हत्याहिंसा स्ता गतिविधिहरूमा खासै कमी आउन सकेन ।

संविधानसभा निर्वाचनपूर्व र निर्वाचनको दिनमा समेत मानवअधिकारको मूल्यमान्यताविरुद्ध हत्या एवम् हिंसात्मक गतिविधिहरू हुन पुगे । निर्वाचनको सन्दर्भमा सर्लाही, बाँके र सुर्खेतमा गरी ३ उमेदवारको हत्या भएको थियो । निर्वाचनपूर्व उमेदवार एवम् राजनीतिक दलहरूले शान्तिपूर्वक भेला हुन, विचार अभिव्यक्त गर्न, स्वतन्त्रतापूर्वक आवतजावत गर्न, राजनीतिक दलहरूले स्वतन्त्र रूपमा आफ्ना गतिविधिहरू गर्न, मतदाताहरू निर्वाचनमा सहभागी भइ मताधिकारको प्रयोग गर्नबाट केही हदसम्म वञ्चित गरिएको अवस्था थियो । निर्वाचनको पूर्वसन्ध्यामा देशका प्रमुख राजनीतिक दलहरूबीच निषेधको राजनीति र हस्तक्षेपका कारण दोलखा, रामेछाप, धादिङ, नुवाकोट, धनकुटा, सुनसरी, रौतहट लगायतका जिल्लाहरूमा अशान्ति र असुरक्षाको स्थिति सिर्जना भएको थियो । जसबाट भयरहित वातावरणमा मतदान गर्न पाउने नागरिकका अधिकारमा नकारात्मक प्रभाव परेको थियो । विशेषतः तराईका सशस्त्र समूहले गरेको निर्वाचन वहिष्कार, नेकपा (माओवादी)-बाट अन्य दलका सभासम्मेलनमाथि भएको हस्तक्षेप, नेता तथा कार्यकतामाथिको कुटपीट आदिको कारण राजनीतिक प्रकृतिका यी अधिकारहरू प्रभावित हुन पुगेको देखिन्छ । अन्य दलहरूबाट पनि यस किसिमका गतिविधिहरू भएका थिए, तथापि मात्रात्मक रूपमा नेकपा (माओवादी) केही अगाडि देखिन्छ । निर्वाचन भन्दा अगाडिका दिनहरूमा ज्यादै डरत्रास र धम्की कुटपिटका घटनाहरू भएतापनि निर्वाचनको दिन सामान्यत शान्तिपूर्ण रहेको थियो भने केही स्थानमा पुन मतदान गराउनुपरेको अवस्था आएको थियो ।

विस्तृत शान्तिसम्झौमा बेपत्ता तथा अपहरणपछि स्थिति अज्ञात पारिएकाहरूको स्थिति ६० दिनभित्र सार्वजनिक गरिने भनी गरिएको लिखित प्रतिबद्धता यस पटक पनि कार्यान्वयन भएन । बेपत्तासम्बन्धमा सर्वोच्च अदालतले दिएको आदेश पनि कार्यान्वयनमा आउन सकेन । आयोगको तथ्याङ्कले राज्यबाट ६७१ जना बेपत्ता र नेकपा (माओवादी)-को तर्फबाट २९९ जनाको स्थिति अज्ञात रहेको देखाए पनि ती व्यक्तिहरू सार्वजनिक हुन सकेनन् । बेपत्ता र अपहरणका घटनामा कमी आए पनि सशस्त्र द्वन्द्वकालमा भएका घटनाहरूसम्बन्धी उजुरी आउने कम यो वर्ष पनि जारी

रह्यो । तराईका सशस्त्र समूहबाट चन्दामाग, सुराकीको आरोप लगायतका कारणबाट अपहरण प्रवृतिले यस पटक पनि निरन्तरता पायो ।

त्यसै गरी द्वन्द्वको अवस्थामा विछ्याइएका, वेवारिसे अवस्थामा छाडिएका विष्फोटनजन्य पदार्थहरूको रेखाङ्कन र भण्डारणको वारेमा ३० दिनभित्र एकअर्कालाई जानकारी गराउने र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न सघाउने भनिए पनि कार्यरूपमा आउन सकेन । बेवारिसे अवस्थामा छाडिएका बम-विष्फोटनमा परी २७ जनाले ज्यान गुमाउनु परेको र कयौं व्यक्तिहरु घाइते हुन पुगेको आयोगको तथ्याङ्कबाट देखिन्छ । सुरक्षानिकायको तर्फबाट राखिएका बारुदी सुरुङहरू निश्क्रिय तुल्याउने सन्दर्भमा खासै काम हुन सकेको पाइदैन ।

आन्तरिक रूपमा विस्थापितहरूलाई घर फर्काउन तथा नेकपा (माओवादी)-बाट कब्जामा लिइएको निजी तथा सार्वजनिक सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा भएका सहमतिले पनि पूर्णतः कार्यरूप लिन सकेनन् । सम्पत्ति कब्जा र विस्थापित सम्बन्धमा बाँके, बर्दिया, कैलाली कञ्चनपुर, दाङ, झापा, इलाम लगायतका जिल्लाबाट आयोगमा उजुरी पर्ने कम निरन्तर नै रह्यो । द्वन्द्वबाट पीडित र विस्थापित व्यक्तिहरूको लागि राहत तथा पुनःस्थापनाको व्यवस्था गर्ने प्रयोजनका लागि गठन गर्ने भनिएको राष्ट्रिय शान्ति तथा पुनः स्थापना आयोग पनि विविध कारणवशः यस वर्ष पनि गठन हुन सकेन । यस बाहेक सुकुम्वासी तथा भूमिहीन किसान तथा गरीव मजदुरहरूले देशका विभिन्न भागहरूमा सङ्घर्षको माध्यामबाट आवाज उठाए पनि सरकारबाट त्यसको सही सम्बोधन हुन सकेन ।

सशस्त्र द्वन्द्वका कममा मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घनमा संलग्न भएकाहरूको सम्बन्धमा आपसी सहमतिबाट उच्चस्तरीय सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने सहमति पनि कार्यान्वयन हुन सकेन । त्यस्तै राज्यले नागरिकका आर्थिक तथा सामाजिक अधिकारको क्षेत्रमा पनि पर्याप्त ध्यान दिन सकेको देखिएन । महिला तथा बालबालिकाका अधिकारहरू पनि सुरक्षित रहन सकेनन । जातीय भेदभाव तथा महिलाविरुद्धका हिंसाका घटनाहरूले निरन्तरता पाएको अवस्था छ । यसबाट शान्तिसम्झौतामा उल्लिखित मानवअधिकारसम्बन्धी

प्रावधानहरूको सम्मान र संरक्षणमा सम्झौताका पक्षधरहरू पूर्णतः प्रतिबद्ध हुन नसकेको देखिन्छ ।

मानवअधिकारको यस विषम अवस्थामा पनि आयोगले मानवअधिकारको संरक्षण सम्वर्द्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनका लागि आफ्ना गतिविधिहरूलाई निरन्तरता दिएको थियो । जसअन्तर्गत मानवअधिकार हनन भएको भनी प्राप्त उजुरी ग्रहर्णे, अनुगमन, अनुसन्धान, प्राप्त तथ्यप्रमाणको आधारमा नेपाल सरकारलाई आवश्यक सिफारिस र अन्य सरोकारवालाहरूलाई पनि मानवअधिकारको सम्मान र परिपालनाको लागि आग्रह गर्दै आइरहेको छ । त्यसै गरी मानवअधिकारको सम्वर्द्धनको लागि विभिन्न गोष्ठी छलफल अन्तक्रिया तथा तालिमजस्ता कार्यक्रम सञ्चालन गर्दै आइरहेको छ । मानवअधिकारसम्बन्धी विविध विषयवस्तुलाई समेटी प्रचारात्मक सामाग्री तथा प्रतिवेदनहरू प्रकाशन गर्दै आएको छ । आयोगले यस अवधिमा ११ किसिमका प्रचारात्मक सामाग्री र आयोगको वार्षिक प्रतिवेदन लगायत अन्य विभिन्न विषयहरूमा १४ ओटा प्रतिवेदन र आयोगको तीनवर्षीय रणनीतिक योजनासमेत प्रकाशन गरी सार्वजनिक गरी वितरण गरिसकेको छ । मानवअधिकारपत्र तीन र सचेतक एक अङ्क समेत यस अवधिमै प्रकाशित हुन पुगेकोछ । यसअलवा मानवअधिकारसम्वन्धी ऐन तयारीको लागि सुझाव उपलब्ध गराउनुको साथै विभिन्न कानुनहरूको पुनरावलोकनको लागि आयोगले अध्ययन गर्दै आइरहेको छ ।

आयोगलाई प्राप्त भएको संवैधानिक दायित्व तथा देशको वर्तमान सङ्क्रमणकालीन अवस्थाको सन्दर्भमा मानवअधिकारको सवाललाई मध्यनजर गर्दै आयोगले आफ्नो संस्थागत विकासलाई पनि प्राथमिकता दिई तीन वर्षीय अन्तरिम रणनीतिक योजना, २००८–१० तर्जुमा गरेको छ । सातओटा रणनीतिक उद्देश्यहरू राखेर तर्जुमा गरिएको योजना हाल कार्यान्वयनको अवस्थामा रहेको छ । यस अवधिमै आयोगको संरचना सुधारसम्वन्धी कार्यको पनि थालनी भएको छ ।

यस वर्ष मानवअधिकार हनन भएको भनी आयोगमा ११३७ उजुरी पर्न आएका थिए । जुन सङ्ख्या विगत वर्षको तुलनामा कम देखिन्छ । गत वर्ष मानवअधिकार हनन भएको भनी १९४८ उजुरी पर्न आएका थिए । यसमा द्वन्द्वकालमा भएका घटनाहरूसम्बन्धी उजुरी गर्ने कम कमशः घटदै जानु, द्वन्द्वकालमा भन्दा

शान्तिअवस्थामा मानवअधिकारको स्थिति सुधारोन्मुख हुनु, संविधानसभा निर्वाचन सफलतापूर्वक सम्पन्न हुन पुग्नु लगायतका कारणलाई यसको कारक तत्वको रूपमा लिन सकिन्छ । आयोगमा पर्न आएका उजुरीहरूमा विशेषतः सुरक्षाकर्मी, नेकपा (माओवादी), तराईका सशस्त्रधारी समूह एवम अन्य पक्षबाट हत्या, राज्यबाट बेपत्ता, नेकपा (माओवादी)-बाट अपहरणपश्चात् स्थिति अज्ञातसम्बन्धी रहेका छन् । त्यसै गरी नेकपा (माओवादी), तराईका सशस्त्रधारी समूहबाट विस्थापित, सम्पत्ति कब्जा, सुरक्षाकर्मीबाट यातना, नेकपा (माओवादी)-बाट कुटपीट, धम्की तथा अमानवीय व्यवहार, शान्तिसुरक्षा, महिला, बालअधिकार लगायतका विषयमा उजुरीहरू केन्द्रित छन् । सुरक्षकर्मीबाट बेपत्ता पारिएका भनी प्राप्त उजुरीहरू सशस्त्र द्वन्द्वकालीन घटनासँग सम्बन्धित रहेका छन् ।

प्राप्त उजुरीहरूको आधारमा आयोगले मानवअधिकार अवस्थाको अनुगमन तथा अनुसन्धानलाई जारी राखेको अवस्था छ । सशस्त्र द्वन्द्वको क्रममा भैरवनाथ गण महाराजगञ्जबाट २०६० सालमा विभिन्न मितिमा पकाउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूलाई शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रको ठूलीगैरी खोलामा लगी जलाइएको/गाडिएको भनिएको सम्बन्धमा अनुसन्धान गर्नुका साथै बेपत्ता पारिएका तथा अपहरण गरी अवस्था अज्ञात पारिएको भनिएका उजुरीको सम्बन्धमा नेपाल प्रहरीसमेतको सहयोगमा लाशउत्खननसमेत गरिएको थियो । यस अवधिमा आयोगको केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयबाट मानवअधिकार हननका विषयमा ३९४ पटक अनुगमन गरिएको थियो । अनुगमन गरिएका विषयहरूमा समग्र मानवअधिकार अवस्था, विभिन्न पार्टी, सङ्घसंस्था तथा समूहहरूबाट पटकपटक गरिएको विरोध प्रदर्शन तथा बन्दको अवधिमा मानवअधिकार हनन एवम् उल्लङ्घन, द्वन्द्वबाट विस्थापित भएकाहरूको मुद्दा, विस्थापितहरूको सम्बन्धमा, मुक्त कमैयाहरूको स्थिति, कारागार तथा हिरासतमा रहेका बन्दीहरूको अवस्थाको, बालअधिकार तथा महिलाअधिकारको अवस्था सम्बन्धमा र संविधानसभा निर्वाचनमा मानवअधिकारको स्थिति लगायतका विषयमा अनुगमन गरिएको थियो । यस अवधिमा ७२८ उजुरीको सम्बन्धमा अनुसन्धान गरिएको थियो । अनुसन्धान गरिएका उजुरीहरूमा सुरक्षाकर्मीद्वारा प्रकाउ गरी हत्या, दोहोरो भिडन्तको नाममा भएका हत्या,

नेकपा (माओवादी)-बाट गरिएका हत्या, बेवारिसे बम-विष्फोटनमा परी मृत्यु तथा घाइते भएका भनिएका घटनाहरू रहेका छन् ।

राज्यद्वारा बेपत्ता पारिएका तथा नेकपा (माओवादी), जनतान्त्रिक तराई मुक्ति मोर्चा (ज्यालासिंह), अखिल तराई मुक्तिमोर्चा लगायतबाट अपहरण गरिएका भनिएका विषयहरूको सम्बन्धमा पनि अनुसन्धान गरिएको छ । त्यसै गरी विस्थापित, आर्थिक सामाजिक अधिकार, धम्की, सम्पत्ति कब्जा, यातना तथा कुटपीट र बन्दीका अधिकार हनन लगायतका मानवअधिकार हनन, ज्यादति मानवीय कानुनको उल्लङ्घनसँग सम्बन्धित विषयहरूमाथि पनि अनुसन्धान गरिएको छ ।

यस अवधिमा आयोगले ७३ उजुरीबाट ११० व्यक्तिको सम्बन्धमा सिफारिस गरेको छ भने ४०४ उजुरीबाट ४०७ व्यक्ति संलग्न रहेको उजुरीमध्ये २१ खारेजी, ७ तामेली र ३७९ टुङ्ग्याइएको छ । गत वर्ष आयोगमा पदाधिकारी नभएको हुँदा उजुरी फछ्र्यौट हुन सकेको थिएन । अनुसन्धान र अनुगमनबाट प्राप्त तथ्यको आधारमा विश्लेषण गरी सरकार एवम् सम्बन्धित निकायलाई आयोगले सिफारिस एवम् आग्रह गरेको थियो । सिफारिसहरू विशेषतः शान्तिसुरक्षाको स्थितिमा सुधार, खाद्यसुरक्षालाई सुनिश्चितता, मानवअधिकार उल्लङ्घन एवम् ज्यादतिका घटनामा संलग्न दोषीमाथि कारवाही तथा पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउनुपर्ने लगायत समसामयिक विषयमा केन्द्रित रहेका थिए ।

कारागार सुधारसुझावसम्बन्धी आयोगले गरेको सिफारिसको कार्यान्वयनको सम्बन्धमा कैदी बन्दीहरूले देशका विभिन्न बन्दीगृहहरूमा आन्दोलन गरेका थिए । यस सम्बन्धमा आयोगले काठमाडौं, वीरगञ्ज, नेपालगञ्ज, धनगढी, विराटनगर, जनकपुर लगायतका विभिन्न कारागारहरूमा भएका घटनाहरूको अनुगमन गरेको थियो । अनुगमनपछि बन्दी कैदीहरुको हकहित संरक्षण गर्न न्यूनत्तम मापदण्ड बनाइ लागू गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

त्यसै गरी आयोगले अत्यावश्यक वस्तुको आपूर्तिमा देखिएका कमीकमजोरीहरू, शान्तिसुरक्षाको स्थिति तथा समग्र मानवअधिकारको अवस्था सम्बन्धमा गृहमन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल आयल निगमका उच्चपदस्थ अधिकारीलाई २०६४ फागुन १४ गते आयोगको बोलाइ

छलफल गरेको थियो । छलफलपछि जिम्मेवार निकायलाई प्रभावकारी आपूर्ति व्यवस्था मिलाउन, शान्तिसुरक्षा कायम राख्न र आवश्यकताअनुसार अत्यावश्यकीय कानुनी लगायत अन्य उपाय अवलम्बन गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो ।

आयोगका पदाधिकारीहरूले २०६४ कार्तिक १८ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग भेट गरी देशको मानवअधिकार अवस्थाको बारेमा जानकारी गराएको थियो । त्यस अवसरमा आयोगलाई पेरिस सिद्धान्तअनुरूप स्वतन्त्र, निश्पक्ष र स्वायत्त संस्थाको रूपमा रहेको आयोगको काममा सहयोग पुऱ्याउन आग्रह समेत गरेको थियो । प्रधानमन्त्रीले आयोगलाई स्वतन्त्र, सक्षम र निश्पक्ष संस्थाको रूपमा काम गर्न सहयोग पुऱ्याउने प्रतिबद्धता जनाउनुभएको थियो ।

प्राप्त तथ्यहरूमा केन्द्रित रही मानवअधिकार अवस्थाबारेमा आमनागरिक एवम् सम्बन्धित पक्षलाई जानकारी गराउनुको साथै मानवअधिकारको सवालमा आवश्यकता, विषयवस्तुको गाम्भीर्यता आदिको आधारमा प्रेस-विज्ञप्तिमार्फत सम्बद्ध पक्षको ध्यानाकर्षण गराएको थियो ।

आयोगले अनुगमन एवम् अनुसन्धानको अलावा मानवअधिकार संस्कृति विकासको निम्ति विभिन्न प्रवर्द्धनात्मक कार्यलाई समेत अगाडि बढाएको थियो । मानवअधिकार र मानवीय कानुनका विविध पक्ष एवम् विषयवस्तुमा केन्द्रित रही सुरक्षाकर्मी, विभिन्न सरकारी निकायका प्रतिनिधि, गैरसरकारी संस्थाका प्रतिनिधि, सञ्चारकर्मी, मानवअधिकारकर्मी, शिक्षक, विद्यार्थी लगायत सराकारवालाहरूबीच तालिम, गोष्ठी, कार्यशाला एवम् छलफल चलाइएको थियो । त्यसै गरी सरोकारवालाहरूबाट आयोजित कार्यक्रममा स्रोत-व्यक्तिको रूपमा उपस्थित भइ प्रबर्द्धनात्मक कार्यलाई अगाडि बढाइएको थियो ।

आयोगको वित्तीय अवस्थाको सम्बन्धमा चर्चा गर्दा नेपाल सरकारबाट आयोगलाई आर्थिक वर्ष ०६४/०६५ को लागि रु.३ १२,२९,६८०।– (तीन करोड बाह्रलाख उनन्तीस हजार छ सय असीमात्र) (नेपाल सरकारबाट पटकपटक थप बजेट समेत) विनियोजन भएको थियो । जसमध्ये कूल २७,४३५,०८७। ४९ रुपैया खर्च भएको थियो । त्यसै गरी दातृनिकायबाट ९६,७९, ५१८।८६ रुपैया प्राप्त भएको थियो ।

सहयोग उपलब्ध गराउने दातृ निकायहरूमा आयोगको लागि क्षमता विकास परियोजना, सेभ द चिल्ड्रेन नर्वे, संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यालय रहेका छन् ।

आयोगका अगाडि बेपत्ता तथा अपहरण गरी अवस्था अज्ञात बनाइएका व्यक्तिहरूको स्थिति सार्वजनिक हुन नसक्नु, विस्थापितहरू आफ्नो थातथलोमा फर्कन नसक्नु, नेकपा (माओवादी) लगायतबाट कब्जामा लिइएका व्यक्तिहरूको सम्पत्ति फिर्ता नगरिनु, नेपाल सरकारद्वारा आयोगका सिफारिसहरूको पूर्ण रूपमा कार्यान्वयन नगरिनुजस्ता चुनौतीहरू रहेका छन् । देशमा दण्डहीनताले प्रश्रय पाइरहेको यस्तो अवस्थामा दण्डहीनताको अन्त गरी कानुनी राजको स्थापना गर्नु र मानवअधिकार संस्कृतिको विकासमा टेवा पुऱ्याउनु नेपाल सरकार, जिम्मेवार राजनीतिक दल लगायत विभिन्न सङ्घसंस्था तथा नागरिक समाज सबैको साझा दायित्व हो । यसमा सबैले आआफ्नो क्षेत्रबाट सहयोग गरी कानुनको शासन, जनताको मानवअधिकार र सार्वभौमिकतालाई दीगो बनाउनु पर्छ ।

देशमा दण्डहीनताले प्रश्रय पाइरहेको यस्तो अवस्थामा दण्डहीनताको अन्त गरी कानुनी राजको स्थापना गर्नु र मानवअधिकार संस्कृतिको विकासमा टेवा पुऱ्याउनु नेपाल सरकार, जिम्मेवार राजनीतिक दल लगायत विभिन्न सङ्घसंस्था तथा नागरिक समाज सबैको साझा दायित्व हो । यसमा सबैले आआफ्नो क्षेत्रबाट सहयोग र समन्वयको साथ अगाडि बढ्नु आजको आवश्क्ता हो ।

# परिच्छेद–१

## प्रारम्भिक

### १.१ पृष्ठभूमि

राष्ट्रिय मानवअधिकार आयोगको स्थापना २०५७ साल जेठ १३ गते मानवअधिकार आयोग ऐन २०५३ अन्तर्गत भएको हो । नेपालको अन्तरिम संविधान २०६३ अन्तर्गत हाल यसलाई संवैधानिक अङ्गको रूपमा स्थापित गरिएको छ । अन्तरिम संविधानको भाग १६ मा राष्ट्रिय मानवअधिकार आयोगसम्बन्धी व्यवस्था रहेको छ । संविधानको धारा १३१ मा आयोगका पदाधिकारीहरूको नियुक्ति, योग्यता एवम् पदावधिको बारेमा व्यवस्था गरिएको छ । यस्तै धारा १३२ मा आयोगको काम, कर्तव्य र अधिकारको विषयमा उल्लेख गरिएको छ ।

संविधानको धारा १३२ बमोजिम मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्द्धन तथा प्रभावकारी कार्यान्वयनलाई सुनिश्चित गर्नु आयोगको प्रमुख कर्तव्य हो । मानवअधिकार संरक्षणको लागि आयोगले मानवअधिकार हनन भएका भनी परेका उजुरी लिने, छानबिन गर्ने, अनुसन्धानबाट दोषी देखिएकालाई कारबाहीको लागि सिफारिस गर्ने, पीडितलाई क्षतिपूर्ति दिन सिफारिस लगायतका काम गर्दछ । यसअलावा आयोगले मानवअधिकार अवस्थाको अनुगमन गरी सुधार गर्नुपर्ने सवालमा सरकारलाई सिफारिस एवम् सम्बन्धित पक्षलाई आग्रह गर्दछ । अन्तरिम संविधान २०६३ ले मानवअधिकार उल्लङ्घनकर्तालाई विभागीय कारबाहीदेखि अदालतमा मुद्दा चलाइ ठहरेबमोजिमको कारबाही गर्न सिफारिस गर्ने अधिकार राष्ट्रिय मानवअधिकार आयोगलाई प्रदान गरेको छ ।

मानवअधिकारको सम्बर्द्धन र विकासकालागि आयोगले मानवअधिकारको ज्ञान, सीप र सचेतना अभिवृद्धि गर्ने काम गर्दछ । यस्तै आयोगले मानवअधिकारसँग सम्बन्धित प्रचलित कानुनको आवधिक रूपमा पुनरावलोकन गर्ने तथा त्यसमा सुधार तथा संशोधन गर्न सरकारसमक्ष सिफारिस गर्दछ । मानवअधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय सन्धि वा सम्झौताको नेपालपक्ष बन्नुपर्ने भएमा त्यसको कारणसहित

नेपाल सरकारलाई सिफारिस गर्ने र नेपाल पक्ष बनिसकेका सन्धि वा सम्झौताको कार्यान्वयन भए वा नभएको अनुगमन गर्नु आयोगको अर्को प्रमुख काम हो ।

अन्तरिम संविधानको धारा १३३ मा आयोगले वार्षिक प्रतिवेदन राष्ट्रपतिसमक्ष पेश गर्नु पर्नेछ ।[१] राष्ट्रपतिले प्रधानमन्त्रीमार्फत त्यस्तो प्रतिवेदन व्यवस्थापिका-संसद्समक्ष पेश गर्ने व्यवस्था छ । वार्षिक प्रतिवेदनमा अन्य कुराको अतिरिक्त आयोगमा वर्षभरि परेका उजुरी, उजुरीउपर गरिएको छानबिन र अनुसन्धानको विवरण, नेपाल सरकारलाई गरिएका सिफारिसको विवरण, मानवअधिकार उल्लङ्घन गर्ने व्यक्तिविरुद्ध दायर गरेको मुद्दाको सङ्ख्या, मानवअधिकारको संरक्षण र सम्बर्द्धनको सम्बन्धमा भविष्यमा गर्नुपर्ने सुधारसम्बन्धी विवरणहरू समावेश गर्नुपर्ने संवैधानिक प्रावधान छ । यी कुराहरूको अतिरिक्त आयोगद्वारा नेपालका प्रचलित कानुन अन्तर्राष्ट्रिय मानवअधिकारको मापदण्डअनुकुल रहे-नरहेको अध्ययन र नेपालपक्ष रहेका मानवअधिकार विषयका सन्धिसम्झौतालाई राष्ट्रिय तहमा अपनाइने काम भए-नभएको समेत अनुगमनबाट देखिएका विषयलाई प्रतिवेदनमा समाहित गर्नुपर्ने हुन्छ ।

आयोगलाई २०६३ माघ १ गते संवैधानिक अस्तित्व प्रदान गरिएपछि करिब १५ महिनासम्म आयोगका अध्यक्ष तथा सदस्यहरूको नियुक्ति भएन । अन्ततः २०६४ भदौ ३१ गते आयोगमा पदाधिकारीहरूको नियुक्ति गरियो । संविधानको भावना र पेरिस सिद्धान्तको मर्मअनुसार पदाधिकारीहरूको नियुक्तिमा विशिष्ट प्रकृतिको स्वतन्त्र प्रक्रिया अपनाइयो । संसदीय सार्वजनिक सुनुवाइ लगायतको प्रक्रिया अवलम्न गरी नियुक्ति गरिएका पदाधिकारीहरूमा सर्वोच्च अदालतका पूर्व प्रधान-न्यायाधीश माननीय केदारनाथ उपाध्याय अध्यक्षमा र माननीय सदस्यहरूमा सर्वोच्च अदालतका पूर्व न्यायाधीश रामनगिना सिंह, मानवअधिकारकर्मी गौरी प्रधान, समाजसेवी डा. लीला पाठक र पूर्व-प्राध्यापक डा. के. बी. रोकाया रहनु भएको छ । राष्ट्रिय मानवअधिकार आयोगको यो आठौं वार्षिक प्रतिवेदन हो भने संवैधानिक हैसियतमा आयोगले पेश गर्ने यो पहिलो वार्षिक प्रतिवेदन भएकोले यसमा स्वभावत पछिका प्रतिवेदनहरूमा सुधार्दै जाने प्रशस्त कमीकमजोरी रहन सक्छ ।

[१] अन्तरिम संविधानको चौथो संशोधनद्वारा संशोधित

आयोगले स्थापनाकालदेखि नै आफ्नोक्षमता र पहुँच बिस्तार गरी मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरूलाई सम्बोधन गर्दै आएको छ । जनआन्दोलन २०६३/६४ सन्दर्भमा आयोगले अपेक्षित भूमिका निर्वाह गर्न नसकेको सम्झी राष्ट्रिय मानवअधिकार संस्थाहरूको समन्वय समिति (International Coordination committee of National Human Rights Commission, Geneva)_को मुल्याङ्कनमा आयोगको स्तर तल झार्ने कारबाही भएको थियो । यद्यपि आयोगका पदाधिकारीहरूको राजिनामापछि र वर्तमान आयोगको गठनसँगै आयोगको तहलाई पहिलो दर्जा (A grade) मा नै राख्ने निर्णय गरेको थियो । यसबाट आयोग प्रतिको राष्ट्रिय तथा अन्तराष्ट्रिय तहमा समेत विश्वसनीयता अभिबृद्धि भएको प्रतीत हुन्छ ।

## १.२ उद्देश्य

प्रतिवेदनका मुख्य उद्देश्यहरू निम्नानुसार रहेका छन् :

- आयोगद्वारा सम्पादित कामकारबाहीको सम्बन्धमा नेपाल सरकारलाई अवगत गराउने,
- मानवअधिकारको क्षेत्रमा देखापरेका चुनौतीहरूको सम्बन्धमा नेपाल सरकारको ध्यानाकृष्ट गराउने र
- आयोगबाट सम्पादित कार्यहरूलाई सार्वजनिक गर्ने ।

## १.३ सीमा

प्रस्तुत प्रतिवेदन २०६४ साउन १ गतेदेखि २०६५ असार मसान्तसम्मको समयावधिभित्र आयोगले गरेका कामलाई आधार मानी तयार गरिएको छ । सामान्यतः प्रतिवेदनमा आर्थिक वर्ष २०६४/६५ मा मानवअधिकारको अवस्थाको विश्लेषण प्रस्तुत गरिएको छ ।

# परिच्छेद–२

## विद्यमान अवस्था र सुधारका प्रयासहरू

### २.१ सुधारका प्रयास

द्वन्द्वपछिको मुलुकको मानवअधिकारको एक वर्ष तुलनात्मक रूपमा सकारात्मक दिशामा उन्मुख हुँदै गएको पाइन्छ । नेपाल सरकार र राजनीतिक दलहरूबीच विभिन्न समयमा भएका सम्झौताहरू पालना तथा कार्यान्वयनमा सकारात्मक प्रयास भएका छन् । राजनीतिक नेतृत्वतहमा भएका एकपछि अर्को वार्तामार्फत कानुन, व्यवस्था र मानवअधिकार स्थापनाका लागि भएका प्रयासबाट मुलुक यस अवस्थामा आइपुगेको छ । नेपालको अन्तरिम संविधान २०६३ ले प्रदान गरेको दायित्वका अतिरिक्त नेपाल सरकार र नेकपा (माओवादी)-बीच सम्पन्न विस्तृत शान्तिसम्झौता एवम् २३ बुँदे सम्झौताबाट राष्ट्रिय मानवअधिकार आयोगलाई थप जिम्मेवारी प्राप्त भएको छ ।

यसैबीच राष्ट्रिय मानवअधिकार आयोगले पूर्णता पाएको छ । शान्तिनिमार्ण प्रक्रियामा संविधानसभामार्फत संविधान निर्माणको लागि २०६४ चैत २८ गते बहुप्रतिक्षित संविधानसभा निर्वाचन सम्पन्न भएको छ । सशस्त्र द्वन्द्वलाई व्यवस्थापन गर्न र शान्तिप्रकृयालाई निश्कर्षमा पुऱ्याउन यस निर्वाचनले मार्ग प्रशस्त गरेको छ ।

मानवअधिकारको सम्बर्द्धनमा सहयोगी सूचनाको हकसम्बन्धी ऐन २०६४, महिला आयोग ऐन २०६४ र मानव-बेचबिखन तथा ओसारपसार (नियन्त्रण) ऐन २०६४ यसैबीच जारी भएका छन् । त्यसै गरी आदिवासी जनजातिको अधिकारसँग सम्बन्धित अन्तर्राष्ट्रिय श्रम-सङ्गठनको १६९ नं. अभिसन्धि राज्यबाट अनुमोदन भएको छ । व्यवस्थापिका-संसद्ले मुलुकी ऐन २०२० मा १२ औं संशोधनमार्फत अपहरण गर्ने तथा शरीर बन्धक लिने कार्यविरुद्धको कानुन निर्माण गरी महत्वपूर्ण कार्य गरेको छ । विभिन्न वर्ग र समुदायहरूबाट आफ्नो हकअधिकार संरक्षण एवम् प्राप्तिको लागि भएका शान्तिपूर्ण आन्दोलनस्वरूप वार्ताको माध्यमबाट समाधानका लागि भएका प्रयासहरू पनि महत्वपूर्ण कदमको रूपमा लिइएका छन् ।

लैङ्गिक अलपसङ्ख्यकहरूको अधिकारको संरक्षणमा सर्वोच्च अदालतले यसवर्ष गरेको निर्णयलाई पनि सकारात्मक रूपमा लिइएको छ । त्यसै गरी १० वर्षे सशस्त्र द्वन्द्वबाट दीगो शान्तिस्थापनाको लागि नेपाल सरकार र नेकपा (माओवादी)-बीच भएका सम्झौताहरू र सो अनुकूल भएका कियाकलाप मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनको दिशामा सह्रानीय छन् । संविधानसभा निर्वाचनमार्फत महिला तथा विभिन्न जातजाति, धर्म, वर्ग, समुदायका व्यक्ति तुलनात्मक रूपमा बढी निर्वाचित भएबाट समावेशीको सिद्धान्त अवलम्बनमा ठुलो सहयोग पुगेको छ । यसबाट मानवअधिकारमैत्री संविधान निर्माणमा यथेष्ट सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

## २.२ विद्यमान अवस्था

मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा माथि उल्लिखित सकारात्मक प्रयासहरू भए पनि समग्रतामा मानवअधिकारको अवस्था भने दयनीय बन्न पुगेको छ । नेपाल सरकार र नेकपा (माओवादी)-बीच भएको विस्तृत शान्तिसम्झौतामा समावेश गरिएका मानवअधिकारका प्रावधानहरूको सन्तोषजनक रूपमा कार्यान्वयन भएको पाइदैन । आयोगबाट निरन्तर रूपमा गरिएको अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्यहरूको आंकलन गर्दा राज्य र नेकपा (माओवादी) दुबै पक्ष आफूले गरेका प्रतिबद्धताहरू प्रति अझै इमान्दारीका साथ पालना गर्न सकेका छैनन् ।

विस्तृत शान्तिसम्झौतामा बलपूर्वक बेपत्ता तथा अपहरणपछि स्थिति अज्ञात पारिएकाहरूको स्थिति ६० दिनभित्र सार्वजनिक गरिने भनिए तापनि हालसम्म कार्यान्वयन भएको पाइदैन । त्यसै गरी द्वन्द्वको अवस्थामा विछ्याइएका, बेवारिसे अवस्थामा छाडिएका विष्फोटनजन्य पदार्थहरूको रेखाङ्कन र भण्डारणबारे ३० दिनभित्र एकअर्कालाई जानकारी गराउने र ६० दिनभित्र निष्क्रिय र निर्मूल गर्न सघाउने उल्लेख गरिएको भए तापनि सो अनुरूप कार्य हुन सकेको छैन । बेवारिसे अवस्थामा छाडिएका बम-विष्फोटनमा परी कतिपय व्यक्तिहरू मारिएका छन् भने कतिपय अशक्त र घाइते भएका छन् ।

आन्तरिक रूपमा विस्थापितहरूलाई घर फर्काउन तथा नेकपा (माओवादी)-बाट कब्जामा लिइएको निजी तथा सार्वजनिक सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा भएका सहमतिले पनि पूर्णतः कार्यान्वयन हुन सकेको छैन । यस अवधिमा सम्पत्ति कब्जा र विस्थापित गराइएको सम्बन्धमा बाँके, बर्दिया, कैलाली कञ्चनपुर, दाङ, झापा, इलाम लगायतका जिल्लाबाट आयोगमा उजुरी पर्ने क्रम कायम नै रह्यो । समाजमा शान्तिकायम गराउन तथा द्वन्द्वबाट पीडित र आन्तरिक रूपमा विस्थापित व्यक्तिहरूलाई राहत र पुनःस्थापना गराउन लागि राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग गठन हुन सकेको छैन । सशस्त्र द्वन्द्वका क्रममा मानवअधिकार र मानवीय कानुनको गम्भीर उल्लङ्घनका घटनाहरूको छानबिन गर्न उच्चस्तरीय सत्यनिरुपण तथा मेलमिलाप आयोग गठन गर्ने सहमति पनि कार्यान्वयन भएको छैन । जसको कारण सशस्त्र द्वन्द्वको क्रममा भएका घटनाहरूको सत्यनिरुपणगर्ने, पीडितलाई क्षतिपूर्ति र न्याय दिलाउने, दोषीलाई कानुनको दायरामा ल्याइ दण्ड दिलाउने कार्यलाई व्यवहारमा उतार्न सकिएको छैन । यसबाट विस्तृत शान्तिसम्झौतामा उल्लिखित मानवअधिकारसम्बन्धी प्रावधानहरूको सम्मान र संरक्षणमा सम्झौताका पक्षधरहरू नै कार्यान्वयनको पक्षमा पूर्णतः प्रतिबद्ध हुन नसकेको देखिन्छ ।

यस वर्ष पनि मानवअधिकार उल्लङ्घनका घटनाहरूले निरन्तरता पाएको देखिन्छ । जसमा हत्या, हिंसा, यातना कुटपीट तथा अमानवीय व्यवहार, अपहरण, धम्की, आन्तरिक विस्थापन, बन्द, चक्काजामजस्ता घटनाहरू प्रमुख रूपमा रहेका छन् । सशस्त्र द्वन्द्वपछि पनि मानवअधिकार संस्कृतिको विकास, अरूको अधिकार हननमा आफ्नो अधिकार देख्ने परिपाटी, सोहीबमोजिमका गतिविधिहरू एवम् शान्तिसुरक्षाको अवस्था नाजुक लगायतका कारण मानवअधिकार उल्लङ्घनका घटनाहरूमा बढोत्तरी हुन पुगेको पाइन्छ ।

त्यसै गरी तराईमा भएको सशस्त्र आन्दोलन लगायत देशका विभिन्न भागमा विभिन्न समूहहरूबाट भएका हिंसात्मक प्रकृतिका आन्दोलनको कारण पनि मानवअधिकारको अवस्था बिग्रन पुगेको देखिन्छ । [२] त्यस्तै राज्यले नागरिकका आर्थिक तथा सामाजिक

[२] विस्तृत जानकारीको लागि राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रकाशित विस्तृत शान्तिसम्झौताको एक वर्षः मानवअधिकारको अवस्था, २०६४ र शान्तिसम्झौताको अवधिमा मानवअधिकारको अवस्था, २०६५, हेर्नुहोला ।

अधिकारको क्षेत्रमा पनि पर्याप्त ध्यान दिन नसकेको देखिन्छ । महिला तथा बालबालिकाका अधिकारहरूमाथि प्रहार हुने क्रमको पुनरावृत्ति भएको अवस्था छ । यस अवधिमा देखिएको मानवअधिकार अवस्थालाई विषयगत रूपमा निम्नानुसार प्रस्तुत गरिएको छ ।

## २.२.१ नागरिक तथा राजनीतिक अधिकार

### २.२.१.१. जीवनको अधिकार

यस अवधिमा राज्यपक्ष, नेकपा (माओवादी), तराईमा आन्दोलनरत सशस्त्र समूह, अज्ञात समूह तथा विभिन्न व्यक्तिबाट समेत मानिसको बाँच्न पाउने अधिकारमाथि प्रहार हुन पुगेको छ । सुनसरी, बाँके, सप्तरी, कैलाली, बारा, भक्तपुर र नवलपरासीमा प्रहरी कारबाही तथा आन्दोलन नियन्त्रण गर्ने क्रममा २७ जनाले ज्यान गुमाउन पुगेका छन् । सुरक्षाफौजको गोलीप्रहारबाट दाङ जिल्लाको लमही ७ र सोलुखुम्बुको सिसाखोलामा १ सहित ८ जना नेकपा (माओवादी)-का कार्यकर्ताको मृत्यु हुन पुगेको छ ।

नेकपा (माओवादी)-का कार्यकर्ताद्वारा बाराका पत्रकार बीरेन्द्रकुमार साह, काठमाडौं कोटेश्वर निवासी रामहरि श्रेष्ठ लगायत पाँच जनालाई अपहरणपछि हत्या गरिएको थियो । त्यसै गरी वाइसीएलका कार्यकर्ताद्वारा नियन्त्रणमा लिइ सोधपुछको क्रममा बेहोस भएका सप्तरीका जिल्ला शिक्षा अधिकारी हसरत अली अन्सारीको मृत्यु भएको थियो । तराईमा सशस्त्रधारी समूह राजनीतिक आवरणमा व्यक्तिहत्यामा उत्रिएको पाइन्छ । उनीहरूको निशानामा विशेषतः राजनीतिकर्मी, कर्मचारी, व्यापारी, व्यवसायीहरू पर्ने गरेका छन् । अज्ञात व्यक्ति वा समूहको कारण धेरै व्यक्तिहरूले ज्यान गुमाउन पुगेका छन् ।

कपिलवस्तु बीरपुर गाउँ विकास समिति निवासी अब्दुल मोहिद खाँको २०६४ साल भदौ ३० गते शिवपुर वडा न. ६ बालापुरमा अज्ञात व्यक्तिहरूको गोली प्रहारबाट हत्या भएको हो । सो हत्यापछि भड्किएको हिंसामा १४ जनाले ज्यान गुमाए भने अरू १४ जना गम्भीर घाइते भएका थिए ।

यसैबीच स्थानीयवासीहरू आवेशमा आइ महोत्तरी र अर्घाखाँचीमा नेकपा (माओवादी)-का कार्यकर्ताहरू मारिए । बेवारिसे अवस्थामा छाडिएका र विभिन्न

व्यक्तिले गराएको बम-विष्फोटनमा परी बालबालिकादेखि वृद्धसम्मले ज्यान गुमाउनु पऱ्यो । आयोगमा प्राप्त विवरणअनुसार यसअवधिमा २१६ जनाले ज्यान गुमाएको देखिन्छ ।[३] : यससम्बन्धी विस्तृत विवरण निम्नानुसार रहेको छः

तालिका न–१

मारिएका व्यक्तिहरूको सङ्ख्या

| क. स. | आरोपित पक्ष | २०६४/६५ सङ्ख्या | २०६३/६४ सङ्ख्या[४] |
|---|---|---|---|
| १. | सुरक्षाकर्मी (प्रहरी) | ३१ | ३८ |
| २. | नेकपा (माओवादी) | ६ | १३ |
| ३. | जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह) | ३५ | ११ |
| ४. | अखिल तराई मुक्तिमोर्चा | १४ | १२ |
| ५. | जनतान्त्रिक तराई मुक्तिमोर्चा ( राजन समूह ) | २ | ० |
| ६. | मधेशी मुक्ति टाइगर्स | ६ | ० |
| ७. | भाइरस किलर | २ | ० |
| ८. | मधेशी मुक्तिमोर्चा | १ | ० |
| ९. | तराई मुक्तिमोर्चा | १ | ० |
| १०. | मधेशी जनअधिकार फोरम | ० | ३० |
| ११. | अज्ञात समूह | ७३ | २२ |
| १२. | अन्य[५] | २८ | १२ |
| १३. | बम-विष्फोटनमा मृत्यु | २७ | २४ |
| जम्मा | | २१६ | १६२ |

(स्रोतः आयोगको अनुगमन, अनुसन्धान र आयोगमा प्राप्त उजुरीसमेतबाट प्राप्त जानकारी)

गत वर्षमा १६२ जना मारिएका थिए भने यस वर्ष सो सङ्ख्या २१६ पुगेको छ । तराईमा भएको सशस्त्र आन्दोलन, आपराधिक मनोवृति र दण्डहीनताले प्रश्रय

[३] विस्तृत जानकारीको लागि राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रकाशित विस्तृत शान्तिसम्झौताको एक वर्षः मानवअधिकारको अवस्था, २०६४ र शान्तिसम्झौताको अवधिमा मानवअधिकारको अवस्था, २०६५, हेर्नुहोला ।

[४] वार्षिक प्रतिवेदन २०६३/६४, राष्ट्रिय मानवअधिकार आयोग ,हरिहरभवन, ललितपुर

पाउनु लगायतका कारण पनि हत्याका घटनाहरू बढ्न गएका छन् । हिमाली तथा पहाडी क्षेत्रको तुलनामा तराई क्षेत्रमा हत्याका घटनाहरू बढी रहेको देखिन्छ । विगत वर्षमा नेकपा (माओवादी)-बाट १३ जना मारिएकोमा यस वर्ष यो सङ्ख्या ६ मा झरेको छ । जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह)-बाट गत वर्ष ११ जनाको हत्या भएकोमा सो सङ्ख्या बढेर यस वर्ष ३५ पुगेको छ । अज्ञात समूहबाट विगत वर्ष २२ जनाको हत्या भएको जानकारी आयोगमा प्राप्त भएकोमा यसपटक सो सङ्ख्या बढेर ७३ पुगेको छ ।

यस वर्ष आयोगमा हत्यासम्बन्धी २४९ उजुरी दर्ता हुन आएका छन् । जसमध्ये सुरक्षाकर्मीबाट १८१, नेकपा (माओवादी)-बाट ५३ र अन्य पक्षबाट १५ मारिएको भन्ने उजुरी परेका छन् । उजुरीहरूमध्ये केही सशस्त्र द्वन्द्वकालीन घटनाहरूसँग सम्बन्धित रहेका छन् ।

## २.२.१.२. वैयक्तिक मर्यादा, स्वतन्त्रता र आवतजावतको अधिकार

### • यातना, कुटपीट र अमानवीय व्यवहार

यातना कुटपीट तथा अमानवीय व्यवहारका घटनाहरूले यस अवधिमा पनि निरन्तरता पाए । विभिन्न वर्ग तथा समुदायबाट गरिएका प्रदर्शनहरूलाई नियन्त्रण गर्ने क्रममा कतिपय अवस्थामा सुरक्षाकर्मीद्वारा प्रदर्शनकारीमाथि अत्याधिक बल प्रयोग गरेका थिए । नेकपा (माओवादी)-द्वारा हत्या गरिएका पत्रकार वीरेन्द्रकुमार साहको विषयलाई लिइ काठमाडौँस्थित सिंहदरबार, माइतीघर लगायतका स्थानहरूमा पत्रकारहरूद्वारा गरिएको विरोध-प्रर्दशनविरुद्ध प्रहरी हस्तक्षेपमा गरी कयौँ घाइते भएका थिए । वादी समुदायका महिलाहरूले आफ्नो गाँस, बास र कपासको सुनिश्चताको माग राखी सिंहदरबारअगाडि गरेको धर्ना तथा विरोधको क्रममा प्रहरीबाट हस्तक्षेप एवम् कुटपीट गरियो । तिब्बती शरणार्थीहरूद्वारा विभिन्न माग राखी काठमाडौँ र ललितपुरका विभिन्न स्थानमा गरिएका प्रर्दशनहरूमा प्रहरीद्वारा शक्तिको प्रयोग र यसअलावा पकाउ परेका व्यक्तिहरूलाई लट्ठीले कुटने, बुट्ले हिर्काइ यातना दिने र दुर्व्यवहार गरेको पाइएको छ । तराईका विभिन्न जिल्लाहरूमा आन्दोलनरत समूहका कार्यकर्ताहरू विशेष गरी यातनाबाट पीडित हुन पुगेको

[५] १४ कपिलवस्तु घटनासमेत गरी

देखिन्छ । तराई आन्दोलन र तराईका केही जिल्लाहरूमा थप सुरक्षाबल खटिएको अवस्थामा सांस्कृतिक परम्परा र संस्कार विपरीत रातको समयमा घरको खानतलासी लिएको समेत पाइएको छ ।

नेकपा (माओवादी)-को भातृसङ्गठन योङ कम्युनिष्ट लिग, अखिल नेपाल ट्रेड युनियन महासङ्घ तथा अनेरास्ववियु (क्रान्तिकारी) लगायतका भगिनी संस्थामा आबद्ध कार्यकर्ताहरूद्वारा शान्तिसुरक्षा कायम गर्ने, उजुरीउपर सुनुवाइ गर्ने, अपराध नियन्त्रण गर्ने लगायतका बहानामा व्यक्तिलाई कब्जामा लिने एवम् कुटपीट तथा अमानवीय व्यवहार गर्ने गरेको पाइएको छ । त्यस्तो कारबाहीमा विशेषतः फरक राजनीतिक विचारधारा राख्ने नेता, कार्यकर्ता, विद्यार्थी, विभिन्न पेशा-व्यवसायमा संलग्न पेशाकर्मीलगायत सर्वसाधारणहरू पर्ने गरेका छन् । यो क्रमले संविधानसभा निर्वाचनभन्दा अगाडि तीव्र थियो । हालका दिनहरूमा नेकपा (एमाले)-को भातृसङ्गठन युथ फोर्सले पनि भ्रष्टाचारीलाई पक्रने नाममा कानुन आफ्नो हातमा लिइ कर्मचारीलाई कुटपीट गर्ने गरेको पाइएको छ ।

जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह), अखिल तराई मुक्तिमोर्चा लगायतका सशस्त्र समूह पनि त्यस्ता क्रियाकलापमा संलग्न भएको पाइएको छ । इलाम जिल्लाको बाँझो गाविमा किरातधर्मको सुरक्षाको लागि भन्दै माङ्गेना सेवासमितिद्वारा सञ्चालित माङसेबुङमा भीसी फोर्समार्फत सर्वसाधारणमाथि कुटपीट तथा दुर्व्यवहार हुने गरेको पाइन्छ ।

यस अवधिमा यातना कुटपीट तथा अमानवीय व्यवहार गरिएको भनी आयोगमा १६३ उजुरीहरू पर्न आएका छन् । तीमध्ये सुरक्षाकर्मीले यातना दिएको विषयमा १०४ नेकपा (माओवादी)-बाट कुटपीट तथा अमानवीय व्यवहार भएको विषयमा ४६ र अन्य पक्षबाट कुटपीट र अमानवीय व्यवहार गरिएको विषयमा १३ रहेका छन् । सुरक्षकर्मीबाट दिएको यातनासँग सम्बन्धित अधिकांश उजुरीहरू विगत द्वन्द्वकालका घटनासँग सम्बन्धित छन् ।

- **धम्की**

धम्कीका कारण यसवर्ष मुख्य रूपले तराईवासीले पीडा व्यहोर्नु परेको देखिन्छ । हाल आएर सशस्त्र आन्दोलनरत समूहद्वारा चन्दा माग्ने, चन्दा नदिएमा ज्यानमार्ने, परिवारका सदस्यको अपहरण एवम् हत्या गर्नेसम्मको धम्की दिने प्रवृति बढेको पाइन्छ । तराई क्षेत्रमा बढेको असुरक्षाबाट पहाडी मूलका मानिसहरू विस्थापित हुने क्रम बढेको पाइन्छ । यो समस्या तराईका बारा, पर्सा, रौतहट, महोत्तरी, सर्लाही, धनुषा, सिरहा र सप्तरीमा बढी मात्रामा देखिएको छ । यसरी विस्थापित भएकाहरू मकवानपुर, चितवन, उदयपुर, काठमाडौं लगायतका जिल्लाहरूमा बसाइँ सर्ने गरेको पाइएको छ ।

स्थानीय व्यापारीहरूले धम्कीको कारण अपरिचित व्यक्तिले गरेको फोन नउठाउने र खामबन्दीपत्र नबुझ्न थालेका छन् । तराई क्षेत्रमा क्रियाशील विभिन्न सशस्त्र समूहहरूले गाविस सचिवहरूसँग चन्दा माग्ने, नदिए अपहरण गर्ने, परिवारका सदस्यलाई डरत्रास देखाउने र मार्नेसम्मका धम्की दिएको पाइन्छ । यी समूहहरूबाट गाविसको केही सचिवहरू अपहरण हुँदा पनि सरकारले सक्रियाता नदेखाएको भनी बारा, पर्सा र रौतहट जिल्लाका विभिन्न गाविसमा कार्यरत सचिवहरूले २०६४ मङ्सिर ३ गते सामूहिक राजीनामा दिएका थिए । शान्तिसुरक्षाको प्रत्याभूति तथा स्थानीय निकाय गठन लगायतका मागहरू पूरा नभएमा काममा नफर्कने जिकीर लिएपछि राज्यले उनीहरूको मागलाई सम्बोधन गर्ने प्रतिबद्धता व्यक्त गरेको थियो । तत्पश्चात् सचिवहरू काममा फर्केका थिए

नेकपा (माओवादी)-का कार्यकर्ताहरूबाट पनि चन्दा माग गर्ने र नदिएमा धम्क्याउने गरेको पाइन्छ । यस अवधिमा आयोगमा धम्कीसम्बन्धी ७५ उजुरीहरू दर्ता भएका छन् । प्राप्त उजुरीहरूमध्ये सुरक्षाकर्मीबाट धम्की दिएको भनी ३, नेकपा (माओवादी) बाट ३६ र अन्य पक्षबाट पनि ३६ रहेका छन् ।

- **बलपूर्वक बेपत्ता**

यसवर्ष सुरक्षाकर्मीबाट बलपूर्वक बेपत्ता पारिएको भनी कुनै उजुरी परेन । यद्यपि सशस्त्र द्वन्द्वको समयमा बेपत्ता पारिएको भनी केही उजुरीहरू प्राप्त भएका थिए । उजुरीमाथिको कारबाहीका क्रममा आयोगले माग गरेका जानकारी सम्बन्धमा

सरकारले जिम्मेवारी पुरा गर्न सकेन। यस सम्बन्धमा आयोगद्वारा गरिएका अधिकांश सिफारिसहरू पनि कार्यान्वयन भएका छैनन् । परिणमतः ठूलो सङ्ख्यामा रहेका बेपत्तासम्बन्धी उजुरीहरू किनारा लाग्न सकेका छैनन । यस अवधिमा बेपत्ता पारिएको भन्ने सम्बन्धमा आयोगमा १२७ उजुरीहरू दर्ता भएका छन् । आयोगमा पर्न आएका कूल २२४० जना सुरक्षाकर्मीद्वारा बेपत्ता पारिएको भनी दर्ता भएका उजुरीहरू छानबिन गर्दा १५६९ जनाको अवस्था सार्वजनिक भएको छ । बाँकी ६७१ जनाको अवस्था हालसम्म पनि सर्वाजनिक हुन सकेको छैन ।[६] यस अवधिमा सर्वोच्च अदालतको आदेशबमोजिम बेपत्ता पारिएका केही व्यक्तिहरूका आफन्तलाई सरकारले राहत प्रदान गरेको छ । यद्यपि अधिकांश पीडितहरूले राहत पाउन सकेका छैनन् । लामो समयसम्म आफन्तहरूको बारेमा जानकारी प्राप्त गर्न नसक्दा बलपूर्वकको बेपत्ताबाट पीडित परिवारहरूको मानवअधिकारको अवस्था थप गम्भीर हुन पुगेको छ ।

- **अपहरण**

नेकपा (माओवादी), तराईका सशस्त्र समूहहरू तथा अज्ञात समूहहरूबाट धेरै व्यक्तिहरूलाई बलपूर्वक कब्जामा लिइ अवस्था अज्ञात बनाएको पाइन्छ । काठमाडौँ लगायत विभिन्न जिल्लामा बालबालिकाको अपहरण गर्ने तथा फिरौती मागजस्ता अपराधिक घटनाहरूले यस साल पनि निरन्तरता पाए । तराई क्षेत्रमा विभिन्न सशस्त्र समूहले ठुलो रकम माग गरी व्यक्ति अपहरणका विभिन्न घटना घटे । वाइसीएलले आफ्नो राजनीतिक आस्थाप्रति असहमति जनाउने, मागेको चन्दा उपलब्ध नगराउने व्यक्तिहरूलाई कब्जामा लिएको पाइन्छ । यसै गरी सो समूहले शान्तिसुरक्षा कायम राख्ने तथा न्यायप्रदान गर्ने भनी कतिपय व्यक्तिहरूलाई बलपूर्वक कब्जामा लिएको पाइएको छ । पहिले यो कम तीब्र गतिमा भए पनि पछिल्ला दिनहरूमा कमश घट्दै आएको पाइएको छ ।

नेकपा (माओवादी)-द्वारा सशस्त्र द्वन्द्वको कममा कब्जामा लिइ अवस्था अज्ञात बनाइएका कतिपय व्यक्तिको अवस्था हालसम्म सार्वजनिक हुन सकेको छैन ।

[६] नेपालमा सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थासम्बन्धी प्रतिवेदन,२०६५, राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुर

कब्जामा लिइ १०५९ व्यक्तिको अवस्था अज्ञात पारिएको भनी उजुरी परेकोमा २९९ जनाको अवस्था अझै अज्ञात छ ।[७] त्यसै गरी विभिन्न समूहहरूबाट अपहरण गरिएको भनी आयोगमा १२७ उजुरीहरू दर्ता भएका छन् । ती उजुरीमा जसमा नेकपा (माओवादी)-ले बलपूर्वक कब्जामा लिएको बारेमा ४१ र अन्य पक्षबाट अपहरण गरिएको भन्ने ८६ उजुरीहरू रहेका छन् । अपहरण गर्ने सशस्त्र समूहहरूमा तराईमा कार्यरत जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह), अखिल तराई मुक्तिमोर्चा (गोईत), जनतान्त्रिक तराई मुक्तिमोर्चा र तराई आर्मी लगायत कतिपय पहिचान नखुलेका व्यक्ति वा समूहहरूसमेत रहेका छन् ।

- **शान्तिसुरक्षाको अवस्था**

यस वर्ष पनि शान्तिसुरक्षाको स्थिति अपेक्षित मात्रामा सुधार हुन सकेन । हत्या, अपहरण, यातना, सम्पत्ति कब्जा, लुटपाट, व्यक्तिगत एवम् सरकारी कार्यालय तथा सवारी साधनहरूमा आगजनी तथा तोडफोड गरी क्षति पुऱ्याउने कार्यले निरन्तरता पाए । कर्मचारीहरूलाई धम्की, कुटपीट, विस्थापित, निजी र सार्वजनिक स्थलमा बम-विष्फोटन लगायतका घटनाहरू यसवर्ष पनि कायमै रहे । कतिपय स्वास्थ्यसेवा प्रदान गर्ने संस्थाहरूमा आक्रमण गरियो । राजमार्ग लगायतका क्षेत्रमा चोरी, डकैती तथा लुटपाटका घटना व्यापक रूपमा देखा परे । यस प्रकृतिका घटनाहरूको प्रभावकारी अनुसन्धान र अभियोजन गरी दोषीलाई कारबाही गर्ने सन्दर्भमा अपेक्षित सक्रियता देखिएन । खास गरी राजनीतिक अस्थिरता र दण्डहीनताको अवस्था विद्यमान रहेकोले शान्तिसुरक्षाको अवस्था कमजोर हुन गएको छ ।

### २.२.१.३ निर्वाचनसम्बन्धी अधिकार

अन्य अधिकारको तुलनामा यससाल राजनीतिक अधिकार उपभोगको स्थितिमा सुधार आएको पाइन्छ । नेपालको इतिहासमा पहिलो पटक २०६४ चैत २८ गते बहुचर्चित

[७] नेपालमा सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थासम्बन्धी प्रतिवेदन,२०६५, राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुर

संविधानसभाको निर्वाचन सम्पन्न भयो । यसै अवधिमा राजतन्त्रको विधिवत अन्त भइ नेपाल लोकतान्त्रिक गणतन्त्रमा परिणत हुन गयो ।

सशस्त्रधारी समूहको दबाबका कारण सभासम्मेलन गर्ने गतिविधिहरूमा यस वर्ष पनि अवरोध सिर्जना भएको अवस्था छ । विगतमा तराई आन्दोलनको कारण राजनीतिक गतिविधिहरू प्रभावित थिए । यद्यपि पछिल्ला दिनहरूमा वार्ताको माध्ययबाट समस्याले निकाश पाएपछि स्थिति सहजतातिर मोडिएको थियो । संविधानसभाको निर्वाचनपूर्व विभिन्न राजनीतिक दलहरूबीचको झडपले राजनीतिक अधिकारको प्रयोगमा व्यवधानको खडा भएको थियो । तराईमा आन्दोलनरत सशस्त्र समूहबाट भने हाल पनि राजनीतिक अधिकारको उपयोगमा बाधाअवरोध आउने क्रम जारी नै छ ।

### २.२.१.४ मानवअधिकार रक्षकको अवस्था

व्यक्ति विशेष, विभिन्न समूह, दल र तिनका भगिनी सङ्गठन आदिबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा मानवअधिकार रक्षक र सञ्चारकर्मीमाथि धम्की, दुर्व्यबहारजस्ता घटनाहरू एकपछि अर्को गरी निरन्तर रहे । समाचार सम्प्रेषण गरेको कारण पत्रकारहरूलाई कुटपीट, धम्की, अपमानजनक व्यवहार जस्ता घटनाहरू यसवर्ष पनि घटेको पाइन्छ । तराई क्षेत्रमा पत्रकार एवं मानवअधिकारकर्मीहरूले बढी मात्रामा धम्कीको सामना गर्नुपऱ्यो । पत्रकारहरूलाई आफ्नो समूहको अनुकूल हुने गरी समाचार सम्प्रेषण गर्न विभिन्न समूहहरूले दबाब दिने गरेको पाइयो । यस्को अलवा तराई क्षेत्रमा मानवअधिकारकर्मीहरूलाई धम्की दिने तथा सवारी-साधनहरूमाथि आक्रमण गर्नेजस्ता कार्यहरू भए । परिणमतः मानवअधिकार रक्षकहरूले स्वतन्त्र एवम् निभर्यतापूर्वक कार्यसम्पादन गर्नमा अवरोध उत्पन्न भयो ।

## २.२.२ आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार

### २.२.२.१ आन्तरिक रूपमा विस्थापन

यस अवधिमा पनि आन्तरिक द्वन्द्वका कारण विस्थापित बनेका व्यक्तिहरूको हकअधिकारको विषय बृहत् चर्चामा रह्यो । विस्थापितहरूको सम्बन्धमा केही सुधारात्मक सङ्केतहरू देखिए पनि अपेक्षाकृत रूपमा व्यवहारमा लागू हुन सकेनन् ।

नेपाल सरकार र नेकपा (माओवादी)-बीच मिति २०६४ पुस ८ गते भएको २३ बुँदे सहमतिपत्रको बुँदा नं. ९ मा पनि सशस्त्र द्वन्द्वका क्रममा हालसम्म माओवादीद्वारा कब्जा गरिएका निजी तथा सार्वजनिक घरजग्गा, जमिन एक महिनाभित्रमा सम्बन्धित व्यक्ति तथा निकायहरूलाई फिर्ता गरिसक्ने प्रावधान थियो । तर सो व्यवस्था पूर्णरूपमा कार्यान्वयनमा आउन सकेन । कार्यान्वयनको निमित्त कतिपय अवस्थामा नेकपा(माओवादी) को केन्द्रीय तहबाट प्रयत्नहरू गरिए पनि नेकपा (माओवादी)-का स्थानीय कार्यकर्ताबाट बाधा-अवरोध, डर, धाक, धम्की दिने कार्य जारी रह्यो । सरकार र नेकपा (माओवादी)-बीच विभिन्न मितिमा भएका शान्तिसम्झौतापछि पनि नेकपा (माओवादी)-को तर्फबाट विस्थापित तुल्याउने परिपाटी कायम रहेको कुरा आयोगमा प्राप्त उजुरीहरूबाट देखिन आएको छ । आन्तरिक विस्थापितलाई घर फर्काउन र कब्जा गरिएका घरजग्गा फिर्ता गर्न नेकपा (माओवादी)-बाट भएको सहमति कार्यान्वयन भएन ।

सरकारतर्फबाट आन्तरिक विस्थापितहरूलाई अनुदान र ऋण गरी प्रति परिवार ५० हजारका दरले उपलब्ध गराउने निर्णय गरियो । यद्यपि सो  निणर्य र सरकारद्वारा तर्जुमा गरिएको तीन वर्षिय अन्तरिम योजना कार्यान्वयनमा आउन सकेन ।

विभिन्न सशस्त्र समूह, अज्ञात समूह, व्यक्ति आदिले सर्वसाधारण, व्यापारी, पेशाव्यवसायीहरूसँग चन्दा, फिरौती  माग गर्ने र नदिएको खण्डमा अपहरण, यातना र हत्यासम्म गर्ने परिपार्टीले विस्थापितको सङ्ख्यामा वृद्धि भएको पाइन्छ । प्रारम्भमा तराई क्षेत्रबाट विस्थापित हुने समुदायमा पहाडे मूलका तराईवासी भए पनि हालैका दिनमा अन्य समुदाय पनि पीडित बन्न पुगेका छन् । यसैगरी इलाममा किरात धर्मको सुरक्षाको लागि भनी खोलिएको भीसी फोर्सको कारण स्थानीय धेरै व्यक्ति विस्थापित भएका छन् । यस अवधिमा नेकपा (माओवादी)-को कारण विस्थापित गराएको भनी आयोगमा ५३ उजुरी दर्ता भएका छन् ।

विभिन्न समयमा भएका बन्द, हड्ताल, चक्काजाम लगायतका विरोधात्मक गतिविधिहरूको कारण आर्थिक तथा समाजिक अधिकार  प्रभावित बन्न पुगेको छ । उच्च-हिमाली जिल्लाहरूमा सडक यातायातको अभाव एवम् बाटोघाटो मर्मतसम्भार हुन नसक्दा  र पुगेका स्थानमा पनि प्रभावकारी सेवा उपलब्ध हुन नसकेको अवस्था

छ । हुम्ला, मुगु, जुम्ला, डोल्पा लगायतका जिल्लाहरूमा विगत वर्षमा झै यस वर्ष पनि खाद्यान्न, स्वास्थ्य, शिक्षा, यातायातजस्ता आधारभुत आवश्कीय वस्तुको परिपूर्ति पर्याप्त मात्रामा हुन सकेन । ध्यान पुऱ्याउन सकेको पाइदैन । त्यस क्षेत्रका जनता सञ्चार पहुँचभन्दा बाहिर छन् । शहरी क्षेत्रका जनताहरूपनि इन्धनको अभावमा सँधै पिरोलिनुपरेको अवस्था छ । इन्धन आपूर्तिको समस्याका कारण उद्योग-व्यवसाय प्रभावित हुनुको साथै दैनिक उपभोग्य वस्तुको आपूर्तिमा समेत समस्या देखिएको छ ।

यस अवधिमा आर्थिक तथा सामाजिक अधिकारसँग सम्बन्धित ३६ उजुरीहरू दर्ता भएका छन् । त्यसै गरी विभिन्न पक्षबाट सम्पत्ति कब्जामा लिएको भनी ५२ उजुरीहरू दर्ता भएका छन् ।

### २.२.२.२ पेशा-व्यवशायसम्बन्धी अधिकार

स्वतन्त्रतापूर्वक पेशा-व्यवसाय गर्न पाउने हक अधिकारको उपभोगमा समेत विभिन्न व्यवधानहरू उत्पन्न भए । तराई क्षेत्रमा भएको आन्दोलनको क्रममा भएमा घटनाहरूबाट व्यापारी, कर्मचारीहरू, चिकित्सक, पत्रकार तथा विभिन्न पेशामा संलग्न व्यवसायी र सर्वसाधारणलगायत पीडित बन्न पुगे । विभिन्न समूहहरूको धम्की, कुटपीट, यातना, हत्याजस्ता घटनाहरूबाट समेत स्वतन्त्रतापूर्वक पेशा-व्यवसाय गर्न पाउने अधिकार प्रभावित हुन पुग्यो । कर्मचारी व्यापारी तथा अन्य पेशा-व्यवशायमा संलग्न व्यक्तिहरूलाई जर्बजस्ती चन्दा माग गर्ने, आफ्नो पक्षमा काम गराउन दबाब दिने जस्ता कार्यहरू तथा विभिन्न स्वास्थ्य संस्थाहरूमा चिकित्सकको लापरबाहीले गर्दा बिरामीको मृत्यु भएको भनी चिकित्सकमाथि गरेको दुर्व्यवहार र स्वास्थ्य संस्थामा हुने आक्रमणले पेशा-व्यवसायको अधिकार प्रभावित हुन पुगेको छ । देशका विभिन्न भागमा सडक र राजमार्ग बन्दका कारण स्वतन्त्रतापूर्वक पेशाव्यवसाय गर्ने अधिकार बढी मात्रामा प्रभावित भएको पाइन्छ ।

### २.२.२.३ शिक्षाको अधिकार

देशका विभिन्न क्षेत्रमा भएका आन्दोलनबाट शिक्षाक्षेत्र बढी प्रभावित हुन पुग्यो । राजनीतिक दल, वर्गीय सङ्गठन, विभिन्न समूहले आफ्ना मागहरू राख्ने र ती मागहरू

पुरा गराउन शैक्षिक संस्थाहरू बन्द, तालाबन्दी, हडतालजस्ता विधि अवलम्बन गर्नाले शिक्षाक्षेत्र प्रभावित बन्न पुग्यो ।

नयाँ शैक्षिक शत्र सुरु भएको महिनौ बितिसक्दा पनि राज्यले विद्यालयहरूमा पाठचपुस्तक पुऱ्याउन सकेन । परिणामतः विभिन्न स्थानमा विद्यार्थीहरूबाट विरोध प्रदर्शन हुन पुगे । देशका केही सामूदायिक विद्यालयका शिक्षकहरूले निजहरूलाई स्थायी गर्नुपर्ने लगायतका माग राखेर गरेको आन्दोलनको क्रममा विद्यार्थीहरूको पठनपाठनमा असर पर्न गएको पाइएको थियो । संविधानद्वारा माध्यामिक तहसम्मको शिक्षा निःशुल्क पाउने अधिकार र बालअधिकारसम्बन्धी महासन्धिअनुसार अनिवार्य प्राथामिक तहसम्मको शिक्षाको प्रावधानको कार्यान्वयन हुन सकेन । अनिवार्य शिक्षा सम्बन्धी कानून बन्न सकेको छैन ।

## २.२.२.४ स्वास्थ्यको अधिकार

नेपालको अन्तरिम संविधानले राज्यबाट कानुनमा व्यवस्था भएबमोजिम आधारभूत स्वास्थ्य सेवा निःशुल्क रूपमा पाउने हक हुनेछ भनी मौलिक हकमा उल्लित प्रावधानलाई सरकार व्यवहरामा उतार्न लागिपरेको देखिन्छ । नेपाल सरकारले ल्याएको निःशुल्क प्राथामिक उपचारसम्बन्धी नीतिलाई सकारात्मक रूपमा लिन सकिन्छ । सरकारले २०६४ असोजमा मुलुकभरका स्वास्थ्य तथा उपस्वास्थ्य चौकीबाट निःशुल्क सेवा उपलब्ध गराउने निर्णयलाई यसैको प्रतिफल मान्न सकिन्छ ।

सरकारले निःशुल्क स्वास्थ्य सेवा उपलब्ध गराउने घोषणा गरेपनि यसले पूर्णता प्राप्त गर्न सकेको छैन । अस्पताल, औषधी उपचार, चिकित्सक, स्वास्थ्यकर्मी एवम् स्वास्थ्यबारे जनचेतनाको अभाव, कमजोर आर्थिक स्थिति, गुणस्तरहीन औषधीको बिक्रीवितरण आदिको कारण धेरै व्यक्तिहरूले अकालमै ज्यान गुमाउनुपरेको समाचार सार्वजनिक भइआएका छन् । यस अवधिमा उपचारमा लापरबाही गरेको भनी विभिन्न स्वास्थ्य संस्था एवम् स्वास्थ्यकर्मीहरूमाथि भएका आक्रमण, त्यसको विरोधमा स्वाथ्यकर्मीबाट स्वास्थसेवा बन्दजस्ता कार्यबाट समेत स्वास्थ्यको अधिकार प्रभावित बन्न पुगेको पाइन्छ ।

## २.२.३ सामूहिक अधिकार

### २.२.३.१ महिलाअधिकार

अन्तर्राष्ट्रिय कानुन, महासन्धि, प्रचलित तथा नेपाल कानुनमा महिला र पुरुषलाई समान हैसियतमा उल्लेख गरिए पनि व्यवहारतः विभेदका स्वरूपहरू कायमै छन् । परम्परागत सोच, हानिकारक पुरातन मान्यता अवलम्बन, महिलाप्रतिको हेरिने दृष्टिकोण, जनचेतना, शिक्षाको कमी जस्ता कारणहरू परिवर्तनको लागि बाधक देखिएका छन् । नेपालको मध्यपश्चिम तथा सुदुरपश्चिमका जिल्लाहरूमा प्रचलनमा रहेका छाउपडी प्रथा, मुलुकका विभिन्न भागमा हुने गरेका घरेलु हिंसा, बोक्सी, दाइजो, भेदभाव, रुढीवादी परम्परा लगायतका कारणहरू महिलाहरू पीडित हुन पुगेका छन् । गाउँ-गाउँमा प्रजनन् स्वास्थ्यको उचित व्यवस्था तथा जनचेतना र स्वास्थ्यकर्मी तथा औषधीसमेतको अभावमा गर्भवती महिला तथा शिशुको ज्यान जाने, पाठेघरसम्बन्धी रोगहरू लाग्ने जस्ता समस्याबाट महिलाहरूले पीडित हुनुपरेको छ । यस्तै बहुविवाह, सानोतिनो विषयमा श्रीमान वा घरपरिबारबाट धम्की, डर, त्रास कुटपीट तथा अमानवीय व्यवहारका घटनाहरूले निरन्तरता पाइरहेको अवस्था छ । जसमा विशेषतः दाइजो नल्याएको निहुँमा पति एवम् परिवारका सदस्यहरूको मिलोमतोमा जिउँदै आगो लगाउने, कुटपीट गर्ने, मानसिक त्रास उत्पन्न गराउने, अपहेलना गर्ने जस्ता  घृणित कार्यहरू देखिन्छन् ।

अन्धविश्वास, गरिबी, तल्लो जाति, रिसइवी लगायतका कारण बोक्सीको आरोपमा अमानवीय व्यवहार,  कुटपीट, मलमुत्र खुवाउने, गाउँ-निकाला गर्नेजस्ता घटनाहरू बारम्बार पुनरावृति भइरहेको स्थिति छ ।[८] रौतहट गौर निवासी  सङ्गीता देवीलाई दाइजो नल्याएको भनी उनका पति समेतले बिजुलीको तार र इँटा प्रयोग गरी लगातार कुटपीट, घरबाट बाहिर जान बन्देज र अन्त्यमा तीन छोराछोरीसहित उनलाई घरबाट निकालिएको थियो । सुनसरी लौकहीमा पर्याप्त दाइजो नल्याएको निहुँमा रीना साह र उनकी दिदी बबितालाई निर्घात कुटपीट गरिएको र नेपालगञ्ज

[८] विस्तृत जानकारीको लागि राष्ट्रिय मानवअधिकार आयोगद्वारा प्रकाशित  विस्तृत शान्तिसम्झौताको एक वर्ष : मानवअधिकारको अवस्था, २०६४ र शान्तिसम्झौताको अवधिमा मानवअधिकारको अवस्था २०६५, हेर्नुहोला  ।

८ की हसरुन इद्रिसीलाई दाइजो नल्याएको निहुँमा परिवारले शरीरमा मट्टितेल खन्याइ आगो लगाएको घटना केही उदाहरणहरूमात्र हुन ।

उक्त समस्याको बावजुद केही सकरात्मक पक्षहरू पनि छन् । संविधानसभामा महिला प्रतिनिधित्व उत्साजनक रहेको छ । त्यसै गरी आफूमाथि परेको अन्याय अत्याचारको विरुद्धमा महिलाहरू अगाडि बढ्ने प्रवृतिमा विकास भएको छ । यस अवधिमा महिला अधिकारसँग सम्बन्धित ४७ उजुरीहरू आयोगमा दर्ता भएका छन् ।

### २.२.३.२ बालअधिकार

यसवर्ष पनि विभिन्न समूहहरूबाट भएका आन्दोलन, बन्द, विरोध प्रर्दशन, आमहडतालजस्ता कार्यक्रमबाट बालबालिकाको जीवन, विकास, शिक्षा, स्वास्थ्य, आवास लगायतका अधिकारको प्रचलनमा गम्भीर असर परेको थियो । विभिन्न राजनीतिक दल र तिनका भातृ सङ्गठनहरूका कार्यक्रमम तथा जुलुस प्रर्दशनमा बालबालिकाको सहभागिता रहेको पाइयो । बन्दहड्तालको निशाना विद्यालयहरू हुनुले विद्यालय शान्तिक्षेत्र हुन् भन्ने मान्यताको सम्मान हुन सकेको पाइदैन ।

अपराधिक समूहबाट आफ्नो स्वार्थ पूर्ति एवम् आर्थिक लाभको लागि बालबालिकाको अपहरण गर्ने, फिरौति माग गर्ने र नदिए बालकको हत्यासम्मका घृणित कार्यहरूसमेत हुने गरेका छन् । गैरकानुनी थुना, बालविबाह, बालश्रमिक एवम् सर्कसमा प्रयोग, शिक्षा तथा स्वास्थ्य, मानवीय सहयोगमा अस्वीकार, दुर्व्यवहार लगायतबाट बालबालिका पीडित हुँदै आइरहेका छन् ।

शहरी क्षेत्रका घरायसी काममा लगाइएका बालबालिकाहरूलाई चोरीलगायतका आरोपमा कुटपीट गरेका घटना पनि पाइए । त्यस्ता बालक भागी नजाओस भन्नाखातिर दाम्लो, डोरी तथा साङ्लोले बाँधेर राख्ने, घरभित्र थुन्ने, पकाउ गरिएका बालबालिकाहरूलाई प्रहरी कार्यालयमा यातना दिने जस्ता घटनाहरू पनि सार्वजनिक भएका थिए । कतिपय पढ्नुपर्ने उमेरका बालबालिकाहरूले बालश्रम, घरेलु कामदार, गिटी कुट्ने, ढुङ्गा, भारी बोक्नेजस्ता काममा संलग्न हुनुपरेको स्थिति छ । बालिकाहरूमाथि बलात्कार भएका घटनाहरू वृद्धि भएको र त्यसमा विशेषतः संरक्षक, सुरक्षाकर्मी र परिवारका सदस्यसमेत संलग्न रहेको तथ्य सार्वजनिक भएका

थिए । बालिकाहरूलाई अपहरण र बलात्कारपछि हत्यासम्मका घृणित कार्यहरू पनि भएको पाइन्छ । त्यसै गरी बालविवाह, बालबालिका बेचबिखनका घटनाहरू पनि प्रकाशमा आएका छन् । बम-विस्फोटनको कारण केही बालबालिकाहरू घाइते भएका र केहीले जीवन गुमाएका छन् ।

बालअधिकार विभिन्न कारणबाट प्रभावित भए पनि यस क्षेत्रमा जनचेतनामूलक गतिविधि, शिक्षा, स्वास्थ्यजस्ता क्षेत्रमा सरकारी एवम् गैरसरकारी पक्षबाट कुनै न कुनै रूपमा योगदान पुऱ्याएको देखिन्छ । पीडितमाथि कानुनी कारबाही भएको पनि छ । कतिपय अवस्थामा बालअधिकार हनन, उल्लङ्घन एवम् ज्यादतिका घटनाहरू बढी प्रचारमा आउने र सकरात्मक कार्यहरूबारे खासै चर्चा नहुने हुनाले पनि स्थिति निराशाजनक देखिएको हो । यस अवधिमा आयोगमा बालअधिकार उल्लङ्घन तथा ज्यादति भएको भनी ७९ वटा उजुरीहरू दर्ता हुन आएका छन् ।

### २.२.४ जातीय भेदभावविरुद्धको अधिकार

जातीय आधारमा हुने छुवाछुत तथा भेदभावलाई गैरकानुनी तथा दण्डनीय एवम् आपराधिक कार्य मानिए पनि व्यवहारमा पूर्णतः लागू हुन सकेन । उपल्लो जाति भनिएका कतिपय व्यक्तिहरूबाट हुने भेदभावजन्य घटनाहरूको निरन्तरताबाट यो प्रथा व्यवहारतः अहिले पनि जिवितै रहेको पाइन्छ । राज्यबाट विभेद सम्बन्धमा विभिन्न कदमहरू चालिएका छन् । यद्यपि ती प्रयासहरू कतिपय अवस्थामा प्रभावकारी बन्न सकेका छैनन् । सार्वजनिक इनार तथा कुवामा पानी झिकको, होटलमा चियानास्ता खाएको, अन्तरजातीय विवाह गरेको लगायतका आधारमा जातीय भेदभाव हुने गरेको पाइन्छ ।

राज्य र विभिन्न सङ्घसंस्थाहरूको निरन्तर जनचेतना र सहभोजजस्ता कार्यक्रमबाट पुरातन रुढीवाढी सोचमा निरन्तर सुधार भने हुदै आइरहेको छ । यस पटकको संविधानसभामा समावेशी प्रकृतिको उपस्थितिले व्यबहारमाः पनि जातीय विभेदलाई घटाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ ।

# परिच्छेद–३

## आयोगबाट सम्पन्न कार्यहरू

## ३.१ संरक्षणसम्बन्धी कार्यहरू

### ३.१.१ उजुरी व्यवस्थापन

मानवअधिकारको सम्मान, संरक्षण र सम्बर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनमा योगदान गर्नु राष्ट्रिय मानवअधिकार आयोगको कर्तव्य हो । आयोगले मानवअधिकार उल्लङ्घन वा दुरुत्साहन भएकोमा उजुरी लिई घटनाको छानबिन तथा अनुसन्धान गरी दोषीउपर कारबाही गर्न सिफारिस गर्दछ । यस अवधिमा आयोगका सबै कार्यालयहरूमा गरी जम्मा १,१७३ उजुरीहरू प्राप्त भएका थिए । उजुरीका विषयहरूमा हत्या, बेपत्ता, अपहरण, यातना, धम्की, गैरन्यायिक थुना, सम्पत्ति कब्जा, आन्तरिक विस्थापन, भेदभाव तथा आवतजावतमा रोक रहेका छन् । यसका अतिरिक्त आर्थिक सामाजिक अधिकार उपभोगमा अवरोध पुऱ्याइएको, महिला तथा बालअधिकारको उल्लङ्घन र ज्यादतिसम्बन्धी उजुरीहरूसमेत दर्ता हुन आएका छन् । उजुरीको प्रकृतिलाई दृष्टिगत गर्दा द्वन्द्वकालमा भएका घटनासँग सम्बन्धित उजुरीहरू पनि रहेका छन् । मासिक रूपमा आयोगमा परेका उजुरी विवरण निम्न स्तम्भमा उल्लेख गरिएको छ । यस अवधिमा पर्न आएका सबै उजुरी सङ्ख्या विषयगत आधारमा अनुसूची–१ मा समावेश गरिएको छ ।

आयोगमा आर्थिकवर्ष २०६४/२०६५मा परेका उजुरीहरू




महिनाको आधारमा सबैभन्दा बढी उजुरी २०६४ साउन र सबैभन्दा कम २०६४ चैत महिनामा परेको देखिन्छ । विषयगत आधारमा सुरक्षाकर्मीबाट हत्या गरिएको भनी सबैभन्दा बढी र सुरक्षाकर्मीबाट धम्की दिइएको भनी सबैभन्दा कम उजुरी परेका छन् । सुरक्षाकर्मीबाट हत्या गरिएको र बेपत्ता पारिएको भन्ने सम्बन्धमा दर्ता भएका अधिकांश उजुरीहरू सशस्त्रद्वन्द्वको अवधिमा घटेका घटनासँग सम्बन्धित छन् ।

गत वर्षको तुलनामा यस वर्ष मानवअधिकार हनन भएको भनी पर्न आउने उजुरीको सङ्ख्या घटेको छ । गत वर्ष यस विषयमा १९४८ उजुरी परेका थिए ।[९] यसबाट द्वन्द्वकालमा भएका घटनासम्बन्धी उजुरी क्रमशः घटदै गएको प्रतीत हुन्छ । द्वन्द्वकालमा भन्दा मानवअधिकारको स्थिति सुधारोन्मुख हुनु र संविधानसभा निर्वाचन सम्पन्न हुनलाई यसको कारक तत्वको रूपमा लिन सकिन्छ । विगत दुई वर्षमा परेका उजुरीको तुलना गर्दा नेकपा माओवादीबाट अपहरण गर्ने, सम्पत्ति कब्जा गर्ने,

[९] वार्षिक प्रतिवेदन २०६३/६४, राष्ट्रिय मानवअधिकार आयोग ,हरिहर भवन, ललितपुर

विस्थापित गराउने, धम्की दिने, हत्या गर्ने जस्ता घटनाहरूमा कमी आएको पाइए पनि अन्य पक्ष वा समूहबाट धम्की दिने क्रम बढेको देखिन्छ । विशेषतः तराई क्षेत्रमा यस किसिमका घटनाहरू बढी भएको पाइन्छ । यस अवधिमा महिला-अधिकारको हनन सम्बन्धी उजुरीको सङ्ख्या बढी देखिन्छ । गतसाल सो विषयमा २४ उजुरी दर्ता हुन भएकोमा यस वर्ष करिब शतप्रतिसत वृद्धि भइ सो सङ्ख्या ४७ पुगेको छ ।

## ३.१.२ अनुगमन

आयोगका विभिन्न दायित्वहरूमध्ये मानवअधिकारको अनुगमनलाई महत्वपूर्ण मानिन्छ । आयोगले विभिन्न मानवअधिकार हनन एवम् ज्यादतिका घटनाको सम्बन्धमा नियमित अनुगमन गर्दै आइरहेको छ । समग्रमा मानवअधिकार, बालअधिकार, आन्तरिक विस्थापितका अधिकार, शरणार्थीसम्बन्धी अधिकार, महिला तथा अपाङ्गका अधिकारको अवस्थाबारेमा आयोगले अनुगमन गर्दछ । यसका अतिरिक्त कैदीबन्दीका अधिकार, कारागार तथा हिरासत, राजनीतिक दल तथा सङ्घसंस्थाहरूद्वारा विभिन्न माग राखी गरिने आन्दोलनको सन्दर्भमा मानवअधिकारको अवस्था लगायतका विषय अनुगमनसँग गाँसिएका छन् ।

आयोगले देशका विभिन्न जिल्लाहरूमा मानवअधिकारको स्थितिसम्बन्धमा अनुगमन गरेको थियो । अनुगमनमा शान्तिसम्झौता भएपछिको अवधिमा मानवअधिकार अवस्थालाई प्राथमिकतामा राखेको थियो । अनुगमनबाट प्राप्त तथ्यहरूको आधारमा आयोगले शान्तिसम्झौताको अवधिमा मानवअधिकार अवस्था विषयक प्रतिवेदनको सार्वजनिकरण गर्नुको साथै मानवअधिकारको उल्लङ्घन तथा ज्यादतिका घटनाहरूको सम्बन्धमा नेपाल सरकार लगायत सम्बद्ध पक्षको ध्यानाकर्षण गराएको थियो । यसै क्रममा आयोगका पदाधिकारीहरूले २०६४ कार्तिक १८ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासँग भेट गरी देशको मानवअधिकार अवस्थाको बारेमा जानकारी गराएको थियो । त्यस अवसरमा आयोगलाई पेरिस सिद्धान्तअनुरूप



कारागार अनुगमनको क्रमम बन्दीहरूसँग कुरा गर्दै
आयोगका मा सदस्य गौरी प्रधान

स्वतन्त्र, निश्पक्ष र स्वायत्त संस्थाको रूपमा रहेको आयोगको काममा सहयोग पुऱ्याउन आग्रहसमेत गरेको थियो । प्रधानमन्त्रीले आयोगलाई स्वतन्त्र, सक्षम र निष्पक्ष संस्थाको रूपमा काम गर्न सहयोग पुऱ्याउने प्रतिबद्धता जनाउनुभएको थियो ।

२०६४ फागुनमा तराईमा लगातार भएको बन्दले मानवअधिकार अवस्था बिग्रिएको सम्बन्धमा आयोगले गृहमन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल आयल निगमका उच्च-पदाधिकारीहरूसँग शान्तिसुरक्षा, दैनिक उपभोग्य सामाग्रीहरूको आपूर्तिमा देखिएका समस्या र समग्र मानवअधिकारको स्थिति लगायतका विषयमा अन्तर्क्रिया गरेको थियो । छलफलपछि शान्तिसुरक्षा, उपभोग्य सामाग्रीको सहज आपूर्ति, मानवअधिकारको रक्षार्थ आवश्यक कदम चाल्न ध्यानाकर्षण गराएको थियो ।

सप्तरी जिल्लाको हनुमान नगरस्थित लिलजा ठाकुर राष्ट्रिय प्राथामिक विद्यालय परिसरमा सशस्त्र प्रहरी वेशक्याम्प रहेकोमा शिक्षा एवम् विद्यालयलाई शान्तिक्षेत्र मान्नुपर्ने कुरालाई ध्यानमा राखी सो स्थानबाट क्याम्प हटाउन नेपाल सरकारलाई सिफारिस गरेको थियो । नेपाल चिकित्सक सङ्घले राज्यले सुरक्षा दिन नसकेको भनी देशव्यापी गरेको आमहडतालबाट नागरिकको जीवनको अधिकार प्रभावित हुने हुँदा सुरक्षाव्यवस्था गर्न नेपाल सरकारलाई र स्वाथ्यसेवा सुचारु गर्न स्वास्थ्यकर्मीलाई आग्रह गरिएको थियो ।

बन्दीको अधिकारको सम्बन्धमा आयोगले देशका विभिन्न स्थानमा रहेका कारागार तथा प्रहरी हिरासतको अनुगमन गरेको थियो । विभिन्न कारागारमा आममाफीको माग राखी तथा सेवासुविधा बढाउन आन्दोलन तथा आमरणअनसनमा उत्रिएको आन्दोलनकारीहरूको सम्बन्धमा जानकारी लिएको थियो । प्राप्त जानकारीको आधारमा गृहमन्त्रालयका अधिकारीलाई आयोगमा बोलाइ बन्दीहरूको अधिकारको लागि राज्यबाट गरिएका पहलहरूको सम्बन्धमा थप जानकारी लिएको थियो । यसैगरी आयोगले साथै कारागारको भौतिक अवस्था, सेवा, सुविधा, स्वास्थ्य उपचार, बन्दीहरूको अधिकार तथा मानवीय पक्षको सम्बन्धमा सुधार गर्न नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

आयोगले सङ्घसंस्था, नागरिक समाज, राजनीतिक दल आदिद्वारा आयोजित विभिन्न विरोध कार्यक्रम र प्रदर्शनमा मानवअधिकारको विषयमा पनि अनुगमन गरेको थियो । प्राप्त तथ्य एवम् जानकारीको आधारमा आयोगले सरोकारवालाहरूको ध्यानाकर्षण गराउनुको साथै नेपाल सरकारलाई मानवअधिकारको सम्मान र संरक्षण गर्न सिफारिस गरेको थियो ।

आयोगले महिलाहिंसाविरुद्ध भएका घटना र त्यससँग सम्बन्धित प्रदर्शनी, धर्ना र कार्यक्रमहरूमा अनुगमन गर्दै आएको छ। महिलाहिंसाका घटनाहरूलाई ध्यानमा राखी प्रेस-विज्ञप्तिमार्फत नेपाल सरकारको ध्यानाकर्षण गराउदै आएको छ । लक्ष्मी बोहोराको हत्या सम्बन्धमा जिल्ला प्रहरी कार्यालय, कञ्चनपुरले जाहेरी दर्ता गर्न नमानेको सम्बन्धमा आयोगबाट सो घटनाको प्रारम्भिक अनुसन्धान गरी जाहेरी दरखास्त दर्ता गरी दोषीलाई कानुनबमोजिम कारबाही गर्न सुरक्षानिकायलाई निर्देशन दिएको थियो ।

## ३.१.३ संविधानसभा निर्वाचन अनुगमन

संविधानसभा निर्वाचन अवधिमा आयोगले निर्वाचनपूर्व, निर्वाचन अवधिमा र निर्वाचनपश्चात् गरी जम्मा ६९ जिल्लाको मानवअधिकारको दृष्टिबाट अनुगमन गरेको थियो । मूलतः स्वतन्त्रता, निश्पक्षता, सहभागिता, समानता, पहुँच, बालबालिकाको प्रयोग, एवम् अशक्त वृद्धवृद्धा, गर्भवति वा सुत्केरी आदिका अधिकारहरूलाई आधार वा सूचक मानी अनुगमन गरिएको थियो । निर्वाचनसम्बन्धी अधिकारको आयोगका पर्यवेक्षक, स्वयम्सेवक तथा कर्मचारीहरूको भूमिका लगायतका सवालमा समेत अनुगमन गरिएको थियो । संविधानसभा निर्वाचनको सन्दर्भमा मतदाताका हकअधिकारसम्बन्धी प्रचारप्रसार समाग्री प्रकाशन तथा वितरण गरिएको थियो ।



संविधानसभा निर्वाचनमा मतदान गर्दै एक मतदाता

नागरिकको मताधिकारको सुनिश्चितताको लागि विभिन्न तालिम, गोष्ठी, अन्तर्क्रिया तथा छलफलमार्फत सर्वसाधारणलाई संविधानसभा र मानवअधिकारको विषयमा जानकारी गराएको थियो । त्यसै गरी संविधानसभा

निर्वाचनको सन्दर्भमा हुन सक्ने मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरूलाई तत्काल सम्बोधन गर्न आयोगको केन्द्रीय तथा क्षेत्रीय कार्यालयमा २४ घण्टै हटलाइन सेवाको व्यवस्था गरिएको थियो । आयोगबाट पत्रकार सम्मेलन, प्रेस-विज्ञप्ति आदिमार्फत निर्वाचन आयोग, नेपाल सरकार लगायत सम्बन्धित निकायहरूको ध्यानाकर्षण गराएको थियो । यस्तै विभिन्न समाचार, सूचना, अनुगमन र अनुसन्धानबाट प्राप्त तथ्यलाई आधार मानी स्वतन्त्र, निष्पक्ष र भयरहित वातावरणमा निर्वाचन सम्पन्न गर्नको लागि सरोकारवालाहरूलाई आग्रह गरिएको थियो । संविधानसभा निर्वाचन अनुगमनसम्बन्धी विस्तृत प्रतिवेदन आयोगले प्रकाशित गरिसकेको छ ।

## ३.१.४ बालअधिकारसम्बन्धी कार्यहरू

बालअधिकारसम्बन्धी विषय हेर्न आयोगमा २०६१ सालदेखि बालअधिकार इकाइ स्थापना गरिएको थियो । त्यसै गरी क्षेत्रीय कार्यालयहरूमा समेत बालअधिकारको विषय हेर्न १ जना सम्पर्क व्यक्ति तोकिएको छ । वर्तमान तीन वर्षे रणनीतिक योजनामा समेत बालअधिकारको विषयमा अनुगमन गर्ने, जिल्लास्तरमा रहेका बालकल्याण समितिहरूसँग सहकार्य गर्ने र संयुक्त राष्ट्रसङ्घीय बालअधिकार समितिको सुझाव कार्यान्वयन गर्ने विषयमा जोड दिइएको छ ।

यस वर्ष बालअधिकारमा केन्द्रित रही ओखलढुङ्गा, पर्सा, कपिलवस्तु, मुस्ताङ, हुम्ला, दाङ, रोल्पा र अछाम जिल्ला गरी जम्मा ८ जिल्लामा बालअधिकार स्थिति अनुगमन गरिएको थियो । २०६४ साल फागुन १ देखि तराईमा भएको बन्द, आन्दोलन, हड्ताल तथा प्रदर्शनको क्रममा बालअधिकार उल्लङ्घनका अवस्थाउपर र संविधानसभा सदस्य निर्वाचनमा बालबालिकाको उपयोगबाट बालअधिकारमा परेको असरलाई आधार मानी अनुगमन गरिएको थियो ।

यस अवधिमा आयोगमा प्राप्त ७९ उजुरीहरूमध्ये ७५ को अनुगमन र ३ को अनुसन्धान भएको छ । अनुगमन विशेषतः राजनीतिक दलका कार्यक्रमहरूमा बालसहभागिता, बालबालिकाको अपहरण, बालबालिकालाई गैरकानुनी थुनाजस्ता मुद्दामा केन्द्रित थियो । त्यसै गरी बालश्रमिकहरूको प्रयोग, बालविबाह, बालबालिकालाई सर्कसमा प्रयोग, बालबालिकाको शिक्षा तथा स्वास्थ्य, मानवीय सहयोगबाट वञ्चितजस्ता विषय पनि अनुगमनमा समावेश थिए । अनुसन्धानबाट प्राप्त तथ्यको आधारमा एवम् प्रमाणको आधारमा ८ उजुरीको सम्बन्धमा नेपाल सरकार लगायत सम्बद्ध पक्षलाई आवश्यक कारबाहीको लागि सिफारिस गरेको छ ।

अनमिनले गरेको नेकपा (माओवादी) लडाकुहरूको प्रमाणीकरणका क्रममा विभिन्न शिविरमा रहेका करिब २,९७३ बालसैन्य बालिबालिकालाई विनार्शत शिविरबाट बाहिर निकाली समाजमा पुनःस्थापना, पुनःएकीकरण, सामाजिक पुनःमिलन लगायत उनीहरूलाई शिक्षा, तालिम, रोजगारलगायतको व्यवस्था मिलाउनका लागि आयोगले नेपाल सरकारलाई सिफारिस गरेको छ । सिफारिसका अन्य विषयमा बालबालिकालाई सहज रूपमा पाठ्यपुस्तक उपलब्ध गराउनको लागि र बालबालिकालाई दुर्व्यवहार नगर्ने रहेका छन् । यसअतिरिक्त बालबालिका बेचविखनको महासन्धि र आलेखमा नेपाल सरकारलाई राय दिने कार्य गरिएको छ । आयोगबाट बालबालिकाको उद्दार सम्बन्धमा पनि विभिन्न कार्यहरू भएका छन् । सिन्धुली कारागारमा रहेका केही बालकलाई नेपाल बालसङ्गठनसँग समन्वय गरी सिन्धुलीस्थित बालसङ्गठनको बालगृहमा राख्ने व्यवस्था गरिएको थियो । ललितपुर नगरपालिका वडा न–१३ कुसुन्तीस्थित एक घरमा ९ वर्षीय बालकलाई थुनेर राखिएको सम्बन्धमा अनुगमन गरी स्थानीय बालअधिकारसम्बन्धमा काम गर्ने गैसस सिविनसँग समन्वय गरी उद्धार गरिएको थियो । दीर्घकालीन पालनपोषण र अध्ययनको लागि केन्द्रीय बालकल्याण समितिसँग समन्वय गरी बालकलाई ललितपुरस्थित एक विद्यालयमा अध्यनको व्यवस्था मिलाइएको छ । त्यसै गरी २०६५ साल असार १६ गते प्युठान घर भएकी १५ वर्षीय एक बालिकालाई बेवारिसे अवस्थामा फेला पारिएकोमा सिविनसँग समन्वय गरी निजको उद्धार गरिएको थियो ।

आयोगले बालअधिकारको क्षेत्रमा महत्वपूर्ण सम्बर्द्धनात्मक कार्यहरूसमेत गरेको छ । बालबालिका अपहरण एवम् हत्यासम्बन्धी सवाल र सरोकारवालाहरूको दायित्व र बालअधिकारको वर्तमान अवस्था लगायतका विषयमा केन्द्रित रही अन्तर्क्रिया सञ्चालन गरिएको थियो । यस्तै निर्वाचनमा बालबालिकाको दुरपयोगलाई ध्यानमा राखी आयोगको केन्द्रीय कार्यालय र चारै क्षेत्रीय कार्यालयमा संविधानसभा निर्वाचन र बालअधिकारको सवाल विषयक अन्तरर्क्रिया गरिएको थियो । बालदिवसको अवसरमा नेपाल बालसङ्गठनसँग समन्वय गरी बालचित्रकला प्रतियोगिता र शिक्षाको अधिकार र राज्यको दायित्व विषयक बालनिबन्ध प्रतियोगिता सम्पन्न भएको थियो । अनुगमनको विवरण अनुसुची–२ समावेश गरिएको छः

## ३.१.५ अनुसन्धान

आयोगमा प्राप्त उजुरीहरू र अन्य स्रोत तथा आयोगको स्वविवेकमा मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका घटनाको सम्बन्धमा आयोगले अनुसन्धान गर्दै आइरहेको छ । यस अवधिमा पुराना उजुरीहरूउपरको अनुसन्धान कार्यलाई प्राथामिकता दिइएको छ ।

मूलतः अनुसन्धानका विषयहरूमा सुरक्षाकर्मीद्वारा प्रकाउ गरी हत्या गरिएका, दोहोरो भिडन्तको नाममा हत्या गरिएका, नेकपा माओवादीबाट हत्या गरिएका, बेवारिसे बम-विष्फोटनमा परी मृत्यु भएका तथा घाइते भएका भनिएका घटनाहरू छन् । यसै गरी राज्यद्वारा बेपत्ता पारिएका तथा नेकपा (माओवादी), जनतान्त्रिक तराई मुक्ति मोर्चा ( ज्यालासिंह), अखिल तराई मुक्तिमोर्चा लगायतबाट अपहरण गरिएका भनिएका विभिन्न विषयमा पनि अनुसन्धान गरिएको छ । यसका अतिरिक्त विस्थापित, आर्थिक सामाजिक अधिकार, आन्तरिक विस्थापन, धम्की, सम्पत्ति कब्जा, यातना तथा कुटपीट र बन्दीका अधिकार हननजस्ता विषयहरूमाथि पनि अनुसन्धान गरिएको छ ।

कपिलवस्तु वीरपुरमा अब्दुल मोहिद खाँको २०६४ भदौ ३० गते अज्ञात व्यक्तिबाट गोली हानी हत्या भएपश्चात् भडकिएको हिंसामा ठूलो जनधनको क्षती भएको थियो । आयोगले उक्त घटनाको सम्बन्धमा अनुगमन तथा अनुसन्धान गरी दोषीहरूलाई आवश्यक कारबाही र पीडित परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरेको थियो ।

अनुसन्धानको क्रममा बेपत्ता पारिएका तथा अपहरण गरी अवस्था अज्ञात पारिएको भनिएका उजुरीको सम्बन्धमा नेपाल प्रहरीसमेतको सहयोगमा शवउत्खनन गरिएको थियो । नेपाली सेनाको भैरवनाथ गणबाट महाराजगञ्जबाट २०६० सालमा विभिन्न मितिमा पक्राउ गरी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूलाई शिवपुरी राष्ट्रिय निकुञ्ज क्षेत्रको ठूलीगैरी खोलामा लगी जलाइएको/गाडिएको भनी प्राप्त जानकारीअनुसार सो स्थानको स्वदेशी तथा विदेशी विशेषज्ञको सहयोगमा स्थलगत अनुसन्धान गरियो । सो स्थलमा प्राप्त शङ्कास्पद वस्तुहरू फिनल्याण्डको प्रयोगशालामा थप अनुसन्धानको लागि पठाइएको छ ।


शिवपुरीमा अनुसन्धान टोली अनुसन्धान गर्दै

आयोगबाट जर्वजस्ती बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसको दिन २०६४ भदौ १३ गते नेपालमा बेपत्ताको अवस्था, सर्वोच्च अदालतको फैसला र राज्यको दायित्व विषयमा एक दिने कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यक्रममा विभिन्न सरकारी तथा गैरसरकारी सङ्घसंस्थाहरूका प्रतिनिधिहरूले बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गर्न तथा अदालत तथा राष्ट्रिय मानवअधिकार आयोगका निर्णयहरूको कार्यान्वयन गर्न सरकार गम्भीर हुनुपर्नेमा जोड दिएका थिए । सरकारले सर्वोच्च अदालतको फैसलामा निर्देशन दिइएका विषयहरूमध्ये वेपत्ता पारिएका व्यक्तिहरूका केही परिवारहरूलाई प्रति व्यक्ति.एक लाख रुपैयाका दरले राहत उपलब्ध गराउने निर्णय गरेको थियो । उक्त दिन अनौपचारिक क्षेत्र सेवा केन्द्र इन्सेकको पहलमा आयोजित र्‍यालीको आयोगले अनुगमन गरेको थियो ।

सुरक्षाकर्मीले पकाउ गरी भैरवनाथ गणमा थुनामा राखी बेपत्ता पारिएका भनिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न आवश्यक अनुसन्धान गर्ने क्रममा आयोगबाट विभिन्न गैरसरकारी सङ्घसंस्थाहरूमा गइ सूचनाहरू सङ्कलन गर्नुको साथै जानकारी

लिएको थियो । यस क्रममा मानवअधिकार गृह, अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक), हिमराइटस, यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), एड्भोकेसी फोरम, काहुराष्ट तथा जनअधिकार संरक्षण मञ्च (पीपीआर), नेपाल मानवअधिकार सङ्गठन लगायतका सङ्घसंस्थाहरूसँग छलफल गरेको थियो । बेपत्ता परिवार समाजले बेपत्ता पारिएका आफन्तहरूको स्थिति सार्वजनिक गर्न नेपाली सेनाको भैरवनाथ गण तथा नेपालगञ्जस्थित सेनाको व्यारेकमा एक दिन धर्ना दिएका थिए । यसको आयोगबाट अनुगमन भएको थियो ।

व्यक्तिहरूलाई बेपत्ता पार्ने कार्य मानवअधिकारको गम्भीर उल्लङ्घन भएको भनी राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रबाट व्यापक आलोचना भए पनि नेपाल सरकारले बेपत्ता नागरिकहरूको अवस्था सार्वजनिक गर्न तत्परता देखाएको पाइएन । यस अवधिमा ७२८ थान उजुरीको सम्बन्धमा अनुसन्धान गरिएको छ ।  सम्पन्न गरिएका अनुसन्धान विवरण अनुसूची–३ मा दिइएको छ ।

## ३.१.६ मानवअधिकार उल्लङ्घनमा उजुरी फछ्र्यौटको अवस्था

आयोगले यस अवधिमा मानवअधिकार उल्लङ्घन भएको भनी आयोगमा परेका उजुरीहरूको अनुसन्धान कार्य सम्पन्न गरी ५१७ व्यक्तिको सम्बन्धमा परेका ४७७ उजुरीको सम्बन्धमा निर्णय गरेको छ । जसमा ४०४ तामेली/ खारेजी/टुङ्ग्याइएको अवस्था छ । त्यसै गरी ३८ उजुरीको सम्बन्धमा दोषीलाई कारबाही गर्न र ९१ जनाको हकमा क्षतिपूर्तिको लागि नेपाल सरकारलाई सिफारिस गरिएको छ । आयोगले प्राप्त उजुरीबाहेक स्वयम् जानकारीमा लिइ अनुसन्धान गरी नेपाल सरकारलाई जम्मा ११ ओटा सिफारिस गरेको छ । जसमा कपिलवस्तु घटना, माओवादीबाट हत्या गरिएका बाराका पत्रकार वीरेन्द्र साह, पाठयक्रममा मानवअधिकार शिक्षा लागू गर्ने, सिरहा जिल्लामा विद्यालय भवनबाट सशस्त्र प्रहरीक्याम्प हटाउने, कारागारको अवस्था सुधार गर्ने, सिराहा र सप्तरी तथा विष्फोटक पदार्थको व्यवस्थापन गर्ने आदि विषयसँग सम्बन्धित छन् । आयोगले  प्रेस बिज्ञप्तिमार्फत पनि नेपाल सरकार लगायत सरोकारवाला पक्षलाई मानवअधिकारको संरक्षण र सम्बर्द्धनको लागि को ध्यानाकर्षण गराउदै आइरहेको छ । आयोगबाट जारी प्रमुख प्रेस-विज्ञप्तिलाई अनुसूची–४ मा समावेश गरिएको छ ।

## बिषयगत आधारमा गरिएका निर्णयहरू :

### सिफारिससम्बन्धी विवरण

| क.स. | विषयगत विवरण | | सिफारिस | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | उजुरी सङ्ख्या | पीडितको सङ्ख्या | दोषीलाई कारबाही | क्षतिपूर्ति | अन्तरिम राहत |
| १ | मृत्यु | गैरन्यायिक हत्या | २४ | ४७ | २१ | ३९ | |
| | | बम-विष्फोटबाट मृत्यु | | | | | |
| | | हिरासतमा मृत्यु | २ | २ | २ | २ | |
| | | वेपत्तापछि हत्या | ११ | ९ | ४ | ९ | |
| | | माओवादी कब्जापछि हत्या | ११ | १२ | ४ | ९ | |
| २ | बेपत्ता/कब्जा | सुरक्षाकर्मीद्वारा वेपत्ता | ७ | ११ | | ६ | ४ |
| | | माओवादीद्वारा कब्जा | ३ | ३ | | | २ |
| ३ | यातना/कुटपीट | सुरक्षाकर्मी | ३ | ९ | १ | ९ | |
| | | माओवादी | | | | | |
| | | अन्य | | | | | |
| ४ | घाइते/कुटपिट | बम-विष्फोटबाट घाइते | ३ | ५ | ३ | ३ | |
| | | पकाउको क्रममा कुटपिट | २ | ४ | ३ | ४ | |
| ५ | आन्तरिक विस्थापित | सुरक्षाकर्मी | | | | | |
| | | माओवादी | ७ | ८ | | ७ | |
| | **जम्मा सङ्ख्या** | | ७३ | ११० | ३८ | ९१ | ६ |

### खारेजी, तामेली तथा टुङ्गयाइएका उजुरीसम्बन्धी विवरण

| क.सं. | विषयगत विवरण | | उजुरी सङ्ख्या | पीडितको सङ्ख्या | खारेजी | तामेली | टुङ्गयाइएको |
|---|---|---|---|---|---|---|---|
| १ | बेपत्ता/कब्जा | सुरक्षाकर्मीद्वारा वेपत्ता | २५८ | २६० | | | २६० |
| | | माओवादीद्वारा कब्जा | ७७ | ७७ | | | ७७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २ | धम्की | सुरक्षाकर्मी | | | | | |
| | | माओवादी | २१ | २१ | ११ | | १० |
| | | दुबै पक्ष | २ | २ | | | २ |
| | | अन्य | | | | | |
| ३ | गैरकानुनी थुना/थुना | | १५ | १५ | | | १५ |
| ४ | सम्पत्ति कब्जा | सुरक्षाकर्मी | १ | १ | | | १ |
| | | माओवादी | | | | | |
| ५ | बलात्कार | | १ | १ | १ | | |
| ६ | यातना/कुटपिट | सुरक्षाकर्मी | ७ | ७ | ३ | ३ | १ |
| | | माओवादी | | | | | |
| | | अन्य | | | | | |
| ७ | दोहोरो भीडन्तमा मृत्यु | बम-विष्फोटबाट घाइते | १ | १ | | | १ |
| ८ | गैरन्यायिक हत्या | सुरक्षाकर्मी | १ | १ | | | १ |
| ९ | अन्तरजातीय विवाह | | | | | | |
| १० | विस्थापित | सुरक्षाकर्मी | १ | १ | | | १ |
| | | माओवादी | ४ | ४ | | ४ | |
| ११ | आर्थिक सामाजिक अधिकार | | ८ | ८ | ६ | | २ |
| १२ | विदेशी/शरणार्थीको अधिकार | | ७ | ८ | | | ८ |
| | **जम्मा सङ्ख्या** | | ४०४ | ४०७ | २१ | ७ | ३७९ |

**आयोगबाट यस अवधिमा गरिएका केही सिफारिसहरूको विवरण अनुसूची –५ मा दिइएको छ।**

## ३.२ मानवअधिकारको सम्बर्द्धनसम्बन्धी कार्यहरू

मानवअधिकारको सम्बर्द्धनको लागि आयोगको केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यलयहरूबाट मानवअधिकारका समसामयिक विषय तथा सवालहरूमा छलफल, अन्तर्क्रिया, तालिमजस्ता कार्यक्रमहरू सम्पन्न गरिए । त्यस्ता कार्यक्रममा सरोकारवाला, सुरक्षानिकाय, सरकारी निकायका प्रतिनिधि, गैरसरकारी संस्था तथा

नागरिक समाजका प्रतिनिधि र मानवअधिकारकर्मीहरूको उल्लेख्य सहभागिता थियो । ती कार्यक्रमहरू मूलतः मानवअधिकारको सचेतना एवम् क्षमता विकास तथा मानवअधिकार संस्कृतिको विकास गर्ने उद्देश्यबाट आयोजना गरिएका थिए ।

## ३.२.१ तालिम

यस वर्ष मानवअधिकारसँग सम्बन्धित विभिन्न तालिमहरूको आयोजना गरियो । उदाहरणको रूपमा आयोजित तालिमहरू निम्नानुसार रहेका छन्:

- सञ्चारकर्मीहरूको लागि पोखरा, नेपालगञ्ज, धनगढी र विराटनगरमा क्षेत्रीय स्तरको आधारभूत मानवअधिकारसम्बन्धी तालिम,
- बारा, पर्सा, रौतहट जिल्लाका मानवअधिकार रक्षकहरूको लागि वीरगञ्जमा तीन दिने आधारभूत मानवअधिकार विषयक तालिम,
- गोरखा, लमजुङ, तनहुँ, धादिङ र मकवानपुरका मानवअधिकारकर्मी तथा सामाजिक कार्यकर्ताहरूलाई धादिङवेशीमा पाँच दिने मानवअधिकार तथा संविधानसभासम्बन्धी तालिम,
- सर्लाही, धनुषा, महोत्तरी, सिराहा, सप्तरी र उदयपुरका मानवअधिकारकर्मीलाई लाहानमा तीन दिने मानवअधिकार तथा संविधानसभासम्बन्धी तालिम र
- आयोगका कर्मचारीहरूको क्षमता अभिवृद्धिको लागि विभिन्न विषयमा तालिम ।

यस किसिमका तालिमहरूबाट सरोकारवालाहरूमा मानवअधिकारसम्बन्धी ज्ञान, शीप अभिवृद्धि भइ व्यवहारमा परिवर्तन ल्याउन सघाउ पुगेको थियो ।

आयोगका कर्मचारीहरूको क्षमता विकासको लागि पनि विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तालिम कार्यक्रमहरूको आयोजना गरिएको थियो । राष्ट्रिय स्तरमा आयोजना गरिएका तालिमहरूमा लेखा तथा प्रशासन सहायकहरूको लागि लेखा व्यवस्थापनसम्बन्धी, अधिकृतहरूको लागि मध्यस्थकर्तासम्बन्धी आदि रहेका थिए ।

त्यसै गरी आयोगका कर्मचारीहरूलाई अन्तराष्ट्रिय स्तरमा भएका निम्न तालिम तथा गोष्ठीहरूमा पठाइएको थियो ।

**तालिम/गोष्ठीमा सहभागीहरूको विवरण**

| सहभागिको नाम पद | तालिमको विषय | देश | मिति |
|---|---|---|---|
| १. वेदप्रसाद भट्टराई– क्षेत्रीय निर्देशक<br>२. सुवर्ण कर्माचार्य– क्षेत्रीय निर्देशक | Regional Training Programm in Human Rights for representation for National Human Rights Institution in the Asia Pasific | Raoul Wallenberg Institute Of Human Rights and Humanitarian Law बाट थाइल्याण्डमा आयोजित | नोभेम्बर १९–२८, २००८ |
| ३. गीता दाहाल– संरक्षण अधिकृत,<br>४. ज्योतिप्रसाद घिमिरे– संरक्षण अधिकृत<br>५. झङ्करबहादुर रावल– संरक्षण अधिकृत<br>६. विमलवावु खत्री– सञ्चार अधिकृत | Pilot Sub Regional workshop in National Inquires | एसिया प्रशान्त मञ्च, भारतको मानवअधिकार आयोग र Raoul Wallenberg Institute Of Human Rights and Humanitarian Law बाट भारतको नयादिल्लीमा आयोजित | अक्टोबर २९–१ नोभेम्बर, २००७ |
| ७. सम्झना शर्मा– सर्म्बद्धन अधिकृत | मानवअधिकारसम्बन्धी | अष्ट्रेलिया | जुन ८-२७, २००८ |
| ८. रेगम महर्जन – संरक्षण अधिकृत | मानवअधिकार र महिला विकाससम्बन्धी | दक्षिण कोरिया | जुन ८-२८, २००८ |

## ३.२.२ अभिमुखीकरण गोष्ठी

- राजधानी लगायत सबै विकास क्षेत्रमा संविधानसभामा मानवअधिकारका सवाल र अनुगमन सम्बन्धमा आयोगका कर्मचारी, सरकारी निकायका

प्रतिनिधिहरू, गैरसरकारी संस्थाका प्रतिनिधिहरूको उपस्थितिमा अभिमुखीकरण गोष्ठी,

- राजनीतिक दलहरूका प्रशिक्षक तथा नेताहरूको उपस्थितिमा संविधानसभामा मानवअधिकारका सवाल र दायित्व विषयमा अभिमुखीकरण गोष्ठी,
- जर्बजस्ती पकाउ गरी बेपत्ता पारिएकाहरूको अन्तर्राष्ट्रिय दिवसको अवसर पारी बेपत्ताको अवस्था, सर्वोच्च अदालतको फैसला र राज्यको दायित्व विषयमा एक दिने कार्यशाला गोष्ठी र
- काठमाडौं र नेपालगञ्जमा आदिवासी जनजातिको अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय श्रमसङ्गठन १६९ प्रतिज्ञापत्र विषयमा एक दिने कार्यशाला गोष्ठी ।

### ३.२.३ प्रकाशन

मानवअधिकार अवस्थाको विषयमा र मानवअधिकार संरक्षण तथा सम्बर्द्धनको सम्बन्धमा आयोगले गरेका क्रियाकलापहरूको बारेमा जानकारी गराउने उद्देश्यले विभिन्न प्रतिवेदनहरू प्रकाशन गरिएको छ । मानवअधिकारसँग सम्बन्धित विभिन्न अन्तर्राष्ट्रिय सामाग्रीहरूलाई प्रकाशन गरी वितरणमा ल्याइएको छ । आयोगद्वारा सञ्चालित गतिविधिहरू झल्काउने गरी आयोगको भित्तोपात्रो २०६५ मानवअधिकार आयोगद्वारा गरिएका सिफारिस र कार्यान्वयनको अवस्था २०६५, मानवअधिकारपत्र, मानवअधिकारको दृष्टिमा संविधानसभा प्रतिवेदन २०६५ प्रकाशन गरी वितरण गरिएको छ । त्यसै गरी नेपालमा बालअधिकारको अवस्था, मानव बेचविखन ( विशोषतः महिला तथा बालबालिकासम्बन्धी)-सम्बन्धी राष्ट्रिय प्रतिवेदनलगायत विभिन्न प्रचारात्मक सामाग्रीसमेत प्रकाशमा ल्याइएको छ । यस अवधिमा आयोगबाट प्रकाशित सामाग्रीहरू अनुसूची–६ मा दिइएको छ ।

### ३.२.४ मानवअधिकार तथा शान्तिशिक्षा

मानवअधिकार तथा शान्तिशिक्षा कार्यक्रम सम्बन्धमा सरोकारवालाहरूसँग बैठक, अन्तरक्रिया तथा सूचना आदान प्रदान गरिएको थियो । पाठयक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र, युनेस्को लगायतका सङ्घसंस्थाहरूँग पाठ्यक्रम

पुनरावलोकन तथा मानवअधिकार र शान्तिशिक्षा समावेश सम्बन्धमा छलफल एवम् अन्तर्क्रिया सम्पन्न भएका थिए । यस विषयमा आयोगले विद्यालय पाठ्यक्रममा मानवअधिकार शिक्षा समावेश गर्नको लागि नेपाल सरकारलाई सिफारिस गरिसकेको छ । यसका साथै नेपालमा विद्यालय शिक्षाका लागि राष्ट्रिय कार्यक्रम प्रारूप २०६३ मा विभिन्न क्रियाकलापमा सहभागी भइ लिखित रूपमा नै सुझावहरू प्रस्तुत गरिएको थियो ।

त्यस्तै गरी शिक्षक तालिमकर्ताहरूमा मानवअधिकार ज्ञान, सीप र व्यवहार सम्बन्धमा अध्ययनको लागि कार्यक्रम तथा योजनाको बारेमा शैक्षिक जनशक्ति विकास केन्द्र, पाठ्यक्रम विकास केन्द्र र शिक्षा विभागका पदाधिकारीहरूसँग छलफल गरी परामर्श लिनुको साथै सुझावसमेत सङ्कलन गरिएको थियो । मानवअधिकार तथा शान्तिशिक्षा अध्यापन सम्बन्धमा विद्यालयस्तरमा शिक्षक, शिक्षिकाहरूका निम्ति शिक्षण निर्देशिका तयार गर्न पाठ्यक्रम विकास केन्द्र, शैक्षिक जनशक्ति विकास केन्द्र र युनिसेफ लगायतका संस्थाहरूले आयोजना गरेको ५ दिने कार्यक्रममा प्राविधिक सहयोग उपलब्ध गराइएको थियो ।

शान्तिशिक्षाको क्षेत्रमा कार्यरत सरकारी तथा गैरसरकारी संस्थाहरूको संयुक्त आयोजनामा सम्पन्न राष्ट्रिय शान्तिशिक्षासम्बन्धी दुई दिने प्रदर्शनीमा आयोगको तर्फबाट सहभागिता, पुस्तक प्रदर्शनी तथा बालअधिकारका सवालमा शिक्षक तथा विद्यार्थीहरूलाई अभिमुखिकरण कार्यक्रम सञ्चालन तथा आवश्यक परामर्श उपलब्ध गराइएको थियो । मानवअधिकार सञ्चारप्रतिष्ठान नेपाल लगायत अन्य संस्थाद्वारा प्रकाशन गरिएको शान्ति तथा मानवअधिकार शिक्षातालिम निर्देशिका २००७ का सम्बन्धमा समन्वय गर्नुको साथै आवश्यक सुझाव तथा सहयोग लिइएको थियो ।

### ३.२.५ राष्ट्रिय मानवअधिकार आयोगको चिनारी तथा भ्रमण

नेपालको विभिन्न क्षेत्रको प्रतिनिधित्व गर्दै मानवअधिकारकर्मीहरू, लगायत विदेशी पाहुनाहरूको आयोग भ्रमण तथा आयोगका बारेमा जानकारी गराउने उद्देश्यले विभिन्न समयमा भेटघाट, छलफल तथा अन्तर्क्रिया गरिएको थियो । यसबाट मानवअधिकारको अवस्था र समग्र मानवअधिकारका सवालहरूका बारेमा जानकारी आदानप्रदान तथा सहकार्य तथा सञ्जाल निर्माणमा सहयोग पुगेको थियो । आयोगको

विभिन्न महाशाखा तथा स्रोत केन्द्रको अवलोकन भ्रमणबाट सहभागीहरूलाई आयोगको कामकारबाहीका सम्बन्धमा बुझ्न सघाउ पुगेको थियो ।

### ३.२.६ वार्षिक उत्सव एवम् अन्य कार्यक्रम

- **बेपत्ताविरुद्धको अन्तर्राष्ट्रिय दिवस**

वेपत्ताविरुद्धको अर्न्तराष्ट्रिय दिवस अगष्ट ३० को अवसरमा २०६४ साल भदौ १३ गते आयोगको सभाकक्षमा नेपालमा *बेपत्ताको अवस्था, सर्वोच्च अदालतको फैसला र राज्यको दायित्व* विषयक एकदिने कार्याशाला गोष्ठी आयोजना गरिएको थियो । कार्यक्रममा नेपाल सरकारका शान्ति तथा पुनर्निर्माण मन्त्रालय, रक्षा-मन्त्रालय, गृह-मन्त्रालय र अर्थ-मन्त्रालयका अधिकारी, सुरक्षानिकायका प्रतिनिधि, संसद्को मानवअधिकार समितिका सदस्य, राजनीतिक दलका प्रतिनीधि, पीडित परिवारका प्रतिनिधि, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारकर्मी एवम् सञ्चारकर्मीसमेतको उपस्थिति थियो । कार्यक्रममा बेपत्ता सम्बन्धमा आयोगले गरेका कार्यहरूबारेमा प्रकाश पार्नुको साथै बेपत्ता पारिएकाहरूको अवस्था एकीन गर्न सरकारको ध्यानाकर्षण गराइएको थियो । सहभागीहरूले नेपालमा वेपत्ताको सम्बन्धमा चर्चा गर्दै आयोगलाई विभिन्न सुझावहरू दिए । सहभागीहरूले सरकारले तत्काल अन्तर्राष्ट्रिय मापदण्डअनुसार बेपत्ताविरुद्धको कानुन बनाउनुपर्ने, सोही आधारमा उच्चस्तरीय अधिकार सम्पन्न आयोग गठन गरी बेपत्ताहरूको अवस्था सार्वजनिक र दोषीउपर कानुनी कारबाही र पीडितलाई राहत दिनुपर्ने कुरामा जोड दिएका थिए । गोष्ठीमा बेपत्ता सम्बन्धमा सर्वोच्च अदालतले गरेको फैसला र आयोगले गरेका निर्णय र सिफारिसहरू कार्यान्वयनमा सरकारले तदारुकता देखाउनुपर्नेमा जोड दिइएको थियो ।

- **राष्ट्रिय बालदिवस**

२०६४ साल भदौ २५ मा राष्ट्रिय बालदिवसको उपलक्ष्यमा *संविधानसभा र हामी बालबालिका* विषयक अन्तर निमावि र मावि तहको जिल्ला स्तरीय चित्रकला प्रतियोगिता सम्पन्न भयो । राष्ट्रिय बालदिवस मूल समारोह समितिको आयोजना तथा राष्ट्रिय मानवअधिकार आयोग र नेपाल बाल सङ्गठनको सहकार्यमा सम्पन्न सो प्रतियोगिता गौरिशङ्कर बालगृह दोलखामा भएको थियो । प्रतियोगितामा विभिन्न विद्यालयका ५३ जना छात्रछात्राको सहभागिता रहेको थियो । बालअधिकार, संविधान,

संविधानसभा र संविधानसभामा बालअधिकारहरूलाई कसरी सम्बोधन गर्न सकिन्छ भन्ने कार्यक्रमको उद्देश्य रहेको थियो ।

- **अन्तर्राष्ट्रिय मानवअधिकार दिवस (१० डिसेम्बर)**

संयुक्त राष्ट्रसङ्घीय महासभाद्वारा पारित मानवअधिकारको विश्वव्यापी घोषणपत्र जारी भएको दिन १० डिसेम्बरलाई अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको रूपमा मनाइन्छ । आयोगले विभिन्न कार्यक्रमका साथ २०६४ मङ्सिर २४ गते ५९ औं अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइएको थियो । कार्यक्रमका प्रमुख अतिथि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले पूर्ण प्रजातन्त्रमा मानवअधिकार समावेश हुने र पूर्ण प्रजातन्त्रको लागि संविधानसभा अपरिहार्य भएको उल्लेख गर्दै राष्ट्रिय मानवअधिकार आयोगले निश्पक्ष भइ काम गरोस भनी शुभकामना दिनुभयो । आयोगको संस्थागत विकासको लागि गर्नुपर्ने कार्यको लागि आाफू तत्पर रहेको प्रधानमन्त्रीको भनाइ थियो । कार्यक्रममा आयोगका अध्यक्ष एवम् सदस्यहरूले आ-आफ्नोमन्तब्य राख्नुभएको थियो ।




अन्तराष्ट्रिय मानवअधिकार दिवसको दिन रोल्पामा निकालिएको ऱ्याली




५९ मानवअधिकार दिवसको सन्दर्भमा पोखरामा आयोजित रक्तदान कार्यक्रम

प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा सम्पन्न उक्त कार्यक्रममा संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमका प्रतिनिधि म्याथु काहाने , संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त कार्यालयका नेपालस्थित प्रतिनिधि रिचर्ड बेनेट, आयोगका पदाधिकारी, मन्त्री, न्यायधीश, संबैधानिक निकायका प्रमुख एवम्

पदाधिकारी, राजदुत र संयुक्त राष्ट्रसङ्घीय विभिन्न निकायका पदाधिकारी, नेपाल सरकारको उच्च दस्थ अधिकारी, गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधि, आयोगका

पूर्वसदस्य,  पत्रकार , विभिन्न पेशागत सङ्घसंस्थाका प्रतिनिधि, प्राज्ञिक वर्ग, विद्यार्थी एवम्  आयोगका कर्मचारीहरूसहित करिब ५०० जनाको उपस्थिति रहेको थियो । आयोगका क्षेत्रीय तथा सम्पर्क कार्यालयहरूमा पनि विभिन्न कार्यक्रमका साथ अन्तर्राष्ट्रिय मानवअधिकार दिवस मनाइएको थियो ।

- **अन्तर्राष्ट्रिय नारी दिवस** (८ मार्च)

राष्ट्रिय मानवअधिकार आयोगद्वारा अन्तर्राष्ट्रिय महिला दिवसको अवसरमा २०६४/११/२६ गते *लैङ्गिक समानताको लागी लगानी* विषयक अन्तरसम्बाद कार्यक्रमको आयोजना गरिएको थियो । महिला सशक्तिकरण एवम् अधिकार प्रत्याभूतिका लागि राज्यले लिएको नीति  तथा स्रोतसाधन परिचालनको अवस्थामा सचेतना जगाउन तथा कायक्रम तर्जुमा गर्न सघाउ पुऱ्याउने कार्यक्रमको उद्देश्य रहेको थियो  । कार्यक्रममा विभिन्न मन्त्रालयका प्रतिनिधि, सुरक्षानिकायका प्रतिनिधि, मानवअधिकारसँग सम्बन्धित राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैरसरकारी सङ्घसंस्थाका प्रतिनिधिहरू, राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारी र कर्मचारीहरूको सहभागिता रहेको थियो ।

- **आयोगको आठौं वार्षिक उत्सव**

राष्ट्रिय मानवअधिकार आयोगले मिति २०६५/२/१३ गते सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको प्रमुख आतिथ्यमा आठौं वार्षिकोत्सव मनाएको थियो । समारोहमा विगत एक वर्षको मानवअधिकार अवस्थाको बारेमा जानकारी दिंदै आयोगका उपलब्धि र चुनौतीहरू सम्बन्धमा विभिन्न सरोकारवालाहरूको ध्यानाकर्षण




**आयोगको आठौं वार्षिक उत्सव मनाउने क्रममा आयोगका पदाधिकारीहरूसँग कुराकानी गर्दै सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला**

गराइएको थियो । मानवअधिकार अवस्थाको बारेमा जानकारी गराउनु, सरकार लगायत सम्बन्धित पक्षको ध्यानकर्षण गराउनु, मानवअधिकार सचेतना अभिवृद्धि गर्नु, विभिन्न सरोकारवाला, सङ्घसंस्था वा व्यक्तिहरूसँग समन्वय गर्नु र राष्ट्रिय मानवअधिकार आयोग स्थापनाको स्मरण गर्नु आदि वार्षिक कार्यक्रमका उद्देश्य थिए कार्यक्रममा प्रधानमन्त्रीले प्रजातन्त्र र मानवअधिकार एकअर्कामा अन्योन्याश्रित भएको उल्लेख गर्दै आयोगलाई संस्थागत र बलियो बनाउनको लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जनाउनुभएको थियो । आयोगका अध्यक्ष केदारनाथ उपाध्यायले आयोगका सिफारिसहरू कार्यान्वयन नभएको तर्फ सरकारको ध्यानाकर्षण गराउनुभएको थियो । त्यसै गरी आयोगका क्षेत्रीय कार्यालय र सम्पर्क कार्यालयहरूमा पनि विभिन्न कार्यक्रमका साथ वार्षिक उत्सव मनाइएको थियो ।

समारोहमा प्रधान न्यायधीश, मन्त्री, संविधानसभा सदस्य, राजनीतिक दलका नेता तथा प्रतिनिधि, संवैधानिक अङ्गका प्रमुख तथा प्रतिनिधि, राजदुत, न्यायधिस, कानुनव्यवशायीको उपस्थिति रहेको थियो । त्यसै गरी कार्यक्रममा विभिन्न दातृ-निकायका प्रमुख तथा प्रतिनिधि, सरकारी उच्चपदस्थ कर्मचारी, मानवअधिकारकर्मी, सञ्चारकर्मी, नागरिक समाजका प्रतिनिधि, मानवअधिकारका क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी संस्थाका प्रतिनिधिहरू लगायत आयोग परिवारसमेतको सहभागिता थियो ।



**यातना विरुद्धको दिवसको सन्दर्भमा जनकपुरमा छलफलकार्यक्रममा सहभागीहरू छलफल गर्दै**

यसका अतिरिक्त आयोगका कार्यालयहरूबाट विभिन्न कार्यक्रमको आयोजना गरी यातना विरुद्धको दिवस समेत मनाएको थियो ।

उल्लिखित कार्यक्रमको अलावा आयोगले पदाधिकारी तथा कर्मचारीहरूलाई अन्य निकायबाट आयोजित मानवअधिकारसँगसम्बन्धित तालिममा स्रोतव्यक्तिको रूपमा पठाउने गरेको छ ।





सुरक्षाकर्मीलाई मानवअधिकारसम्बन्धमा जानकारी गराउँदै आयोगका अधिकृत

मानवअधिकारसम्बन्धी सम्बर्द्धनात्मक कार्यहरूको विववरण अनुसूची–७ मा समावेश गरिएको छ ।

## ३.२.७ मानवअधिकार प्रदर्शनी

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय, नेपालगञ्जको आयोजनामा मानवअधिकारसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने र मानवअधिकारको क्षेत्रमा काम गरिरहेका सङ्घसंस्थाहरूलाई प्रबर्द्धन र टेवा पुऱ्याउने उद्देश्यका साथ २०६४ असोज ६ र ७ गते मानवअधिकार प्रदर्शनी सफलतापूर्वक सम्पन्न गरिएको थियो । प्रदर्शनीमा मानवअधिकारकर्मी, सञ्चारकर्मी, सङ्घसस्थाहरू, पेशागत सङ्घसस्था, नागरिक समाज, राजनैतिक दलका नेता तथा प्रतिनिधि साथै सुरक्षा निकाय, सरकारी अधिकारीहरू, विद्यार्थी एवम् सर्वसाधारणहरूको समेत उपस्थिति थियो ।

आयोगका सदस्य के.वी. रोकायाद्वारा उद्घाटन गरिएको सो प्रदर्शनीमा बाँके, बर्दिया, सुर्खेत, प्युठान, रोल्पा, दाङ, दैलेख, सल्यान, रुकुम र जुम्ला जिल्लामा कार्यरत मानवअधिकारवादी र ४० सङ्घसंस्थाहरूको सहभागिता थियो । प्रदर्शनीमा मानवअधिकारका विविध विषयवस्तु साथै संविधानसभासँग सम्बन्धित सामग्रीहरू राखिएका थिए । मानवअधिकारको विषयवस्तुमा आधारित विविध

सांस्कृतिक कार्यक्रमसमेत सञ्चालन गरिएको सो प्रदर्शनीलाई करिब ३०,००० व्यक्तिले अवलोकन गरेका थिए ।

## ३.३ विधिविषय परामर्शसम्बन्धी कार्यहरू

आयोगले यस अवधिमा मानवअधिकारसँग सम्बन्धित विभिन्न ऐन, नियम, विधेयक तथा अन्तर्राष्ट्रिय सन्धिहरूको पुनरावलोकन गऱ्यो । आयोगले मस्यौदा विधेयक तयार गर्ने कार्यमा समेत रचनात्मक भूमिका निर्वाह गर्दै आएको छ । यस अवधिमा राष्ट्रिय मानवअधिकार आयोग ऐनको लागि मस्यौदा समितिमा रही आयोगले आफ्नो भूमिका निर्वाह गरेको थियो । यसका अतिरिक्त वेपत्ता सम्बन्धी विधेयकको मस्यौदाउपर नेपाल सरकारलाई राय प्रदान गरिएको थियो । नेपालपक्ष भएका नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी महासन्धि (ICCPR) को दोस्रो तथा तेस्रो मस्यौदा आवधिक प्रतिवेदनउपर नेपाल सरकारसमक्ष आयोगको तर्फबाट राय उपलब्ध गराएको थियो । त्यसै गरी “बालबालिकाको बेचबिखन, बालवेश्यावृत्ति र अश्लील चित्रणविरुद्ध बालअधिकारसम्बन्धी महासन्धिको इच्छाधीन आलेख, २०००” उपर नेपाल सरकारले बालअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय समितिमा पेश गर्ने प्रारम्भिक प्रतिवेदनको मस्यौदामाथि आयोगको राय तथा सुझाव पेश गरिएको थियो ।

विद्यमान नेपाल कानुनहरूको पुनरावलोकन गर्ने सिलसिलामा यस वर्ष आयोगबाट कारागार ऐन २०१९, वैदेशिक रोजगार ऐन २०४२, आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारणसम्बन्धी नियमावली २०५८, आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८, श्रम-ऐन २०१९, बालश्रम (निषेध र नियमित) गर्ने ऐन, २०५७, अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९, सैनिक ऐन २०६३ र नागरिकता ऐन २०६३ का सम्बन्धमा अध्ययन प्रतिवेदनहरू तयार पारी सरोकारवालाहरूसँग छलफल तथा अन्तरक्रिया गरेको थियो । यस अवधिमा राष्ट्रिय मानवअधिकार आयोगसमेतलाई विपक्षी बनाइएको ५ मुद्दामा आयोगको तर्फबाट लिखित जवाफको प्रस्तुति र बहस गरिएको थियो ।

राष्ट्रिय मानवअधिकार आयोग ऐन निर्माण गर्न बनेको समितिले प्रस्तावित गरेको ऐनको मस्यौदाउपर सरोकारवालाहरूसँग छलफल गरिएको थियो । राष्ट्रिय मानवअधिकार आयोगका कर्मचारीहरूको सेवा, शर्त र सुविधासम्बन्धी नियमावली,

२०५८ को संशोधनको मस्यौदा तयार भइसकेको छ । संविधानसभा निर्वाचन समन्वय समितिमा रही तोकिएको कार्य कार्य सम्पन्न गर्नुको साथै आयोगका कर्मचारीहरूको विदेश मनोनयसम्बन्धी निर्देशिकाको प्रारम्भिक मस्यौदा तयार पारी आयोगमा पेश गरिएको छ । त्यस्तै A Comparative Study on the Constitutional Status of National Human Rights Institutions: with Special Focus to the Status of APF Members को अध्ययन गरी आयोगसमक्ष प्रतिवेदन पेश भइसकेको छ ।

विधिविष परामर्श सम्बन्धमा भएगरेका कामकारबाहीलाई सर्वसाधारणसमक्ष पुऱ्याउने उद्देश्यले आयोगबाट अध्ययन पुनरावलोकन गरिएको A Study on the Domestication Status of the ICCPR विषयक अध्ययन प्रतिवेदन प्रकाशनमा ल्याएको थियो । त्यसै गरी "जातीय भेदभाव उन्मूलनसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय समितिद्वारा प्रस्तुत फौजदारी न्यायप्रणालीको प्रशासनिक तथा कार्यप्रणालीमा जातीय भेदभाव रोकथामसम्बन्धी सामान्य सुझावहरू ३१" र नेपालले संयुक्त राष्ट्रसङ्घको आर्थिक, सामाजिक तथा सांस्कृतिक समितिलाई पेश गरेको "आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारहरूसम्बन्धी अन्तराष्ट्रिय अनुबन्ध" को दोस्रो आवधिक प्रतिवेदनउपर सो समितिले प्रस्तुत गरेको अन्तिम अवलोकन नेपालीमा अनुवाद गरी प्रकाशनमा ल्याएको थियो ।

## ३.४ महिला-बालबालिकाबेचबिखन तथा ओसारपसारविरुद्ध गरिएका कार्यहरू

### ३.४.१ राष्ट्रिय प्रतिवेदन तयारी

मानवबेचबिखन (विशेष गरी) महिला तथा बालबालिकासम्बन्धी राष्ट्रिय प्रतिवेदन आर्थिक वर्ष २०६३–२०६५ सन् (२००६–२००७) को तयारीको सिलसिलामा सूचना सङ्कलन एवम् मस्यौदा प्रतिवेदनमाथि छलफल गर्ने अभिप्रायले विराटनगर ( २०६४/१२/७) र बुटवल (२०६४/८/२७-२८)-मा कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । गोष्ठीमा विभिन्न सरकारी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी सङ्घसंस्था एवम् अन्य सरोकारवालाहरूको उपस्थिति रहेको थियो । विराटनगरमा आयोगका माननीय सदस्य गौरी प्रधान, राष्ट्रिय समाधीक्षक पद्मा माथेमा र बुटवलका जिल्ला न्यायधीशको उपस्थितिमा सो कार्यक्रम सम्पन्न भएको थियो ।

गोष्ठीबाट राष्ट्रिय प्रतिवेदनको लागि आवश्यक सूचना, नियन्त्रणका क्षेत्रमा देखिएका चुनौतीसम्बन्धी चर्चापरिचर्चा हुनुको साथै र रायसुझाव प्राप्त भएको थियो । विभिन्न चरणका भएका परामर्श छलफल गोष्ठी, प्राविधिक समितिको बैठक र विज्ञहरूसँगको छलफलबाट प्राप्त सुझावहरूसमेतको आधारमा मानवबेचबिखन (विशेष गरी महिला तथा बालबालिकासम्बन्धी) राष्ट्रिय प्रतिवेदन २०६३–६५ सन् ( २००६–२००७) को सारांश र मूल प्रतिवेदन प्रकाशन गरिएको छ ।

## ३.४.२ अनुसन्धान

मानव-बेचबिखन रोकथाम तथा नियन्त्रणका लागि संस्थागत प्रतिवेदन प्रणाली विकासको लागि युरोपियन युनियनअन्तर्गत द्वन्द्व-न्यूनीकरण कार्यक्रम परियोजनाअन्तर्गत नियुक्त परामर्शदाताबाट अध्ययन-अनुसन्धान भइरहेको छ । उक्त अनुसन्धानको लागि आयोगका पदाधिकारी, सरोकारवाला सरकारी निकाय, विभिन्न सङ्घसंस्थाहरू एवम् दातृसंस्थासँग छलफल तथा परामर्श गरिएको छ ।

आर्थिक, समाजिक र सांस्कृतिक अधिकारमा सहज पहुँच नहुनाले *चेलीबेटी बेचबिखनमा हुने लैङ्गिक जोखिम*को बारेमा बाँके, दाङ, डोटी र कञ्चनपुर जिल्लामा अनुसन्धान भइरहेको छ । यसको लागि संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यालय, जेनेभाबाट आर्थिक सहयोग उपलब्ध भएको छ ।

## ३.४.३ प्राविधिक समितिको बैठक

मिति २०६०/१२/१८ गतेको आयोगको निर्णयानुसार महिला तथा बालबालिका-बेचबिखन ओसारपसारविरुद्ध राष्ट्रिय समाधिक्षकको कार्यालयमा प्राविधिक समितिको व्यवस्था गरिएको थियो । उक्त समितिको पटक-पटक बसेको बैठकले राष्ट्रिय प्रतिवेदनलाई रायसुझाव उपलब्ध गराएको थियो । नेपाल सरकारबाट आर्थिक वर्ष २०६५/६६ मा प्राप्त हुने बजेटको कार्ययोजना एवम् मानव-बेचबिखन नियन्त्रणका घटनाहरूको संस्थागत प्रतिवेदन प्रणालीको विकास एवम् संयन्त्र निर्माण गर्ने सम्बन्धमा छलफल भएको थियो ।

महिला बालबालिका तथा समाजकल्याण मन्त्रालयको संयोजकत्वमा चेलीबेटी-बेचबिखन रोकथाम तथा नियन्त्रणको क्षेत्रमा कार्यरत गैरसरकारी सङ्घसंस्थासँग

सहकार्य गरी २०६४ भदौ २० मा चेलीबेटी-बेचबिखनविरुद्ध प्रथम राष्ट्रिय दिवस मनाइएको थियो ।

## ३.५ योजना, आन्तरिक अनुगमन तथा मुल्याङ्कन

### ३.५.१ आयोगको रणनीतिक योजना र कार्ययोजना



आयोगको रणनीतिक योजना तर्जुमाको क्रममा सरोकारवालासँग गरिएको अन्तर्क्रिया कार्यक्रममा आफ्ना भनाइ राख्दै आयोगका मा. सदस्य के. बी. रोकाया

आयोगलाई प्राप्त भएको संवैधानिक दायित्व तथा देशको वर्तमान सङ्क्रमणकालीन अवस्थाको सन्दर्भमा मानवअधिकारको सवाललाई मध्यनजर गर्दै आयोगले तीन वर्षीय अन्तरिम रणनीतिक योजना, २००८–२०१० तर्जुमा गरेको छ । सो तयार गर्ने क्रममा आयोगले सरोकारवालाहरूको रायसुझाव सङ्कलन गर्ने उद्देश्यले क्षेत्रीय तथा राष्ट्रिय स्तरमा विभिन्न छलफल र अन्तरर्क्रिया गरेको थियो ।

विश्वव्यापी रूपमा आत्मसात् गरिएका मानवअधिकारका मान्यता, सिद्धान्त र मापदण्डअनुरूप मानवअधिकारको संरक्षण, प्रबर्द्धन, सम्मान, परिपूर्ति, मानवअधिकारको संस्कृति विकास, दण्डहीनताको अन्त्यका लागि स्वतन्त्र, निष्पक्ष र विश्वसनीय राष्ट्रिय संस्थाको रूपमा भूमिका निर्वाह गर्नु आयोगको ध्येय रहेको छ ।

आयोगले अङ्गिकार गरेको मानवअधिकारका मूलमान्यताहरू

- पहुँच
- जवाफदेहिता
- विविधता,
- समानता तथा समता
- निष्पक्षता
- स्वतन्त्रता,
- इमान्दारिता
- सहभागिता
- पारदर्शिता

देशको सामाजिक, आर्थिक, राजनीतिक तथा मानवअधिकारको स्थितिलाई समेत मध्यनजर राखी रणनीतिक योजनाले पहिचान गरेको प्राथमिकताका क्षेत्रहरू यसप्रकार छन्

- मानवअधिकारसम्बन्धी सिद्धान्त तथा मूल मान्यतालाई अभिवृद्धि,गर्ने ,
- मानवअधिकारमैत्री संविधान निर्माण गर्न सहभागितामूलक र समावेसी प्रक्रियाको प्रबर्द्धन गर्ने,
- दण्डहीनताको संस्कृतिको अन्त्य गर्ने,
- जीवन, स्वतन्त्रता तथा सुरक्षाको प्रबन्ध गर्ने,
- यातना र अमानवीय व्यवहारको अन्त्य तथा कारागार तथा हिरासत सुधार गर्ने,
- बेपत्ता, आन्तरिक विस्थापित व्यक्तिहरू तथा द्वन्द्वपीडितको सम्बन्धमा सत्यको पहिचान एवम् बाँचेका वा मृतकका परिबारलाई न्याय दिने,
- लिङ्ग, जात, धर्म, जातीय समूह, भाषा र वैचारिक आस्थाका आधारमा हुने सबै प्रकारका भेदभाव तथा हिंसाको अन्त्य गर्ने,
- आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारलाई जनताका मौलिक अधिकारको रूपमा सुनिश्चित गर्ने,
- राष्ट्रिय विकास कार्यक्रममा महिला, बालबालिका, अपाङ्ग, ज्येष्ठ नागरिक तथा अल्पसङ्ख्यक लगायतका सामूहिक अधिकारलाई मूल प्रवाहीकरण गर्ने र
- मानवअधिकार संरक्षण र प्रबर्द्धनका निम्ति गैरसरकारी संस्था, नागरिक समाज तथा मानवअधिकार रक्षकहरूसँग कार्यगत र उद्देश्य केन्द्रित सहकार्य गर्ने साथै राज्यका प्रतिबद्धताहरूलाई उसको काममा प्रभावकारी कार्यान्वयन गर्ने ।

यसअनुरूप, देहायका रणनीतिक उद्देश्यहरू निर्माण गरिएका छन्:

१. दण्डहीनताको अन्त्य गर्ने अभिप्रायले विधिको शासन, शान्ति तथा मानवअधिकार संस्कृतिलाई सुदृढीकरण गर्ने,

२. समावेशी तथा सहभागितामूलक विधिद्वारा मानवअधिकारमैत्री संविधान निर्माणको लागि वकालत तथा सहयोगीको भूमिका निर्वाह गर्ने,

३. महिला, बालबालिका, अपाङ्ग, जेष्ठ नागरिक लगायतका उपेक्षित तथा वञ्चित पारिएका वर्गहरूको लैङ्गिक तथा जातीय समानता, सशक्तिकरण र सबै प्रकारका हिंसा तथा विभेदको अन्त्यमा विशेष जोड दिंदै सामूहिक हक अधिकारको वकालत तथा अनुगमन गर्ने,

४. शिक्षा, सूचना एवम् सञ्चारसम्बन्धी सामाग्री विकास तथा वितरण गरी समाजमा मानवअधिकार शिक्षा तथा चेतना अभिवृद्धि गर्ने,

५. आवश्यक सूचाङ्क तथा मापदण्ड निर्माण गरी राज्यद्वारा गरिनुपर्ने आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारको परिपूर्तिको लागि अनुगमन तथा वकालत गर्ने,

६. मानवअधिकारसम्बन्धी प्रमुख अन्तर्राष्ट्रिय सन्धिसम्झौताको अनुमोदन वा सम्मिलन तथा प्रभावकारी कार्यान्वयन गरिने कुराको सुनिश्चितता लागि अनुगमन तथा वकालत गर्ने,

७. आयोगको सुदृढीकरण तथा संस्थागत क्षमता बिस्तार गरी आयोगको पहुँच पुऱ्याउने र विश्वसनीयता, प्रभावकारिता र जवाफदेहिताको अभिवृद्धि गर्ने ।

## ३.५.२ आयोगको केन्द्रिय तथा क्षेत्रीय कार्यालयका प्रगती मूल्यङ्कन

क्षेत्रीय कार्यालयबाट सम्पन्न प्रमुख गतिविधिहरूका सम्बन्धमा २०६५ बैशाख १२ गते कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो । कार्यक्रमको उद्देश्य प्रगतिसमीक्षा २०६५/२०६६ को अनुमानित बजेट, आयोगको संरक्षण र सम्बर्द्धनसम्बन्धी कार्यलाई एकरूपता दिने लगायत आयोगको रणनीतिक योजनामा समेत छलफल गरी निचोडमा पुग्नुरहेको थियो ।

## ३.५.३ बजेट तथा कार्यक्रम तर्जुमा

नेपाल सरकारबाट राष्ट्रिय मानवअधिकार आयोगलाई प्राप्त हुने बजेटको लागि आर्थिक बर्ष २०६४/२०६५ को लागि आयोगबाट बजेट पारित गरी नेपाल सरकार-समक्ष प्रस्तुत गरियो । जसअनुसार नेपाल सरकारबाट आयोगलाई चालु तथा पूँजीगत शीर्षकअन्तर्गत ३ करोड ६ लाख प्राप्त भएको थियो । त्यसै गरी २०६५/२०६६ को अनुमानित बजेट र कार्यक्रम तयार गरी नेपाल सरकारसमक्ष प्रस्तुत गरिएको छ ।

# परिच्छेद–४

## व्यवस्थापन तथा परियोजनासम्बन्धी गतिविधिहरू

### ४.१ प्रशासनिक गतिविधि

आयोगले केन्द्रीय कार्यालय, चारओटा क्षेत्रीय कार्यालय, पाँचवटा सम्पर्क कार्यालय मार्फत आफ्नो कार्य सम्पादन गर्दछ । आयोगको साङ्गठनिक तालिका अनुसूची–८ मा राखिएको छ । आयोगको केन्द्रीय, क्षेत्रीय तथा सम्पर्क कार्यालयमा गरी ११० र क्षमता विकास परियोजनाअन्तर्गत १७ कर्मचारीहरू रहेका थिए । कर्मचारीहरूको नामावली अनुसूची–९ मा दिइएको छ ।

आयोगको क्षमता अभिवृद्धि र आर्थिक तथा प्राविधिक सहयोगको लागि संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमअन्तर्गत क्षमता विकास परियोजना युरोपियन युनियनको सहयोगमा द्वन्द्व न्यूनीकरण परियोजना र बालअधिकारको संरक्षण-सम्बर्द्धनको लागि सेभ द चिल्ड्रेन नर्वे रहेका छन् ।

लामो समय रिक्त रहेको आयोगका पदाधिकारी र सचिवको नियुक्ति यस आर्थिक वर्षमा नै भएको छ । आयोगमा रिक्त कर्मचारीको पदपूर्ति गर्ने प्रक्रियाको थालनी भएको छ । सबै कर्मचारीहरूको रु. १० लाखको दुर्घटना बिमा र स्थायी कर्मचारीहरूको सावधिक जीवनबिमाको प्रकृया प्रारम्भ गरिएको छ । केन्द्रीय कार्यालयमा कार्यरत सम्पूर्ण कर्मचारीहरूको विद्युतीय हाजिरी, विदा तथा अन्य विवरणहरू अद्यावधिक गरिएको र चारओटै क्षेत्रीय कार्यालयमा २/२ जनाको दरले ८ जना र केन्द्रीय कार्यालयमा ६ जना गरी १४ जना इन्टर्नहरू नियुक्ति गरियो । आयोगबाट प्रदान गरिने सेवालाई सार्वजनिक जानकारीमा पुऱ्याउन नागरिक बडापत्र तयार गरी आयोगका कार्यालयहरूमा राखिएको छ । मुख्य रूपमा प्रशासनिक विभागले आयोगको सम्पूर्ण कार्य सञ्चालन गर्नमा सहयोगीको भूमिका निर्वाह गरेको छ ।

## ४.२ सूचना-प्रविधिसम्बन्धी कार्य

आयोगका कर्मचारीहरूको लेखाजोखा राख्ने उद्देश्यले बनाइएको PIS (Personnel Information System) Software पनि चालु अवस्थामा छ । उक्त सफ्टवेयर कर्मचारीहरूको E-Attendence राखी सञ्चालनमा आइरहेको छ । त्यस्तै भण्डार शाखालाई पनि व्यवस्थित गर्न भनी बनाइएको Inventory Software पनि सञ्चालनमा छ । जसले गर्दा भण्डारका सामानहरू व्यवस्थित राख्न सकिएको छ ।

आयोगद्वारा सूचना प्रविधिसम्बन्धी छुट्टै नीति तय भइ लागू गर्ने सम्बन्धमा कार्य आरम्भ भइसकेको छ । आयोगको क्षमता विकास परियोजनाबाट १ सूचना-प्रविधि र आयोगको तर्फबाट पनि सूचना-प्रविधि अधिकृतसहित २ जना कर्मचारीको व्यवस्था गरिएको छ ।

सूचना-प्रविधिलाई आधुनिकीकरण गर्ने सम्बन्धमा कार्य भइरहेको छ । आयोगको केन्द्रीय कार्यालयमा रहेको Internet service लाई पनि Internet Service Provider को सहयोगमा Wireless system गरिएको छ । आयोगको केन्द्रीय र क्षेत्रिय कार्यालयहरूको तथ्याङ्क केन्द्रीकृत गर्ने सवालमा प्रयास भइरहेको छ । इन्टरनेटमार्फत WAN Connection भएकामा त्यसलाइ नयाँ प्रविधि विभिन्न Lease Line or VSAT र राउटर तथा मोडेममार्फत WAN Connection गर्ने तर्फ पहल जारी छ । यसबाट आयोगमा भएका विभिन्न सफ्टवेयरहरूबाट तथ्याङ्क राख्दा त्यसका तथ्याङ्कलाई केन्द्रीकृत गर्नको लागि धेरै सरल साथै सुरक्षित हुन सक्छ ।

## ४.३ आर्थिक प्रशासन

नेपाल सरकारबाट आयोगलाई आर्थिक वर्ष ०६५/०६६ को लागि रु. ३ १२,२९,६८०।– (तीन करोड बाह्रलाख उनन्तीस हजार छ सय असीमात्र) (समय समयमा आएका थप बजेटसमेत) विनियोजन भएको थियो । जसमध्ये कूल २७,४३५,०८७। ४९ रुपैया खर्च भएको थियो । जसको विवरण अनुसूची–१० मा दिइएको छ । त्यसै गरी विभिन्न दातृ निकायबाट आयोगलाई प्राप्त आम्दानी र खर्चको विवरण अनुसूची–११ मा समावेश गरिएको छ । आयोगलाई नेपाल सरकारबाट प्राप्त बजेटको अवस्थालाई हेर्दा प्रत्येक वर्षको बजेट तुलनात्मक रूपमा

बढिरहेको देखिन्छ। नेपाल सरकारबाट प्राप्त अनुदान एवम विभिन्न दातृ निकायबाट प्राप्त भएको सहायता छुट्टाछुट्टै खाता खोली आर्थिक प्रशासन शाखामार्फत कारोबार भइरहेको छ । मानवअधिकार आयोग ऐन, २०५३ को दफा १५ बमोजिम आयोगको अन्तिम लेखापरीक्षण महालेखा परीक्षकको विभागबाट हुने गर्दछ । त्यसै गरी आयोगमा राजस्व खाता रहेकोमा यो आ.व.मा रु.४८७९२।९० ( अठचाली हजार सात सय बयानब्बे नब्बे पैसामात्र) राजस्व आम्दानी भएको छ, जसको विवरण अनुसूची–१२ मा दिइएको छ। धरौटीतर्फ गत आ.व. र यो आ.व.को जम्मा रु. १७ १,५७४।० १ कूल आम्दानी रहेकोमा रु.९७,०५०।५९ धरौटी फिर्ता भइ रु. ७४,५२३।४२ रकम धरौटी खातामा फिर्ता गर्न बाँकी रहेको छ । धरौटीको वार्षिक आर्थिक विवरण अनुसूची–१३ मा समावेश गरिएको छ ।

## ४.४ क्षमता विकास परियोजनाबाट भएगरेका कार्यहरू

क्षमता विकासको लागि स्थापित आयोगको क्षमता विकास परियोजनाबाट आर्थिक र प्राविधिक सहयोग हुँदै आएको छ । मानवअधिकार उल्लङ्घनका घटनाहरूको अनुगमन तथा अनुसन्धानमा सहयोगलाई केन्द्रित गरिएको छ । तालिम लगायत विभिन्न कार्यक्रम सञ्चालनमा पनि सहयोग गरेको छ । त्यसै गरी प्रकाशनको क्षेत्रमा पनि यस परियोजनाले सहयोग जारी राखेको छ । विस्तृत शान्तिसम्झौताको अवधिमा मानवअधिकार अवस्था, सुरक्षित बसाइँसराइ, मानवबेचबिखन र मानवअधिकार प्रश्नोत्तर, संविधानसभा निर्वाचन अनुगमन प्रतिवेदन आदि प्रकाशनमा परियोजनाले सहयोग पुऱ्याएको छ ।

## ४.५ बालपरियोजना

राष्ट्रिय मानवअधिकार आयोगमा रहेको बालअधिकार इकाइलाई आफ्ना कार्यक्रम अगाडि बढाउनको लागि सेभ द चिल्ड्रेन नर्वेले आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ । यस वर्ष बालअधिकार र तथा संविधानसभा निर्वाचनको सन्दर्भमा बालअधिकारका सवालमा अनुगमन र अनुसन्धानमा सहयोग गरेको थियो । बालअधिकारको सम्बर्द्धनको क्षेत्रमा पनि आर्थिक सहयोग उपलब्ध गराउँदै आएको छ ।

## ४.६ द्वन्द्व न्यूनीकरण कार्यक्रम

युरोपियन युनियनको सहयोगमा द्वन्द्व न्यूनीकरण कार्यक्रम (दोस्रो) ले आयोगको क्षमता विकासको लागि साक्षी, प्रमाणको सुरक्षा, मनोपरामर्श, सामाजिक समावेशीकरण र लैङ्गिक मूलप्रवाहीकरणसम्बन्धी विषयमा अध्ययन गर्न र आयोगलाई उपयुक्त सुझावको लागि केही स्वदेशी तथा विदेशी परामर्शदाताद्वारा उक्त विषयमा अध्ययन भइ प्रतिवेदन तयारीको अवस्थामा छ । त्यस्तै गरी उक्त परियोजनाअन्तर्गतको मानवअधिकार कार्य समूह (Human Rights Working Group) को पहिलो र दोस्रो बैठकहरू आयोगको सचिवको संयोजत्कत्वमा  राष्ट्रिय महिला आयोग, राष्ट्रिय दलित आयोग तथा राष्ट्रिय आदिवासी जनजाति उत्थान प्रतिष्ठान, युरोपियन आयोग कार्यक्रम संयोजक, कार्यक्रमका प्रतिनिधिसमेतको उपस्थितिमा बसेको थियो ।

# परिच्छेद–५

# राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध र समन्वय

आयोगले राष्ट्रिय स्तरमा नेपाल सरकारअन्तर्गत विभिन्न मन्त्रालय, मन्त्रिपरिषदको कार्यालय, विभिन्न सरकारी कार्यालयहरू, सुरक्षा निकायहरू, विभिन्न गैरसरकारी संस्था तथा नागरिक समाज र विभिन्न राजनीतिक दलसँग निरन्तर र नियमित समन्वय र सहकार्य गरिहेको छ । यसअलावा विभिन्न अन्तर्राष्ट्रिय निकाय तथा सङ्घसंस्थाहरूसँग पनि सम्बन्ध बिस्तार र समन्वय कायम गर्दै आइरहेको छ । आयोगले यस अवधिमा विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा गरेको सम्बन्ध विस्तार र समन्वय र सहकार्यको सम्बन्धमा निम्नानुसार चर्चा गरिएको छ :

## ५.१ राष्ट्रिय स्तरमा भएको सम्बन्ध र समन्वय

### ५.१.१ नेपाल सरकार र सुरक्षा निकायसँगको सम्बन्ध

मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि सरकारलाई अभिभावकको रूपमा लिइन्छ । मानवअधिकारको संरक्षण, सम्बर्द्धन, परिपालन र परिपूर्तिको दायित्व राज्यमा हुन्छ । मानवअधिकार उल्लङ्घनका घटना हुन नदिन, त्यस्ता घटनामा कमी ल्याउन, उल्लङ्घनकर्तालाई कानुनी दायरामा ल्याउन, शान्तिसुरक्षा कायम राख्न, नागरिकको अधिकारको रक्षा गर्न राज्यको भूमिका महत्वपूर्ण हुने गर्दछ । विशेष गरी सुरक्षानिकायको भूमिका यस अर्थमा महत्वपूर्ण मानिन्छ ।

यस सम्बन्धमा नेपाल सरकारबाट आयोगका काम कारबाहीमा सहयोग र समन्यय हुँदै आएको छ । यस अवधिमा नेपाल सरकारले आयोगका पदाधिकारी नियुक्ति गरी आयोगलाई पूर्णता दिएको छ । सरकार र राज्यका निकायहरूले आवश्यक बजेट एवम् आयोगबाट मागिएका जानकारी तथा सूचनाहरू उपलब्ध गराइ सुझाव सल्लाह दिइ सहयोग गरेका छन् । आयोगको अनुगमन तथा अनुसन्धान कार्यमा सघाउनुको साथै सहयोग र समन्वय गर्दै आइरहेको छ ।

सुरक्षा-निकाय र आयोगबीचमा पनि सुमधुर सम्बन्ध कायम रहेको छ । आयोगले आयोजना गरेको तालिम, गोष्ठी एवम् बैठकहरूमा सहभागिता जनाएर सघाउ पुऱ्याइरहेको छ । मानवअधिकारसम्बन्धी विभिन्न तालिमहरूमा समन्यव र सहकार्य गर्ने जस्ता कार्यहरू पनि सुरक्षा निकायबाट हुँदै आएको छ । सुरक्षानिकाय र आयोगबीच आवश्यकता र विषयवस्तुको गाम्भीर्यताको आधारमा छलफल बैठक भइरहेको अवस्था छ ।

एकातिर सहयोग र समन्वयबीच कार्य भइरहेको छ भने अर्कोतिर राज्यले आयोगका सिफारिसलाई  आंशिक रूपमा मात्र कार्यान्वयन गरेको छ । आयोगद्वारा मागिएका सम्पूर्ण जानकारीहरू प्राप्त हुन नसकेको अवस्था छ । विशेष गरी बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्ने, आयोगका सिफारिस कार्यान्वयन गरी पीडितलाई क्षतिपूर्ति र पीडकलाई सजायँ दिने कार्यमा सरकारले यथोचित मात्राम तत्परता देखाएको पाइदैन । दंडहनिता संस्कृतिको अन्त्य हुन सकेको छैन । आयोगमा पदाधिकारीहरूले कार्य प्रारम्भ गरेको केही समयपछि नै वर्तमान मानवअधिकारको अवस्थाको सम्बन्धमा प्रधानमन्त्रीलाई जानकारी गराइएको थियो ।  आयोगले कपिलवस्तु घटना सम्बन्धमा गृहसचिव र सशस्त्र प्रहरी महानिरीक्षकलाई २०६४ असोज १० गते आयोगमा बोलाइ जानकारी लिएको थियो । उक्त अवसरमा मानवअधिकारको उल्लङ्घन भएको, खाद्यान्न औषधोपचार लगायत आधारभूत आवश्यकताको कमी भएको, विस्थापित शिविरमा महामारी फैलिने सम्भावना भएको, हालसम्म पनि शान्तिसुरक्षाको पूर्ण प्रत्याभूति हुन नसकेको, घटनामा संलग्न दोषीलाई कारबाही हुन नसकेको सम्बन्धमा गृहसचिव र सशस्त्र प्रहरी महानिरीक्षकको ध्यानाकर्षण गराएको थियो ।

त्यसै गरी आयोगले अत्यावस्यक वस्तुको आपूर्तिमा देखिएका कमीकमजोरीहरू, शान्तिसुरक्षाको स्थिति तथा समग्र मानवअधिकारको अवस्था सम्बन्धमा गृहमन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल आयल निगमका उच्चपदस्थ अधिकारीलाई २०६४ फागुन १४ गते आयोगको बोलाइ छलफल गरेको थियो । उक्त अवसरमा जिम्मेवार निकायलाई प्रभावकारी आपूर्ति व्यवस्था मिलाउन र आवश्यकता अनुसार

अत्यावश्यकीय कानुनी लगायत अन्य उपाय अवलम्बन गर्न नेपाल सरकारको ध्यानाकर्षण गराएको थियो ।

## ५.१.२ राजनीतिक दलहरूसँगको सम्बन्ध र समन्वय

आयोग र राजनीतिक दलहरूबीच सहयोग, सम्बन्ध र समन्वय निरन्तर छ । राजनीतिक दलहरूबाट मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा आयोगलाई सहयोग पुऱ्याइरहेको अवस्था छ । आयोगमा पदाधिकारीको नियुक्तिको लागि सरकारलाई दबाब दिइ दलहरूले महत्वपूर्ण भूमिका खेलेका थिए । मानवअधिकार अनुगमन तथा अनुसन्धानको क्रममा आयोगलाई प्राप्त आवश्यक सूचना एवम् सहयोग अहिले पनि जारी छ । आयोगसम्म पीडितको पहुँच पुऱ्याउन निर्वाह गरेको भूमिका, आयोगद्वारा आयोजित विभिन्न कार्यक्रममा सहभागितासहित महत्वपूर्ण सल्लाह-सुझावले आयोगलाई अगाडि बढन मार्गदर्शन मिलेको छ ।

त्यसै गरी आयोगले पनि राजनीतिक दलहरूले आयोजना गरेका प्रदर्शनहरूको अनुगमन गरी मानवअधिकारको अवस्थाको बारेमा जानकारी लिने र प्राप्त तथ्यहरूको आधारमा नेपाल सरकारलाई मानवअधिकारको सम्मान तथा संरक्षण गर्नको लागि आग्रह गर्दै आएको छ । संविधानसभा निर्वाचनको क्रममा मानवअधिकारमा मुद्दाहरूमा आयोगले अनुगमन र अनुसन्धानलाई विशेष प्राथमिकता दिएको थियो । दलहरूबीचका कतिपय असमझदारीहरूलाई सुल्झाउन आयोगले गरेको समन्वयलाई सकरात्मक रूपमा लिएका थिए । यसबाट राजनीतिक दल र आयोगबीच सुमधुर सम्बन्ध कायम रहेको देखिन्छ ।

## ५.१.३ नागरिक समाज र गैरसरकारी सङ्घसंस्थाहरूसँगको सम्बन्ध र समन्वय

मानवअधिकारको सचेतना अभिवृद्धि गर्न आयोगले नागरिक समाजसँग समन्वय र सहकार्य गर्न सक्ने अधिकार दिएको छ । सोहीअनुरूप आयोगको रणनीतिक योजनाले पनि नागरिक समाजसँग समन्वय र सहकार्य गर्ने अवधारणलाई अगाडि ल्याएको छ । सोहीबमामेजिम आयोगले मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनको लागि नागरिक

समाज तथा गैरसरकारी सङ्घसंस्थाहरूसँग समन्वय र सम्बन्ध बिस्तारलाई निरन्तरता दिएको छ ।

नागरिक समाजले आयोगमा पदाधिकारीहरू नरहेको अवस्थामा आयोगमा यथाशीघ्र नियुक्तिको लागि नेपाल सरकारलाई दिएको दबाब स्मरणीय छ । त्यसै गरी अनुगमन तथा अनुसन्धानको क्रममा आयोगलाई आवश्यक सूचनाहरू उपलब्ध गराइ, मानवअधिकार उल्लङ्घन तथा ज्यादतीका उजुरीहरूलाई आयोगसम्म पुऱ्याउन पीडित पक्षलाई सहयोग गरी, आफ्नै पहलमा उजुरीहरू दिइ आयोगलाई आफ्नो दायित्वप्रति झकझकाउनुको साथै हातेमालो गरेको अवस्था छ । आयोगले आयोजना गरेको विभिन्न कार्यक्रममा सहभागी भइ सुझाव तथा सल्लाह दिने कार्य निरन्तर भइरहेको छ । यसबाट मानवअधिकारको संरक्षण सम्वर्द्धन र मानवअधिकार संस्कृतिको विकासमा टेवा मिलेको छ ।

आयोगमा पदाधिकारीहरूको नियुक्ति लगत्तै पछाडि आयोगको सभाकक्षमा नागरिक समाजका प्रतिनिधिहरूलाई आमन्त्रण गरी मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनमा अगाडि बढ्नका लागि आवश्यक सुझावहरू लिइएको थियो । त्यसै गरी आयोगको रणनीतिक योजना तयार गर्ने सन्दर्भमा आयोगका केन्द्रीय तथा क्षेत्रीय कार्यालयहरूमा नागरिक समाजका प्रतिनिधिहरूसँग अन्तर्क्रिया गरी प्राप्त सुझावहरूको आधारमा योजना तयार गरेको थियो ।

त्यसै गरी बेपत्ता पारिएका व्यक्तिहरूको अवस्था सार्वजनिक गर्न आवश्यक अनुसन्धान गर्ने क्रममा आयोगबाट मानवअधिकार गृह, अनौपचारिक क्षेत्र सेवा केन्द्र ( इन्सेक), हिमराइटस, यातना पीडित सरोकार केन्द्र (सिभिक्ट), एड्भोकेसी फोरम, काहुराष्ट्र तथा जनअधिकार संरक्षण मञ्च (पीपीआर), नेपाल मानवअधिकार सङ्गठन लगायतका सङ्घसंस्थाहरूसँग छलफल गरेको थियो ।

यस अतिरिक्त संविधानसभा निर्वाचनको अनुगमनको क्रममा नागरिक समाजसँग समन्वय र सहकार्य गरेको थियो । विषेशतः अपाङ्ग, महिला, बालबालिका, जनजाति, दलित तथा लैङ्गिक अल्पसङ्ख्यकहरूको सहभागितामा जोड दिएको थियो ।

आयोगले पनि नागरिक समाज र विभिन्न गैरसरकारी संस्थाद्वारा आयोजित जुलुस, धर्ना प्रदर्शनहरूको अनुगमन गरी मानवअधिकारको अवस्थाको बारेमा जानकारी लिने

र प्राप्त तथ्यहरूको आधारमा नेपाल सरकारको ध्यानकर्षण गराउने, आवश्यक सिफारिस गर्ने लगायतका कार्यहरू गर्दै आएको छ । बालबालिकाको क्षेत्रमा कार्यरत सिविन लगायतका सङ्घसंस्थाहरूसँग समन्वय गरी बालबालिकाको उद्दारजस्ता कार्यहरू जारी छन् । यसबाट नागरिक समाज र गैरसरकारी सङ्घसंस्थाहरूसँगको सम्बन्ध र समन्वय भइरहेको अवस्था स्पष्ट हुन्छ ।

### ५.१.४ आमसञ्चारसँगको सम्बन्ध र समन्वय

यस अवधिमा मानवअधिकार संस्कृतिको विकासको लागि आमसञ्चारको भूमिका पनि महत्वपूर्ण रह्यो । आमसञ्चारका माध्यमबाट मानवअधिकार आयोगमा पदाधिकारीको नियुक्ति, मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका घटनाहरूको उजागर गरी, आयोगको अनुगमन तथा अनुसन्धानबाट देखिएका तथ्यहरूलाई आमजनसमुदायमा पुऱ्याइ मानवअधिकारको संरक्षण एवम् सम्बर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह भएको छ । यसबाट मानवअधिकारको क्षेत्रमा देखिएका विसङ्गति तथा सुधार गर्नुपर्ने पक्षहरूको विषयमा सरोकारवालाहरूलाई झक्झक्याउदै मानवअधिकार संस्कृतिको विकासको लागि सहयोग पुगेको छ । विभिन्न चुनौतीहरूको बाबजुद पनि सञ्चारमाध्यमले सम्बाहको भूमिका खेलको पाइन्छ ।

सूचना उपलब्ध गराइ, विभिन्न कार्यक्रममा उपस्थित भइ सल्लाह, सुझाव आदिको माध्यमबाट पनि आयोगलाई झकझकाउने कार्य निरन्तर छ । आयोगबाट पनि विभिन्न सूचनाहरू उपलब्ध गराउने, तालीम दिने, पत्रकार एवम् सञ्चारगृहहरूमाथि हुने प्रहारको अनुगमन एवम् अनुसन्धान गरी सम्बन्धित पक्षलाई कानुनी कारबाहीको लागि सिफारिस गर्नेजस्ता गतिविधिले पनि आयोग आमसञ्चारसँगको सम्बन्ध गाढा हुन पुगेको छ ।

## ५.२ अन्तर्राष्ट्रिय स्तरमा भएको सम्बन्ध र समन्वय

आयोगको राष्ट्रिय तहमा मात्र नभएर अन्तर्राष्ट्रिय तहमा पनि सम्बन्ध र समन्वय कायम गर्दै आइरहेको छ । अन्तर्राष्ट्रिय समुदायले नेपालको मानवअधिकारको अवस्थाको सम्बन्धमा चासो व्यक्त गर्नुको साथै सम्बद्ध पक्षलाई मानवअधिकारको संरक्षण र सम्मान गर्न आग्रह गर्दै आइरहेको छ ।

आयोगलाई विभिन्न अन्तर्राष्ट्रिय सङ्घसंस्थाबाट सहयोगको क्रम जारी छ । संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रमबाट आयोगको क्षमता विकास परियोजनाको लागि, सेभ द चिल्ड्रेन नर्वेले बालअधिकार डेष्क, युरोपियन युनियनबाट द्वन्द्व न्यूनीकरण कार्यक्रमको लागि आर्थिक र प्राविधिक सहयोग उपलब्ध गराएका छन् । संविधानसभा निर्वाचनको अनुगमन र अनुसन्धानको लागि आयोगको क्षमता विकास परियोजना, प्लान इन्टरनेशसनल र सेभ द चिल्ड्रेन नर्वेले आर्थिक सहयोग उपलब्ध गराएको थियो । त्यसै गरी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चआयुक्तको कार्यालयले पनि आयोगको क्षमता अभिवृद्धिको लागि तालिम लगायतका कार्यक्रम आयोजना गर्दै आइरहेको छ । यसअलावा मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनको सम्बन्धमा आयोगसँग पटकपटक छलफल र अन्तर्क्रिया गरेको थियो । त्यस्तै अनुभव आदानप्रदान, छलफल, तालीम, गोष्ठीजस्ता कार्यक्रमले पनि सम्बन्धलाई गाढा बनाएको छ । यस खालका केही महत्वपूर्ण गतिविधिहरू निम्नानुसार छन्:

## ५.२.१ आयोगका पदाधिकारीहरूको अन्तराष्ट्रिय मञ्चमा सहभागिता

आयोगले विभिन्न अन्तराष्ट्रिय निकायका प्रतिनिधिहरूसँग भेटघाट गरी आपसमा अनुभव आदानप्रदान गर्नुका साथै सम्बन्ध बिस्तार तथा सहकार्यमा जोड दिदै आएको छ । यस अवधिमा आयोगका पदाधिकारी एवम् कर्मचारीद्वारा दक्षिण अफ्रिका, श्रीलङ्का, कोरिया, बेलायत, अमेरिका, क्यानाडा, कोरिया, बाङ्गलादेश, फिनल्याण्ड लगायतका मुलुकको भ्रमण गरिएको थियो । भ्रमणको क्रममा आयोगका पदाधिकारीहरूबाट मानवअधिकारसँग सम्बन्धित सङ्घसंस्थाका प्रतिनिधिहरूसँग छलफल गर्नु भएको थियो । त्यसै गरी कर्मचारीहरूले पनि विभिन्न तालिम तथा अन्तर्क्रियामा भाग लिएका थिए । आयोगमा पदाधिकारीहरूको नियुक्ति हुने बित्तिकै २०६४ असोज ७ देखि १० सम्म आयोगका अध्यक्ष केदारनाथ उपाध्याय र एवम् सदस्य गौरी प्रधान र निमित्त सचिव पदमा माथेमासमेतले अष्ट्रेलियाको सिड्नीमा सम्पन्न एसिया प्रशान्त क्षेत्रका राष्ट्रिय मानवअधिकार संस्थाहरूको संयुक्त संस्था एसिया प्रशान्त मञ्चको वार्षिक बैठकमा भाग लिनुभएको थियो । त्यसै गरी दक्षिण अफ्रिकाको केपटाउनमा २००७ नोभेम्वर २३ देखि २५ सम्म सम्पन्न International

Rountable on the Role of National Human Rights Institutions and Transitional Justice कार्यक्रममा आयोगका सदस्य गौरी प्रधान सहभागी हुनुभएको थियो ।

## ५.२.२ 'ट्रोइका' र आयोग पदाधिकारीबीच छलफल

नेपाल भ्रमणमा रहेको 'ट्रोइका'ले २०६४/८/१९ गते आज राष्ट्रिय मानवअधिकार आयोगका पदाधिकारीहरूसँग भेट गरी नेपालमा मानवअधिकारको वर्तमान अवस्था, नेपाल सरकार र नेकपा(माओवादी)-बीच सम्पन्न विस्तृत शान्तिसम्झौताको कार्यान्वयनको अवस्था तथा आयोगले मानवअधिकार संरक्षण तथा सम्बर्द्धनका सम्बन्धमा सञ्चालन गरेका क्रियाकलापहरूका बारेमा छलफल भएको थियो ।

## ५.२.३ भारतीय राष्ट्रिय मानवअधिकार आयोगका पूर्वअध्यक्षको आयोग भ्रमण

२०६५ जेठ २ मा भारतीय राष्ट्रिय मानवअधिकार आयोगका पूर्वअध्यक्ष तथा भारतको सर्वोच्च अदालतका पूर्वप्रधानन्यायधीश जगदीशशरण वर्मा र आयोगका पदाधिकारी एवम् कर्मचारीहरूबीच आयोग कार्यालयमा छलफल भएको थियो । उक्त अवसरमा 'मानवअधिकारको संरक्षण र सम्बर्द्धन हरेक मानवअधिकार आयोगको पहिलो प्राथमिकता हुने भए पनि मेरो विचारमा नेपालको मानवअधिकार आयोगले अब बन्ने संविधान निर्माणमा आफ्नो ध्यान केन्द्रित गर्नुपर्दछ' भनी सुझाव दिनुभएको थियो । कार्यक्रममा आयोगका माननीय अध्यक्ष केदारनाथ उपाध्यायले आयोगका सिफारिसहरू कार्यान्वयन गर्न नागरिक समाजसँगको सहयोग र सहकार्यलाई बढाउनुपर्ने कुरा जोड दिनुभएको थियो । कार्यक्रममा वरिष्ठ अधिवक्ता बैङ्कटरमन र आयोगका सदस्य एवम् कर्मचारीहरूको उपस्थिति रहेको थियो ।

## ५.२.४ बाङ्गलादेशी महिलाअधिकारकर्मीसँग आयोगमा छलफल

राष्ट्रिय मानवअधिकार आयोगले महिलाअधिकारको क्षेत्रमा कार्यरत छिमेकी राष्ट्र बाङ्गलादेशी अधिकारकर्मीहरूको टोलीले नेपालमा महिलाअधिकारको अवस्थाबारेमा छलफल गर्‍यो । २०६५ जेठ १५ गते भ्रमण टोलीलाई स्वागत गर्दै आयोगका सचिव विशाल खनालले नेपाल र बाङ्गलादेशका मानवअधिकारका साझा मुद्दा पहिचान गर्न यस खालका भेटघाटहरू ज्यादै महत्वपूर्ण हुने उल्लेख गर्दै यी दुई मुलुक साक्षरता,

विकास, गरिबी लगायतका धेरै विषयमा समान हैसियतमा छन् । त्यसैले अनुभव आदानप्रदानबाट हामीलाई पनि नेपालमा महिलाको अवस्था पर्गेल्न अझ सजिलो हुनेछ उहाँले अगाडि थप्नुभयो । भ्रमण दलकी नेतृ एस्मोट अरा इस्मिनले बाङ्गलादेशमा आफ्नो सञ्जालका गतिविधि, महिलाअधिकारको अवस्था र कार्यगत अनुभवहरूबारे सङ्क्षिप्त जानकारी दिनुभयो । आयोगका तर्फबाट सम्बर्द्धन महाशाखा प्रमुख मुरारि खरेलले राष्ट्रिय मानवअधिकार आयोगको कार्यादेश, नेपालमा महिलाअधिकारको अवस्था र आयोगका गतिविधिहरूबारे प्रकाश पार्नुभएको थियो । छलफलमा बाङ्गलादेशमा कार्यरत मानवअधिकारवादी संस्था नारी पोक्को र यससँग आबद्ध सञ्जालका १५ महिला प्रतिनिधिहरूसहित आयोगका कर्मचारीहरूको सहभागिता रहेको थियो ।

# परिच्छेद–६

# उपलब्धि, चुनौती तथा सिफारिसहरू

## ६.१ प्रमुख उपलब्धिहरू

नेपाल सरकारले आयोगका पदाधिकारीको नियुक्तिपश्चात् आयोगका गतिविधिहरूमा तीव्रता आएको छ । यस अवधिमा आयोगले हासिल गरेका उपलब्धिहरू पनि निम्नानुसार प्रस्तुत गरिएको छ:

- **अनुगमन**

आयोगले यस अवधिमा मानवअधिकारका विभिन्न विषयमा केन्द्रित भइ अनुगमनलाई निरन्तरता दिएको छ । आयोगमा विभिन्न माध्यमबाट पर्न आएका मानवअधिकार उल्लङ्घन तथा ज्यादतिका उजुरीहरूको सम्बन्धमा र आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी अनुगमन अगाडि बढाएको अवस्था छ । आयोगको केन्द्रीय, क्षेत्रीय र सम्पर्क कार्यालयहरूबाट समग्र मानवअधिकार अवस्था र शान्तिसम्झौताको अवधिमा मानवअधिकारको अवस्था सम्बन्धमा अनुगमन गरेको थियो । त्यसै गरी राजनीतिक दल, विभिन्न समूहबाट आयोजना गरिएका ऱ्याली, सभा, बन्द, विरोध-प्रदर्शन र आमहड्तालको अवधिमा मानवअधिकारका विषयमा पनि अनुगमन गरिएको थियो । कैदी-बन्दीहरूको अधिकार, कारगारहरूको अवस्था, विस्थापितहरूको अधिकार, बालअधिकार, महिलाअधिकार तथा संविधानसभा निर्वाचनको सन्दर्भमा मानवअधिकार अवस्थाको सम्बन्धमा अनुगमन अगाडि बढाइएको थियो । अनुगमनबाट मानवअधिकार अवस्थाको बारेमा जानकारी लिइ प्राप्त तथ्यप्रमाणको आधारमा नेपाल सरकारलाई मानवअधिकारको संरक्षण, सम्बर्द्धन, सम्मान एवम् पारिपालनको लागि सिफारिस र सरोकारवालाहरूलाई आफ्नो अधिकार प्रयोग गर्दा अरूको अधिकार सम्मान गर्न र अधिकारको साथमा कर्तब्य वा दायित्व नबिर्सन आग्रह गरिएको थियो ।

अनुगमनबाट मानवअधिकार अवस्था सम्बन्धमा सरोकारवालालाई जानकारी गराउन सहज भएको थियो । यसका अतिरिक्त मानवअधिकार अवस्थामा सुधार ल्याउन र मानवअधिकारको सम्मान र संरक्षण गर्ने कार्यमा सजगता अपनाउन सहयोग पुगेको छ । देशको विकट भौगोलिक क्षेत्रमा समेत आयोगको उपस्थिति र सक्रियताले आयोगको पहिचान र सम्बर्द्धनात्मक कार्यमा टेवा पुगेको छ ।

- **अनुसन्धान**

यस अवधिमा सुरक्षाकर्मीबाट पकाउ गरी हत्या, बेपत्ता, नेकपा (माओवादी) लगायत अन्यबाट भएका हत्या गरिएका, कब्जामा लिइ स्थिति अज्ञात तुल्याइएका भनी परेका उजुरीहरूको प्राथमिकतासाथ अनुसन्धान गरिएको थियो । यातना, कुटपीट तथा आनवीय व्यवहार, सशस्त्र द्वन्द्वको कारण विस्थापित लगायतका विषय पनि अनुसन्धानको दायरामा परेका थिए । अनुसन्धानबाट यस अवधिमा विषयवस्तुको आधारमा सिफारिस गर्नुको साथै घटनामा संलग्न अन्य पक्षलाई पनि आग्रह गर्दै आएको छ ।

अनुसन्धानबाट मानवअधिकार उल्लङ्घनका घटनाहरूमा कमी आएको देखिन्छ । मानवअधिकारकार उल्लङ्घन र ज्यादतिका घटना जहिले पनि छानबिन हुन सक्छन् भन्ने सन्देश गएको छ । अनुसन्धानबाट प्रबर्द्धनात्मक कार्यमा पनि टेवा पुग्न जानुको साथै आयोगको पहिचान र पीडित लगायत सरोकारवालाहरूले आयोगउपर भरोसा गरेको अवस्था छ ।

- **ऐन-कानुनको पुनरावलोकन सम्बन्धमा**

विगत वर्षहरूमा झैं यस वर्ष पनि आयोगले मानवअधिकारसँग सम्बन्धित विभिन्न ऐन, नियम, विधेयक तथा अन्तर्राष्ट्रिय सन्धिहरूको पुनरावलोकन गरेको अवस्था छ राष्ट्रिय मानवअधिकार आयोग ऐन मस्यौदा समितिमा रही ऐनको मस्यौदा गर्ने कार्यमा विशेष भूमिका निर्वाह गरेको थियो ।

विद्यमान नेपाल कानुनहरूको पुनरावलोकन गर्ने क्रममा आयोगबाट कारागार ऐन २०१९, वैदेशिक रोजगार ऐन २०४२, आयोगको उजुरी, कारबाही तथा क्षतिपूर्ति निर्धारणसम्बन्धी नियमावली २०५८ को पुनरावलोकन जारी छ । त्यसै गरी

आदिवासी/जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन २०५८, श्रमऐन २०१९, बालश्रम (निषेध र नियमित) गर्ने ऐन २०५७, अपाङ्ग संरक्षण तथा कल्याण ऐन २०३९, सैनिक ऐन २०६३ र नागरिकता ऐन २०६३ का सम्बन्धमा पुनरावलोकन भइरहेको छ ।

- **तामेली र खारेजी**

मानवअधिकारको उल्लङ्घन तथा ज्यादति भएको भनी आयोगमा विभिन्न मितिमा पर्न आएका उजुरीहरूमध्ये तत्काल कारबाही अगाडि बढाउनु नपर्ने अवस्था देखिएकोमा ७ तामेली र २१ उजुरी खारेजी गरिएको छ भने सोही प्रकृतिका ३७६ उजुरी टुङ्ग्याइएको अवस्था छ ।

- **सिफारिस**

मानवअधिकारको उल्लङ्घन तथा ज्यादति भएको भनी आयोगमा विभिन्न मितिमा पर्न आएका उजुरीहरूमध्ये ७३ ओटा उजुरीमा ११० व्यक्तिको सम्बन्धमा निर्णय गरी नेपाल सरकारलाई कार्यान्वयनको लागि सिफारिस गरिएको छ । जसमा ३८ उजुरीको सम्बन्धमा दोषीलाई कारबाही गर्न र ९१ जनाको हकमा क्षतिपूर्तिको लागि सिफारिस गरिएको छ ।

- **आयोगको आफ्नै स्वविवेकमा उजुरी ग्रहण गरी गरिएका सिफारिस**

आयोगमा पर्न आएका उजुरीहरूभन्दा बाहेक स्वविवेकीय उजुरी ग्रहण गरी अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्यहरूको आधारमा नेपाल सरकारलाई ११ ओटा सिफारिस गरेको छ । गरिएका सिफारिसहरूमा कारागारहरूको अवस्था, वन्दी/थुनुवाहरूको अधिकार, कारागार सुधार उच्चस्तरीय सुझाव समितिको सिफारिस कार्यान्वयन, । कपिलवस्तु घटना मुख्य रूपमा रहेका छन् । त्यसै गरी विद्यालय भवनबाट सशस्त्र प्रहरी क्याम्पको विस्थापन, सिरहा र सप्तरी जिल्लाको मानवअधिकारको स्थिति, जमिनमुनि विछ्याइएका विष्फोटक पदार्थ अविलम्ब हटाउने, नष्ट गर्ने व्यवस्था लगायतका विषयमा गरिएका सिफारिस पनि महत्वपूर्ण रहेका छन् ।

- **रणनीतिक योजनाको तयारी**

आयोगको संस्थागत विकास तथा मानवअधिकारको संरक्षण तथा सम्बद्धनको लागि आयोगले तीन वर्षिय (२०६४/६५–२०६६/२०६७) रणनीतिक योजना तर्जुमा गरेको छ । मानवअधिकार संस्कृतिको विकास गर्नमा सो योजना कार्यान्वयनले महत्वपूर्ण भूमिका निर्वाह गर्नमा यसलाई सहयोगी साधनको रूपमा लिइएको छ ।

- **प्रतिवेदन तयारी**

आयोगबाट विभिन्न समयमा गरिएका अनुगमन तथा अनुसन्धानको आधारमा तयार गरिएका प्रतिवेदनहरू सार्वजनिक गर्दै आइरहेको छ । यसबाट सर्वसाधारणलगायत सरोकारवालाहरूलाई देशको मानवअधिकार अवस्था, आयोगद्वारा सम्पादित कार्यहरूको बारेमा जानकारी लिन सहयोग पुगेको छ ।

- **मानवअधिकारको सम्बर्द्धन**

मानवअधिकार तथा मानवीय कानुनका विविध विषयवस्तुमा केन्द्रित रही तालीम, गोष्ठी एवम् अन्तर्क्रिया सम्पन्न भएका छन् । यस किसिमका कार्यक्रमबाट मानवअधिकारको संरक्षण, सम्बर्द्धन, परिपालन र परिपूर्तिमा सहयोग पुग्ने देखिन्छ । अन्य विषयका अलावा संविधानसभा निर्वाचनपश्चात् विशेष गरी आयोगले संविधानसभा निर्वाचन र मानवअधिकारका सम्बन्धमा कार्यक्रम केन्द्रित गरेको थियो । कार्यक्रमबाट सहभागीहरूबीच मानवअधिकार तथा मानवीय कानुनका विभिन्न पक्षबारे जानकारी प्राप्त हुनुको साथै आयोगको सम्बन्धमा, आयोगका गतिविधि लगायतका विषयमा प्रचारप्रसार हुन पुगेको छ । यसलाई पनि आयोगको उपलब्धिको रूपमा लिन सकिन्छ ।

- **मानवअधिकार हनन/उल्लङ्घनप्रति ध्यानाकर्षण**

यस अवधिमा आयोगले मानवअधिकार उल्लङ्घन र ज्यादतिका घटनारू हुन नदिन वा कम गर्न आफ्नो ध्यान केन्द्रित गर्दै आएको छ । विशेषतः जनसरोकारका सवाल र आम नागरिकका समस्या, अवरोध आदिबाट जनतामाथि पर्न गएको पीडाप्रति सरकार वा सम्बन्धित पक्षको ध्यानाकर्षण गराउने, आवश्यक कदम चाल्ने, निर्देशन

दिने र यस किसिमका घटना हुन नदिन सचेत गराउने जस्ता कार्यहरूलाई निरन्तरता दिएको छ ।

- **समन्वय र सहकार्य**

आयोग सरकार, राज्यका निकाय वा अधिकारी एवम् मानवअधिकारको क्षेत्रमा कार्यरत विभिन्न गैरसरकारी सङ्घसंस्था, पेशागत सङ्घसङ्गठन, नागरिक समाज लगायतसँग मिली मानवअधिकार संरक्षण र सम्बर्द्धन कार्यलाई निरन्तरता दिएको छ । घटनाको प्रकृति, गाम्भीर्यता, परिस्थिति र आवश्यकताको आधारमा सरकारसँग आवश्यक समन्वय एवम् सहकार्य गरिएको छ । आयोगका सिफारिस कार्यान्वयनको लागि पनि सरकारसँग आवश्यतकाअनुसार समन्वय र सहकार्यको नीतिलाई अवलम्बन गर्दै आएको छ ।

मानवअधिकारको अवस्था अनुगमन, उल्लङ्घन र ज्यादतिलाई रोक्न, न्यूनीकरण गर्न, भएका घटनाहरूको अनुसन्धान गर्न गैरसरकारी सङ्घसंस्था र नागरिक समाजसँगको समन्वय र सहकार्यले ठूलो सहयोग पुग्न गएको छ । आयोगमा उजुरी पठाउने, सूचना दिने, आयोगद्वारा आयोजित कार्यक्रमहरूमा उपस्थित भइ रचनात्मक सुझावहरू दिने परिपाटीको निरन्तरताले मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन कार्यमा सहयोग पुग्न गएको अवस्था छ ।

## ६.२ चुनौतीहरू

मानवअधिकारको संरक्षण तथा सम्बर्द्धनको क्षेत्रमा जेजति मात्रामा उपलब्धिहरू हासिल भएका छन्, निश्चय नै ती प्रर्याप्त छैनन । विविध चुनौतीहरूको कारण मानवअधिकारको संरक्षण, सम्बर्द्धन, परिपालन, परिपूर्तिमा गम्भीर समस्याहरू खडा हुन पुगेको अवस्था छ । यसबाट दण्डहीनताले प्रश्रय पाउनुको साथै मानवअधिकार संस्कृति अप्ठेरोमा पर्दै गइरहेको अवस्था छ । आयोगको अगाडि देखिएका चुनौतीहरूलाई निम्नानुसार प्रस्तुत गर्न सकिन्छः

- **सिफारिस कार्यान्वयन नहुनु**

राष्ट्रिय मानवअधिकार आयोगमा परेका उजुरीहरूको सम्बन्धमा अनुगमन तथा अनुसन्धानपछि प्राप्त तथ्यहरूको आधारमा विद्यमान कानुनको विश्लेषणसमेत गरी मानवअधिकार उल्लङ्घन र ज्यादतिको सम्बन्धमा गरिएका सिफारिसहरू ठूलो सङ्ख्या कार्यान्वयन नभएको अवस्था छ । कार्यान्वयन भएका सिफारिसहरू आंशिक रूपमा मात्र कार्यान्वयन भएका छन् । आयोगबाट गरिएका १४७ सिफारिसहरूमध्ये १६ को पूर्ण, २० को आंशिक र बाँकी कार्यान्वयन नभएको देखिन्छ ।[१०] मानवअधिकारको संरक्षण तथा सम्बर्द्धन गरी मानवअधिकार संस्कृति निर्माणमा सरकारको यस खालको उदासिनता चुनौतीको रूपमा रहेको छ ।

- **बेपत्ता तथा अपहरण**

सशस्त्र द्वन्द्वको समयमा राज्यपक्षबाट बेपत्ता पारिएका र नेकपा माओवादीले अपहरण गरी अवस्था अज्ञात बनाएका व्यक्तिहरूको अवस्था यथाशीघ्र सार्वजनिक गर्न नेपाल सरकार र नेकपा (माओवादी) सहमत भए तापनि सो अनुरूप कार्य हुन सकेन । नेपाल सरकार र नेकपा (माओवादी)-बीच भएको विस्तृत शान्तिसम्झौतामा दुबै पक्षद्वारा बेपत्ता पारिएका व्यक्तिहरूको तथा युद्धको समयमा मारिएकाहरूको वास्तबिक नाम, थर र वतन सम्झौता भएको मितिले ६० दिनभित्र सार्वजनिक गरी परिवारजनसमेतलाई जानकारी उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरिएको थियो । सो प्रतिबद्धता पूरा गर्न दुवै पक्ष असमर्थ भए । सशस्त्र द्वन्द्वको समयमा आयोगमा परेको उजुरीको आधारमा सुरक्षाकर्मीबाट बेपत्ता पारिएका २२४० उजुरीमध्ये ६७१ र माओवादीले आफ्नो कब्जामा लिइ अवस्था अज्ञात पारेका भनिएका १०५९ मध्ये २९९ को अवस्था हालसम्म पनि सार्वजनिक हुन सकेको छैन ।[११]

जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिह), अखिल तराई मुक्तिमोर्चा लगायतका समूहबाट अपहरण कार्य जारी राखेको पाइन्छ । त्यसै गरी विभिन्न अपराधिक

[१०] राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस र कार्यान्वयनको अवस्था २०६५, राष्ट्रिय मानवअधिकार आयोग हरिहर भवन ललितपुर,

[११] नेपालमा सशस्त्र द्वन्द्वको अवधिमा बलपूर्वक बेपत्ता पारिएका व्यक्तिहरूको अवस्थासम्बन्धी प्रतिवेदन,२०६५, राष्ट्रिय मानवअधिकार आयोग, हरिहरभवन, ललितपुर

समूहहरूबाट पनि व्यक्ति अपहरण, फिरौती माग तथा हत्याजस्ता कार्यबाट पनि मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा चुनौती थपिन पुगेको छ ।

- **आन्तरिक रूपमा विस्थापन**

नेपाल सरकार र नेकपा (माओवादी)-बीच भएको विस्तृत शान्तिसम्झौताले सशस्त्र द्वन्द्वको अन्त्य भएको घोषणा गरे पनि सशस्त्र द्वन्द्वको अवधिमा द्वन्द्वको कारण विस्थापित भएकाहरूलाई स्थापित गराउने सम्बन्धमा पर्यात कार्य दुबै पक्षबाट भएको छैन । नेकपा (माओवादी)-बाट कब्जामा लिइएको सम्पत्ति फिर्ता हुन सकेको छैन भने यस अवधिमा पनि विभिन्न व्यक्तिको सम्पत्ति कब्जा गर्ने कार्य जारी छ । यसबाट विस्थापितहरूको समस्या समाधान गर्ने नभइ थप समस्या उत्पन्न गरको अवस्था छ ।

तराईमा आन्दोलनरतः जनतान्त्रिक तराई मुक्तिमोर्चा (ज्वालासिंह) अखिल तराई मुक्तिमोर्चा लगायतबाट पनि विभिन्न व्यक्तिलाई विस्थापित गर्ने तथा सम्पत्ति कब्जा गर्ने कार्य भएका छन्, जुन मानवअधिकारको क्षेत्रको लागि चुनौतीको रूपमा रहेका छ ।

प्राकृतिक प्रकोप (बाढी पहिरो) मानव सिर्जित विपत्ति (कपिलवस्तु घटनालगायत)-बाट मानिसहरू विस्थापित हुनुपरेको अवस्था छ, जसको उचित समयमा सम्बोधन हुन नसकी धेरैले आधारभूत मानवअधिकारबाट वञ्चित रहनुपर्ने अवस्थासमेत सिर्जना भएको छ ।

- **तराईको सशस्त्र आन्दोलन**

तराईमा सशस्त्र आन्दोलन गरिरहेका समूहको कारणबाट सो क्षेत्रमा मानवअधिकारको अवस्था बिग्रदै गइरहेको छ । दैनिकजसो हुने हत्या, अपहरण चन्दा आतङ्क, विस्थापन, लुटपाट, बम-विष्फोटन, सरकारी तथा व्यक्तिगत सम्पत्तिको क्षति, बन्द, हड्ताल लगायतका घटनाहरूले त्यस क्षेत्रमा शान्तिसुरक्षा र आधारभूत मानवअधिकार उपभोगमा अवरोध सिर्जना भएको छ । लामो समयसम्म सशस्त्र आन्दोलनमा रहेको नेकपा (माओवादी) शान्तिप्रक्रियामा समाहित भए तापनि तराईमा आन्दोलनरतः सशस्त्र समूहको कारण मानवअधिकारको अवस्था दयनीय हुन पुगेको छ ।

## ६.३ सिफारिसहरू

- **नेपाल सरकारलाई:**

१. मानवअधिकार उल्लङ्घन तथा ज्यादति भएको भनी आयोगमा पर्न आएका उजुरीहरूको सम्बन्धमा आयोगबाट गरिएको अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्य/प्रमाणको आधारमा आयोगबाट गरिएका सिफारिसहरूको कार्यान्वयन गरी दण्डहीनता संस्कृतिको अन्त गरी मानवअधिकार संस्कृतिको निर्माणमा आयोगलाई सहयोग गर्न,

२. राज्यद्वारा बेपत्ता बनाइएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरी पीडित पक्षलाई न्याय दिलाउन,

३. सशस्त्र द्वन्द्वको क्रममा विस्थापित बनाइएका व्यक्तिहरूलाई पुनःस्थापित गराउनको लागि आवश्यक व्यवस्था गर्न र नेकपा (माओवादी)द्वारा कब्जामा लिइएको सम्पत्ति फिर्ता गराउने व्यवस्था गर्न र विस्थापितहरूको नोक्सानी भएको सम्पत्तिको मूल्याङ्कन गरी क्षतिपूर्तिको व्यवस्था मिलाउन,

४. गैरकानुनी कार्यमा संलग्न व्यक्तिलाई कानुनी दायरामा ल्याइ प्रभावकारी शान्तिसुरक्षा र सुव्यवस्था कायम गर्न,

५. तराईमा सशस्त्र आन्दोलन गरिरहेका पक्षहरूसँग वार्ताको माध्यमबाट तराईमा देखिएको समस्या समाधनार्थ प्रयत्न गर्न,

६. मानवअधिकार र मानवीय कानुन उल्लङ्घनका दोषीहरूलाई जवाफदेही बनाउन एवम् पीडितलाई न्याय प्रदान गर्न,

७. वेपत्ता छानबिन आयोग, राष्ट्रिय शान्ति तथा पुनःस्थापना आयोग, सत्यनिरुपण तथा मेलमिलाप आयोग, राज्यको पुनर्संरचनासम्बन्धी आयोग, उच्चस्तरीय सुझाव आयोग लगायत विस्तृत शान्तिसम्झौता तथा नेपालको अन्तरिम संविधानले व्यवस्था गरेका आयोगहरू गठन गर्न र

८. बेवारिसे अवस्थामा छाडिएका बम-विस्फोटमा परी केही स्थानमा सर्वसाधारण र बालबालिकाहरू घाइते भएको र मृत्युसमेत भएको पाइएकोले त्यस्ता कार्य हुन नदिन दुबै पक्ष (सुरक्षाकर्मी) तथा नेकपा (माओवादी)-ले तत्काल विद्युतीय धराप तथा विस्फोटक पदार्थ राखिएको स्थान पहिचान गरी निष्क्रिय गराउन ।

- **नेकपा (माओवादी)-लाईः**

१. नेकपा (माओवादी) सरकारमा सामेल भइसकेको हुँदा सो पार्टीका कार्यकर्ताहरूले विगत तथा वर्तमान अवस्थामा पनि विभिन्न व्यक्तिको सम्पत्ति कब्जा गर्ने, विस्थापितहरूलाई पुनःस्थापित गराउन पहल नगर्नेजस्ता कार्यहरू भइरहेकोले अबिलम्व त्यस्ता कार्यहरू रोकी कानुनी राज्यको मान्यतालाई पालना गर्न,

२. विस्तृत शान्तिसम्झौता सम्पन्न हुनुअघि र पछि कब्जामा लिएका चल-अचल सम्पत्तिहरू फिर्ता गर्न र

३. नेकपा (माओवादी)-ले सशस्त्र द्वन्द्वको क्रममा अपहरण गरी अवस्था अज्ञात बनाएका व्यक्तिहरूको अवस्था सार्वजनिक गरी पीडित पक्षलाई न्यायको अनुभूति दिलाउन ।

- **तराईमा आन्दोलनरत पक्षलाईः**

| ५ | नवलपरासी | २०६४/३/२२–४/१ | नवलपरासी जिल्ला जहदा गाविस वडा न.–७ धनेवाका बाबुराम खनाल, सोही जिल्ला गैडाकोटका वैकुण्ठ पौडेल तथा तनहुँकी सन्ध्या भनिने धनमाया वि.क.लाई मिति २०६१/१/२५ गते नवलपरासी जिल्ला डेढगाउँमा पक्राउ गरी हत्या गरेकोले सम्बन्धमा |
| ६ | कपिलवस्तु | २०६४/६/.. | कपिलवस्तु जिल्लामा नेकपा (माओवादी)-विरुद्ध प्रतिकार समितिका अध्यक्ष मोहित खानको २०६४ भदौ ३० गते हत्या पश्चात उत्पन्न हुन गएको साम्प्रदायिक दङ्गाको परिस्थितिबाट हुन गएको मानवअधिकारको उल्लङ्घन तथा ज्यादति सम्बन्धमा |
| ७ | पाल्पा | २०६४/८/.. | पाल्पा जिल्ला खालीवन गाविस वडा न.–५ साठी पाइला भन्ने स्थानमा २०६०/१०/२८ गते माओवादीले बेवारिसे अवस्थामा छाडेको विस्फोटक पदार्थ सोही ठाउँ निवासी गोपीसर रानाको छोराछोरी र अन्य बालबालिकाले फेला पारी खेलाउदा ८ वर्षका बालक ऐतुराम रानाको मृत्यु भएको सम्बन्धमा |
| ८ | बागलुङ | २०६४/८/.. | तमान गाविस वडा न.–३ बस्ने ओमकार बुढा, दुर्गाबहादुर बुढा ऐ. वडा न.–४ बस्ने प्रेमबहादुर घर्तीलाई म्याग्दी जिल्लाको सिंगा गाविस वडा न.–४ तातोपानीमा अवस्थित तातोपानी कुण्डमा नुहाउन जाने क्रममा २०५९।९।२३ गते म्याग्दीको बेनीबाट गस्तिमा गएको तात्कालीन शाही नेपाली |

| | | | |
|---|---|---|---|
| | | | सेनाको टोलीले गोली हानी मारेको घटना सम्बन्धमा |
| ९ | नवलपरासी | २०६४/३/२२ –४/१ | नवलपरासी जिल्ला जहदा गाविस वडा न.–७ धनेवाका बाबुराम खनाल, सोही जिल्ला गैडाकोटका बैकुण्ठ पौडेल तथा तनहुँकी सन्ध्या भनिने धनमाया वि.क.लाई मिति २०६१/१/२५ गते बिहान नवलपरासी जिल्ला डेढगाउँमा पकाउ गरी हत्या गरेको घटना सम्बन्धमा |
| १० | नवलपरासी | | नवलपरासी जिल्लाको भुजहवामा भएको नेपाली काङ्ग्रेसका २ जना कार्यकर्ताहरूको हत्या सम्बन्धमा |
| ११ | रुपन्देही | | माओवादीको युवा सङ्गठनका २ जना नेताहरू विनोद पन्त र शेषमणि लामिछानेको रुपन्देहीको गोनाहामा हत्या भएको सम्बन्धमा |
| १२ | कपिवस्तु | | २०६४ भदौ ३० गते कपिलवस्तु जिल्लामा मोहित खाँको हत्यापछि घटेको हत्या, आगजनी, लुटपाट र टोडफोडको घटनाका सम्बन्धमा |
| १३ | पाल्पा | | पाल्पाको खालिवनमा बमविस्फोटन भइ मुत्यु भएका बालक ऐतुवीर रानाका सम्बन्धमा |
| १४ | कपिलवस्तु | | कपिलवस्तु घटनापछि विस्थापित भएका विस्थापितहरूको अवस्थाका सम्बन्धमा |
| १५ | लमजुङ | | २०६४ फागुन १० गते नुवाकोट गाविसका स्थानीय वासिन्दाहरूको आक्रमणमा मुत्यु भएका माओवादी कार्यकर्ता राजेन्द्र बन्जाडेको सम्बन्धमा |
| १६ | कपिलवस्तु | | २०६४ फागुन ९ गते कपिलवस्तुमा हत्या गरिएका माओवादी कार्यकर्ता शिवपुजन कुर्मीको सम्बन्धमा |
| १७ | रुपन्देही | | २०६४ फागुन १८ गते रुपन्देहीका काङ्ग्रेस कार्यकर्ता गोकर्ण कडेलको हत्या गरेको सम्बन्धमा |

**क्षेत्रीय कार्यालय नेपालगञ्ज,सम्पर्क कार्यालय जुम्ला र रोल्पा**

| कसं | जिल्ला | मिति | अनुसन्धान गरिएको विषय |
|---|---|---|---|
| १ | दाङ | २०६४/४/ | सिसनिया गाविस निवासी शालिकराम पोखरेललाई निजको आफ्नै निवासबाट नेकपा (माओवादी)-को भातृ सङ्गठन योङ कम्युनिष्ट लिगसँग सम्बन्धित व्यक्तिहरूले २०६४/३/२६ गते अपरहण |

| | | | |
|---|---|---|---|
| | | | गरिएको सम्बन्धमा |
| २ | बर्दिया | | तेजु चौधरीलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ३ | बर्दिया | | धनिरामलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ४ | बर्दिया | | कालिराम थारुलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ५ | बर्दिया | | प्रेमलाल चौधरीलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ६ | बर्दिया | | शिवप्रसाद थारुलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ७ | दाङ | | गीता घर्ती मगरलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ८ | दाङ | | नन्द के.सी.लाई बेपत्ता पारिएको सम्बन्धमा |
| ९ | दाङ | | भीमबहादुर साहलाई अपहरण गरिएको सम्बन्धमा |
| १० | दाङ | | खड्गबहादुर वि.क.लाई हत्या गरिएको सम्बन्धमा |
| ११ | बर्दिया | | मोतिपुर–२ जेवादाका लालबिहारी थारुलाई बेपत्ता पारिएको सम्बन्धमा |
| १२ | बर्दिया | | मोतिपुर–२ जेवादाका चरण थारुलाई बेपत्ता पारिएको सम्बन्धमा |
| १३ | बर्दिया | | मोतिपुर–२ जेवादाका कालिराम थारुलाई बेपत्ता पारिएको सम्बन्धमा |
| १४ | बर्दिया | | मोतिपुर–२ जेवादाका भगुराम थारु (कलपतीसमेत)-लाई बेपत्ता पारिएको सम्बन्धमा |
| १५ | बर्दिया | | वगगाह–६ कियाका देशराम थारु (घोगुवा थारु)-लाई बेपत्ता पारिएको सम्बन्धमा |
| १६ | बर्दिया | | महादेव थारुलाई गैरकानुनी थुनामा राखिएको सम्बन्धमा |
| १७ | बर्दिया | | ज्ञानबहादुर थापालाई अपरहण गरिएको सम्बन्धमा |
| १८ | बर्दिया | | गुलरिया नगरपालिका–२ जैनपुरका रमेश यादव (निरज)-लाई अपहरण गरिएको सम्बन्धमा |
| १९ | बर्दिया | | गुलरिया नगरपालिका–४ का धनेश बन्जारको अपहरण-हत्या) गरिएको सम्बन्धमा |
| २० | बर्दिया | | गुलरिया नगरपालिका–४ का राजेन्द्र सिंह बञ्जारको अपहरणपछि नेकपा (माओवादी)-बाट हत्या गरिएको सम्बन्धमा |
| २१ | बर्दिया | | मोहम्मदपुरका अब्दुल गफ्फारको दोहोरो भिडन्तमा मृत्यु भएको |

| | | | |
|---|---|---|---|
| | | | घटना सम्बन्धमा |
| २२ | बर्दिया | | गुलरिया नगरपालिका–६ की रामरती थारुलाई बेपत्ता बनाइएको सम्बन्धमा |
| २३ | बर्दिया | | मोहम्मदपुर–८ को वलीराम थारुलाई बेपत्ता पारिएको सम्बन्धमा |
| २४ | बर्दिया | | गुलरिया नगरपालिका–६ का हिक्मत थारुलाई बेपत्ता बनाइएको सम्बन्धमा |
| २५ | बर्दिया | | मोहम्मदपुरका कालीराम, प्रेमकुमार, शिवप्रसादलाई बेपत्ता बनाइएको सम्बन्धमा |
| २६ | बर्दिया | | गुलरिया नगर पालिका–४ का मोहरसिंह बन्जरालाई बेपत्ता बनाइएको सम्बन्धमा |
| २७ | सल्यान | | कुपिन्डेदह गाविस–६ का नन्दलाल डाँगीको हत्या गरिएको सम्बन्धमा |
| २८ | सल्यान | | कुपिन्डेदह गाविस–४ का हरिलाल परियारको हत्या गरिएको सम्बन्धमा |
| २९ | सल्यान | | थारमारे गाविस–४ चौबे भन्ने चोपीराम भार्कीको हत्या गरिएको सम्बन्धमा |
| ३० | दाङ | | तुलसीपुर नगरपालिकाका तिलबहादुर खड्काको सम्बन्धमा |
| ३१ | बर्दिया | | बर्दिया डेउडाकला–९ ककौराका फिरु थारुलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ३२ | बर्दिया | | बर्दिया डेउडाकला–९ ककौराका प्रेमबहादुर थारुलाई अपहरण गरिएको सम्बन्धमा |
| ३३ | बर्दिया | | बर्दिया डेउडाकला–९ ककौराका उत्तम थारुलाई अपहरण गरिएको सम्बन्धमा |
| ३४ | बर्दिया | | बर्दिया डेउडाकला–९ का कृष्णप्रसाद अधिकारीलाई माओवादीबाट अपहरण गरी अवस्था अज्ञात पारेको सम्बन्धमा |
| ३५ | बर्दिया | | बर्दिया डेउडाकला–९ का धमेन्द्र अधिकारी दोहोरो भिड्न्तमा बेपत्ता भएको सम्बन्धमा |
| ३६ | बर्दिया | | मोतीपुर गाविस, बर्दियाकी कलपति थरुनीलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ३७ | बर्दिया | | धधवार–७ बर्दियाका धनीराम थारुलाई बेपत्ता पारिएको सम्बन्धमा |
| ३८ | मुगु | २०६४/१०/८ | हिरासिंह कार्की र सुरेन्द्र विकको हत्या गरिएको अनुसन्धान |
| ३९ | बर्दिया | | महेन्द्र बहुमुखी क्याम्पस नेपालगञ्जका क्याम्पस प्रमुख रजीतराम पाठकको अज्ञात समूहले २०६४/११/२८ गते अपहरण गरेको सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| ४० | रोल्पा | २०६४/५/२० –२६ | धवाङ–५ धाङ्सीका विक्रम बुढामगरको माओवादीका कार्यकर्ताले छोडेको बम घरमा ल्याइ खेलाउदा विष्फोट भइ मृत्यु भएको सम्बन्धमा |
| ४१ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिडेका तीर्थराज वली बेवारिसे बम-विष्फोट भइ मृत्यु भएको सम्बन्धमा |
| ४२ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिडेका विष्णुकुमारी वली बेवारिसे बम-विष्फोट भइ मृत्यु भएको सम्बन्धमा |
| ४३ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिडेका जङ्गबहादुर वली बेवारिसे बम-विष्फोट भइ मृत्यु भएको सम्बन्धमा |
| ४४ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिडेका जयबहादुर वली बेवारिसे बम-विष्फोट भइ मृत्यु भएको सम्बन्धमा |
| ४५ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिडेका शरे वली बेवारिसे बम-विष्फोट भइ मृत्यु भएको सम्बन्धमा |
| ४६ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिडेका फौदबहादुर वली बेवारिसे बम-विष्फोट भइ घाइते भएको सम्बन्धमा |
| ४७ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिडेका रत्नबहादुर वली बेवारिसे बम-विष्फोट भइ घाइते भएको सम्बन्धमा |
| ४८ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिंगेका अमृतबहादुर वली बेवारिसे बम-विष्फोट भइ घाइते भएको सम्बन्धमा |
| ४९ | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिंगेका जयकली वली बेवारिसे बम-विष्फोट भइ घाइते भएको सम्बन्धमा |
| ५० | रोल्पा | २०६४/५/२७ – ६/१४ | पाखापानी–१ दलसिडेका ललीकुमारी वली बेवारिसे बम-विष्फोट भइ घाइते भएको सम्बन्धमा |
| ५१ | रोल्पा | २०६४/५/२७ – ६/१४ | गैरीगाउँ–१ बभिबाङका मानबहादुर पुन बेवारिसे बम-विष्फोट भइ घाइते भएको सम्बन्धमा |
| ५२ | रोल्पा | २०६४/८/१ – ४ | डिला गिरी (विपना)-लाई माओवादी जनसेनाको तिलास्थित सहायक शिविरमा यातना दिएको सम्बन्धमा |
| ५३ | रोल्पा | २०६४/११/२ २ – २९ | धबाङ–८ भनभनेका डोरबहादुर वलीलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको सम्बन्धमा |
| ५४ | रोल्पा | २०६४/११/२ २ – २९ | धबाङ–६ भनभनेका रेकबहादुर वलीलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको सम्बन्धमा |
| ५५ | रोल्पा | २०६४/११/२ २ – २९ | पाखापानी–१दलसिंडेका सेते वलीलाई प्रहरीका सी.आइ..डी.हरूले पकाउ गरी गोली हानी हत्या गरेको सम्बन्धमा |
| ५६ | रोल्पा | २०६४/११/२ २ – २९ | धबाङ–४ धाङ्सीका अमरजीत रोकालाई सुरक्षाकर्मीले पकाउ गरी गोली हानी हत्या गरेको सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| ५७ | रोल्पा | २०६४/११/२२ – २९ | धबाङ–६ थामका अमरे रोकालाई सुरक्षाकर्मीले पकाउ गरी गोली हानी हत्या गरेको सम्बन्धमा |
| ५८ | रोल्पा | २०६४/११/२२ – २९ | धबाङ–५ धाङ्सीका सुनमाया बुढामगरलाई सुरक्षाकर्मीले पकाउ गरी गोली हानी हत्या गरेको सम्बन्धमा |
| ५९ | रोल्पा | २०६४/११/२२ – २९ | धबाङ–६ धाङ्सीका शेरबहादुर रोकालाई सुरक्षाकर्मीले पकाउ गरी बेपत्ता पारेको सम्बन्धमा |
| ६० | रोल्पा | २०६४/१२/११ – १५ | जुगार–३ लापडाँडाका चूर्णबहादुर डाँगीलाई सुरक्षाकर्मीले हत्या गरेको घटना सम्बन्धमा |

**क्षेत्रीय कार्यालय धनगढी**

| क. सं | घटना-मिति | अनुसन्धान-मिति | अनुसन्धान विवरण |
|---|---|---|---|
| १ | २०६०/४/२९ | २०६४/४/७ | मङ्गलसेनबाट आएका सेनाहरूले बरदादेवी गाविस–१ अछाम बस्ने एक १५ बर्षिया बालिकालाई अमानवीय व्यवहार गरी यातना दिई बलात्कार गरेको भनिएको सम्बन्धमा |
| २ | २०५६/६/१० | २०६४/४/८ | अछाम जिल्ला, कालेकाडाँ गाविस वडा नं.–५ बस्ने नमराज भाटलाई सुरक्षाकर्मी-द्वारा हत्या गरिएको भनिएको सम्बन्धमा |
| ३ | २०५७/१/१ | २०६४/४/९ | अछाम जिल्ला, कालेकाडाँ गाविस वडा नं.–२ चिल्ताडा बस्ने उदयराम जैसीलाई माओवादी-द्वारा हत्या गरिएको भनिएको सम्बन्धमा |
| ४ | २०५७ /१/१ | २०६४/४/९ | अछाम जिल्ला, कालेकाडाँ गाविस वडा न.–२ मटेला बस्ने श्रीप्रसाद भाटलाई मिति २०६०/१०/२७ गते सुरक्षाफौज-द्वारा हत्या गरिएको भनिएको सम्बन्धमा |
| ५ | २०६०/७/२३ | २०६४/४/०६ –२२ | जिल्ला अछाम षोडसादेवी गाविस वडा न.–२ बस्ने नावालक वर्ष १७ को भगि दमाईलाई शाही नेपाली सेना, दह व्यारेक डडेल्धुराले पकाउ गरी बेपत्ता पारेको भनिएको सम्बन्धमा |
| ६ | २०६०/१०/२७ | २०६४/४/०६ – २२ | अछाम, कालेकाडा–२ बस्ने गिरिप्रसाद भाटलाई गैरकानुनी हत्या गरिएको भनिएको । |
| ७ | २०६०/६/१३ | २०६४/४/६–२२ | जिल्ला अछाम वीरपथ–५ बस्ने प्रेमबहादुर साहीलाई सुराकीको आरोपमा नेकपा (माओवादी)-का कार्यकर्ताहरू-द्वारा घरैबाट अपहरण गरी हत्या गरेको सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| ८ | २०६०/३/२० | २०६४/५/३० – ६/११ | जिल्ला कैलाली, रामसिखरझाला गाविस–८ देवकलिया बस्ने मानबहादुर बमलाई नेकपा(माओवादी)-बाट अपहरणपछि स्थिति अज्ञात पारेको भनिएको सम्बन्धमा |
| ९ | २०६०/२/२९ | २०६४/५/३० – ६/११ | कैलाली, रामशिखर झाला गाविस–८ बस्ने ठम्मानसिह बमलाई नेकपा (माओवादी)-बाट अपहरण गरी बेपत्ता बनाएको भनिएको सम्बन्धमा |
| १० | २०५९/९/२६ | २०६४/५/३०– ६/११ | कैलाली, पहलमानपुर बस्ने हेमसागर बरालको दोहोरो भिडन्त हुँदा मुखमा गोली लागी मृत्यु भएको सम्बन्धमा |
| ११ | २०५९/५/१८ | २०६४/५/३० – ०६/११ | कैलाली, पहलमानपुर बस्ने शोभाकर शर्मालाई माओवादीले कुटपीट गरी यातना दिइ हत्या गरेको भनिएको सम्बन्धमा |
| १२ | २०५९/८/२९ | २०६४/५/३० – ०६/११ | पहलमानपुर, कैलाली बस्ने सितलदास चौधरीलाई माओवादीले हत्या गरेको भनिएको सम्बन्धमा |
| १३ | २०५९/०१/११ | २०६४/५/३० – ६/११ | जिल्लाकंचनपुर, रैकवार विचवा गाविस–७ राजघाट बस्ने तपराज जोशीको गैरकानुनी हत्या गरेको भनिएको सम्बन्धमा |
| १४ | २०६१/०६/३० | २०६४/५/३० – ०६/११ | लक्ष्मीपुर गाविस–७ कञ्चनपुर बस्ने लालबहादुर रोकायलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| १५ | २०६१/८/२३ | २०६४/५/३० – ०६/११ | जिल्ला कञ्चनपुर, दैजी गाविस–१ घर भइ नेपाल प्रहरीमा कार्यरत दीपेन्द्रप्रसाद पनेरुलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| १६ | २०६२/१/१६ | २०६४/५/३० – ०६/११ | महेन्द्रनगरपालिका–१९ कञ्चनपुर बस्ने लीला सिंहलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| १७ | २०६२/१/२० | २०६४/५/३० – ०६/११ | कञ्चनपुर जिल्ला बस्ने बलदेव सिं बुडाललाइ नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| १८ | २०६२/१/२० | २०६४/५/३० – ०६/११ | कञ्चनपुर जिल्ला बस्ने प्रेमसिंह भण्डारीलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| १९ | २०६२/४/८ | २०६४/५/३० – ०६/११ | कञ्चनपुर जिल्ला सुडा गाविस–९ घर भइ क्षेत्रीय प्रहरी महेन्द्रनगरमा कार्यरत कर्णबहादुर चन्दलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| २० | २०६२/४ | २०६४/५/३० – ०६/११ | महेन्द्रनगर–३ कञ्चनपुर बस्ने बीरबहादुर विष्टलाई नेकपा (माओवादी)--द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| २१ | २०६२/०६/३१ | २०६४/५/३० – ०६/११ | जिल्ला विकास समिति कञ्चनपुरका इलाका सदस्य यज्ञराज जोशीलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको |

| | | | |
|---|---|---|---|
| | | | सम्बन्धमा |
| २२ | २०६२/१२/१५ | २०६४/५/३० – ०६/११ | महेन्द्रनगर नगरपालिका, कञ्चनपुर बस्ने प्रविण कार्कीलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| २३ | २०६२/१२/१५ | २०६४/५/३० – ०६/११ | तिलकपुर गाविस ३ बस्ने रतन साउदलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| २४ | २०६२/१२/१५ | २०६४/५/३० – ०६/११ | महेन्द्रनगर नगरपालिका २ कञ्चनपुर बस्ने टेकराज जोशीलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| २५ | २०६२/१२/१५ | २०६४/५/३० – ०६/११ | सुडा गाविस ९ कन्चनपुर बस्ने खगेन्द्र सिंह भाटलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| २६ | २०६२/१२/१५ | २०६४/५/३० – ०६/११ | महेन्द्रनगर नगरपालिका–१० कञ्चनपुर बस्ने महेश टमाटालाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| २७ | २०६२/११/२० | २०६४/५/३० – ०६/११ | सुडा गाविस-७ कञ्चनपुर बस्ने जमन सिंह विष्टलाई नेकपा (माओवादी)-द्वारा अपहरण गरेको भनिएको सम्बन्धमा |
| २८ | २०६३/८/१४ | २०६४/५/३० – ०६/११ | शुक्ला फाँटा वन्यजन्तु आरक्षका वन सहायक अधिकृत समेतबाट कञ्चनपुर जिल्लाको भेटघाट फाँटा शिविरमा आगलागी गरिएको भनिएको सम्बन्धमा |
| २९ | २०६०/७/४ | २०६४/५/३० – ०६/११ | कैलाली, मसुरिया गाविस–१ अंडैया बस्ने पारस वि.क.लाई नेकपा ( माओवादी)-ले हत्या गरेको भनिएको सम्बन्धमा |
| ३० | २०६३/१२/२९ | २०६४/७/१६ | जिल्ला डडल्धुरा शीर्ष गाविस वडा न.–७ बस्ने काशीदत्त जोशी र अनिरुद्र जोशीलाई थुनामा राखेको भनिएको सम्बन्धमा |
| ३१ | २०६१/१२/१४ | २०६४/७/१७ | जिल्ला डडेल्धुरा जोगवुडा गाविस वडा न. –१ बस्ने नावालक विष्णु आलेलाई नेकपा (माओवादी)-बाट अपहरण गरिएको भनिएको सम्बन्धमा |
| ३२ | २०६२/४/१६ | २०६४/७/१७ | जिल्लाडडेल्धुरा शिर्ष गाविस वडानं. ८ घर भइ प्रहरी सेवामा कार्यरत हरिवोहरालाई सुरक्षाफौंज-द्वारा पकाउ गरी बेपत्ता पारेको भनिएको तर पछि माओवादीबाट हत्या गरिएको भनिएको सम्बन्धमा |
| ३३ | २०६२/९/१६ | २०६४/७/१६ | जिल्ला डडेल्धुरा शीर्ष गाविस बस्ने भूमीराज प्राविका शिक्षक खडकदत्त भट्टराईलाई माओवादीबाट अपहरण |

| | | | |
|---|---|---|---|
| | | | गरिएको भनिएको सम्बन्धमा |
| ३४ | २०६२/९/१६ | २०६४/७/१६ | जिल्ला डडेल्धुरा शीर्ष गाविस बस्ने भूमीराज प्राविका शिक्षक नरेन्द्र साहीलाई माओवादीबाट अपहरण गरिएको भनिएको सम्बन्धमा |
| ३५ | २०६४/३/२१ | २०६४/७/२८ – ८/१ | कन्चनपुर जिल्ला निवासी पत्रकार प्रकाश ठकुरीलाई माओवादी कार्यकर्ताहरूले अपहरण गरी बेपत्ता बनाएको भनिएको सम्बन्धमा |
| ३६ | २०६४/७/३ | २०६४/७/१८ – २२ | जिल्ला बैतडी उदयदेव गाविसको उदयदेव मन्दिरमा वली दिएका राँगाको मासु खान इन्कार गर्दा दलित समुदायका व्यक्तिहरूमाथि गालीवेज्जती र कुटपीट गरिएको जातीय विभेदसम्बन्धी भनिएको घटना सम्बन्धमा |
| ३७ | २०६०/६/११ , | २०६४/१०/ ११ | जिल्ला बझाङ रिठापाठा गाविस–१ ग्वानी बस्ने जङ्गगबहादुर बोहरालाई नेकपा (माओवादी)-बाट गोली हानी हत्या गरेको भनिएको सम्बन्धमा |
| ३८ | २०६०/६/३ | २०६४/१० /११ | डबलबहादुर सिंहसमेत ३ जनालाई गैरकानुनी हत्या गरेको भनिएको सम्बन्धमा |
| ३९ | २०५८/१२/२६ | २०६४/१० /१७ | बझाङ चैनपुर–१ बस्ने रङ्गे गन्धर्वलाई गैरकानुनी हत्या गरेको भनिएको सम्बन्धमा |
| ४० | २०६२/२/१५ | २०६४/१० /१७ | जिल्ला बझाङ बाझ गाविस–६ बस्ने प्रेमबहादुर भण्डारीलाई नेकपा (माओवादी)ले हत्या गरेको भनिएको सम्बन्धमा |
| ४१ | २०५९/१/१९ | २०६४/१०/२५ | कैलाली जिल्ला लालबोझी गाविस वडा न.–१ बस्ने अन्तराम कठरियालाई मिति २०५९/१/१९ गते कैलालीको वौनिया बजारमा गहुँ बेची आफ्नै ट्याक्टरमा फर्कदै गर्दा भजनी गाविस–४ पडरियामा आईपुग्दा बेपत्ता पारेपछि हत्या गरेको भनिएको सम्बन्धमा |
| ४२ | २०६३/०६/५ | २०६३/९/५ | जिल्ला कैलाली धनगढी नगरपालिका बस्ने दीपेन्द्रप्रसाद भट्टले जिल्ला प्रशासनमा दिएको निवेदन उपर प्रशासनबाट कारवाही प्रक्रिया अगाडि नबढाएकोले न्याय पाउनबाट बञ्चित भएको भनिएको सम्बन्धमा |
| ४३ | २०६३/८/५ | २०६३/८/८ देखी अनुसन्धान सुरु भएको । | नवराजपाध्या ढुङ्गाना/पशुपतिपाध्या ढुङ्गानालाई प्रशासनबाट नागरिकता प्राप्त गर्न वञ्चित रहेको भनिएका सम्बन्धमा |
| ४४ | २०६३/१/१८ | २०६३/९/१२ देखि अनुसन्धान | नन्दा सार्की रावललाई प्रशासनबाट नागरिकता प्राप्त गर्नबाट वञ्चित गरेको भनिएको सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| | | सुरु भएको । | |
| ४५ | २०६४/१०/२, ३,४ | २०६४/१०/०६ देखि अनुसन्धान शुरु भएको । | मिना खत्री बलायरलाई घरपरिवारबाट कुटपीट गरी घर निकाला गरेको सम्बन्धमा |
| ४६ | २०६४/११/२७ | २०६४/१२/२९ देखि अनुसन्धान शुरु भएको । | शहिनाज खान, भारत ,लखिमपुर, पलिया घर भइ हाल कैलाली जिल्ला धनगढी नगरपालिका वडा नं.–२ बस्नेलाई वडा प्रहरी कार्यालयमा यातना दिएको भनिएको सम्बन्धमा |
| ४७ | २०५९/०६/२ | २०६३/३/१४ देखि अनुसन्धान शुरु भएको । | कञ्चनपुर जिल्ला श्रीपुर गाविस बस्ने नाथुराम चौधरीलाई सुरक्षाकर्मीले पकाउ गरी बेपत्ता पारिएको भनिएको सम्बन्धमा |
| ४८ | मिति २०५९/०६/२ गते | २०६३/३/१४ देखि अनुसन्धान शुरु भएको । | कञ्चनपुर जिल्ला श्रीपुर गाविस बस्ने बर्ष १४ को छोटेलाल चौधरीलाई सुरक्षाकर्मीले पकाउ गरी बेपत्ता पारिएको भनिएको सम्बन्धमा |
| ४९ | मिति २०५९/०६/२ गते | २०६३/३/१४ देखि अनुसन्धान शुरु भएको । | कञ्चनपुर जिल्ला श्रीपुर गाविस बस्ने जङ्गगबहादुर चौधरीलाई सुरक्षाकर्मीले पकाउ गरी बेपत्ता पारिएको भनिएको सम्बन्धमा |
| ५० | २०६३/२/८ | २०६३/२/१८ देखि अनुसन्धान शुरु भएको । | जिल्ला कैलाली, धनगढी नगरपालिका बस्ने कमल बराललाई प्रहरी हिरासतमा रहेको अवस्थामा प्रहरीबाट अमानवीय व्यवहार भइ आँखा फुटाएको भनिएको सम्बन्धमा |
| ५१ | २०५८/८/२२ | २०६३/१/२० देखि विभिन्न मितिमा | जिल्ला डडेल्धुरा, शीर्ष गाविस बस्ने हरिसिंह माललाई नेकपा (माओवादी)-को आरोपमा इलाका प्रहरी कार्यालय, जोगबुढाले निजको पसलमा ताला लगाएको सम्बन्धमा |
| ५२ | अनुगमनका क्रममा | २०६५/२/१५ | मिति २०६५/२/१५ गते दिउँसो कैलाली जिल्ला प्रशासन कार्यालय नजिक सुरक्षाकर्मी र सर्वसाधारणबीच भएको झडपमा ३ जनाको मृत्यु भएको र अन्य केही घाइते भएको घटनाका सम्बन्धमा |
| ५३ | २०५९/३/१७ | २०६५/३/२ –.८ | कैलाली जिल्ला रामसिखरझाला गाविस वडा न.–६ का कृष्णबहादुर चौधरीलाई नेकपा (माओवादी)-ले हत्या गरेको भनिएको सम्बन्धमा |
| ५४ | २०६०/७/२३ | २०६५/३/२ –.८ | कैलाली, पहलमानपुर गाविस वडा न.–५ का जञ्जिरुवा डगौंरालाई गैरकानुनी हत्या गरेको भनिएको सम्बन्धमा |
| ५५ | २०५९/१/२१ | २०६५/३/२ –.८ | कैलाली मसुरिया–९ मसुरियाका दुर्गाकुमारी सापकोटालाई गैरकानुनी हत्या भएको भनिएको सम्बन्धमा |

| | | | |
|---|---|---|---|
| ५६ | २०५८।११।२७ | २०६५/३/२ –.८ | कैलाली उदासिपुर गाविस वडा न.–७ का विनोद चौधरीलाई पकाउ गरि वेपता पारेको भनिएको सम्बन्धमा |
| ५७ | २०५९/५/१३ | २०६५/३/२ –.८ | कैलाली कोटातुल्सीपुर गाविस वडा न.–७ बस्ने बाधुराम डगौरालाई बेपत्ता पारेको भनिएको सम्बन्धमा |
| ५८ | २०५९/७/३० | २०६५/३/२ –.८ | कैलाली रामसिखरझाला गाविस वडा न.-६ का ज्ञानेन्द्र हमाललाई गैरकानुनी हत्या गरेको भनिएको सम्बन्धमा |
| ५९ | २०५९ /८/२६ | २०६५/३/२ –.८ | कैलाली रामसिखरझाला गाविसका तेजराज विनाडीलाई नेकपा (माओवादी)-ले अपहरण गरी हालसम्म अज्ञात पारेको सम्बन्धमा |
| ६० | २०५९/९/ १ | २०६४/१०/ १६ | जिल्ला बझाङ रिठापाटा–२ बस्ने ज्ञानवहादुर रसाइलीलाई प्रहरीले घरैबाट पकाउ गरी जिल्ला प्रहरी कार्यालयमा पुऱ्याइ यातनापश्चात गैरकानुनी हत्या गरेको भनिएको सम्बन्धमा |
| ६१ | २०५९/२/३० | २०६४/१०/ १० | जिल्ला बझाङ रायल गाविस वडा न.–१ रायल बस्ने वर्ष ३२ को बमवहादुर मल्ललाई संयुक्त सुरक्षाफौंजले नियन्त्रणमा लिइ यातनापश्चात् गोली हानी हत्या गरेको भनिएको सम्बन्धमा |
| ६२ | २०५९/२/३० | २०६४/१०/२२ | जिल्ला बझाङ खिरातडी गाविस वडा न.–७ बस्ने मीनवहादुर सिंहलाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले अपहरण गरी हत्या गरेको भनिएको सम्बन्धमा |
| ६३ | २०६४/७/२६ | २०६४/९/१७ | डोटी दिपायल नगरपालिका वडा न.–७ बस्ने नावालक सुरेश कामी र दुर्गा दमाईलाई प्रहरीले गैरकानुनी तवरले पकाउ गरेको भनिएको सम्बन्धमा |
| ६४ | २०५८/८/२८ | २०६४/१०/१९ | जिल्ला बझाङ मटेला गाविस वडा न.–२ बस्ने वर्ष ५९ को जङ्ग गिरीलाई संयुक्त सुरक्षाफौंजले यातना दिइ अपाङ्ग बनाएको भनिएको सम्बन्धमा |
| ६५ | २०५८/८/२८ | २०६४/१०/१९ | बझाङ मटेला गाविस वडा न.–२ बस्ने वर्ष ५९ को जङ्ग गिरीलाई संयुक्त सुरक्षाफौंजले यातना दिइ अपाङ्ग बनाएको सम्बन्धमा |

# अनुसूची–४

## प्रेस-विज्ञप्ति

# राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

### प्रेस-विज्ञप्ति

(२०६४/७/१४)

राष्ट्रिय मानवअधिकार आयोगले गृहमन्त्रालयको आधिकारिक व्यक्तिलाई आयोगमा आज बोलाइ कारागार सुधार उच्चस्तरीय सुझाव समितिको प्रतिवेदन प्राप्त गऱ्यो साथै नेपाल सरकारबाट कारागारमा अनसनमा बसेका बन्दीहरूको सम्वन्धमा गरेका पहलहरूका बारेमा जानकारी लियो । उक्त समितिको सिफारिसअनुरूप साथै आयोगले गरेको देशका विभिन्न कारागारहरू तथा तहाँ रहेका बन्दी/थुनुवाहरूको अवस्थाको अनुगमनपश्चात् प्राप्त तत्थ्यहरूको आधारमा कारागारको भौतिक अवस्था र बन्दीहरूको अधिकार तथा मानवीय पक्षहरूको सम्वन्धमा आयोगले आजै नेपाल सरकारलाई निम्न कुराहरूमा अविलम्ब सुधार तथा कार्यान्वयन गर्न सिफारिस गरेको छ ।

१) हाल कारागारका बन्दीहरूलाई दैनिक दिदै आएको ७०० ग्राम चामल र ३० रुपैया न्यून भएको हुँदा पर्याप्त गुणस्तरीय खाद्यान्न र भौगोलिक क्षेत्रअनुसार दैनिक रूपमा उपलब्ध गराइने रकममा वृद्धि गर्ने ,

२) कारागारहरूको भौतिक अवस्था जिर्ण साथै बन्दीहरूको सङ्ख्याको अनुपातमा पर्याप्त बस्ने ठाँउ नभएको सन्दर्भमा कारागार जिर्णोद्धार तथा निर्माण सम्बन्धमा तत्काल कार्यक्रम एवं मानवोचित पर्याप्त ठाँउको व्यवस्था गर्नुपर्ने ,

३) बन्दीहरूको प्राथमिक स्वास्थ्य उपचार र अन्य उपचारका सम्बन्धमा कारागारभित्र नै व्यवस्था तथा नियमित स्वस्थ्य परीक्षण तथा उपचारको व्यवस्था मिलाउनुपर्ने ,

४) कारागारबाट अदालत तथा स्वास्थ्य उपचारको क्रममा बन्दी तथा थुनुवाहरूलाई ओसारपसार गर्दा हाल बन्दीहरूमाथी नै व्ययभार पर्न गएको देखिएकोले यातायात खर्चको व्ययभार नेपाल सरकारले नै बिहोर्नुपर्ने साथै समयमा नै यातायातको व्यवस्था गर्नुपर्ने ,

५) बन्दी तथा थुनुवाहरूका आश्रीत बालबालीकाहरूलाई छुट्टै बालगृहहरूमा राखी पठनपाठन स्वस्थ्य उपचार तथा बालबालिकाका लागि अन्य आवश्यक व्यवस्था गर्नुपर्ने ,

६) मानसिक रोगी बन्दीहरूलाई छुट्टै राख्ने व्यवस्था मिलाइ पर्याप्त स्वास्थ्य उपचारको व्यवस्था गर्नुपर्ने,

७) उच्चस्तरीय समितिले दिएको कारागार सुधार तथा बन्दीहरूको न्यूनत्तम अधिकारसम्बन्धी सुझाव तथा शिफारिसहरूको शीघ्र अल्पकालिन तथा दीर्घकालिन कार्ययोजना बनाइ लागू गर्नुपर्ने र

८) कारागारमा हाल अनसनमा रहेका बन्दीहरूको मानवीय क्षति नहोस भन्ने हेतुले नेपाल सरकारले अविलम्ब आवश्यक कदम चाल्नुपर्ने ।

मुरारिप्रसाद खरेल

उप-निर्देशक

फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४ पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

*प्रेस-विज्ञप्ति/१० असोज २०६४*

## आयोगमा गृहसचिव र सशस्त्र प्रहरी महानिरीक्षकसँग छलफल

राष्ट्रिय मानवअधिकार आयोगले कपिलवस्तु घटना सम्बन्धमा गृहसचिव उमेशप्रसाद मैनाली र सशस्त्र प्रहरी महानिरीक्षक बासुदेव ओलीलाई आज आयोगको कार्यकक्षमा बोलाइ मानवअधिकारको स्थितिबारे जानकारी गरायो ।

आयोगका माननीय सदस्य रामनगिना सिंहको नेतृत्वमा आयोगका अधिकृतहरू सम्मिलित टोलीबाट कपिलवस्तु जिल्लाको वीरपुर, चन्द्रौटा, बहादुरगञ्ज, कृष्णनगर, बिसनपुर, देवीपुर, पथ्थरदैया, चनई, शिबपुर, खुरहुरिया, जवाभारी, गणेशपुर, पीपरा, तौलिहवा, जगदीशपुर, खैरी, बाणगंगा, जीतपुर, गजेहडा, निग्लिहवा, तिलौराकोट, बिजगौरी, मोहम्मदनगर, राजपुर, किचहिडा, बुढ्ढी, इमिलिया, बरकुलपुर, मगरघट्टा, सुन्दरीडाँडा, मोतिपुर, जयनगर, गोरुसिंगे, डुमरा, शिबगढी लगायतका विभिन्न स्थानहरूमा मानवअधिकार उल्लङ्घनका घटनाका बारेमा जानकारी लिएको थियो । यसै गरी आयोगको टोलीले रुपन्देही जिल्लाको बुटवल नगरपालिका, जीतगढी, बेलवास, नयाँगाउँ, ढवाहा, तामनगर, बनकट्टा, रानीबगिया, मुर्गिया, परौहा, दुधराक्ष, चम्पापुर सालझण्डी लगायतका स्थानमा स्थलगत अनुगमन गर्नुका साथै लुम्बिनी अञ्चल अस्पताल बुटवल, शिबराज अस्पताल बहादुरगञ्ज, कपिलवस्तु समेतमा घाइतेहरूलाई भेटी निजहरूको स्वास्थ्य अवस्था तथा घटनाको बारेमा जानकारी लिएको थियो ।

आयोगले स्थलगत अनुगमनका क्रममा मृतकका परिवार, घाइते, घटनाका पीडित, प्रत्यक्षदर्शी, मानवअधिकारकर्मी, नागरिक समाज, राजनैतिक दलका प्रतिनिधि, पत्रकार, कानुन व्यवसायी, व्यापारी, सुरक्षा निकाय, विस्थापित व्यक्तिहरू तथा

घटनाका बारेमा जानकार व्यक्तिहरूसँग छलफल तथा सोधपुछ गरी तथ्य सङ्कलन गरेको थियो ।

आयोगको प्रारम्भिक प्रतिवेदनअनुसार कपिलवस्तुमा नियोजित रूपमा गम्भीर मानवअधिकारको उल्लंघन भएको, करिव ५ हजार विस्थापित भएका, आन्तरिक विस्थापितहरू खुल्ला आकाशमा बस्न बाध्य भएका, खाद्यान्न औषधोपचार लगायत आधारभूत आवश्यकताको कमी भएको, शिविरमा महामारी फैलिने सम्भावना भएको, हालसम्म पनि शान्ति सुरक्षाको पूर्ण प्रत्याभूति हुन नसकेको, घटनामा संलग्न दोषीलाई कारवाही हुन नसकेको सम्बन्धमा गृहसचिव र सशस्त्र प्रहरी महानिरीक्षकको ध्यानाकर्षण गरी सो सम्बन्धमा आयोगले गम्भीर चासो व्यक्त गऱ्यो । साथै आयोगले अविलम्व पीडितहरूलाई अन्तरिम मानवीय राहत उपलब्ध गराउन, शान्ति सुरक्षाको स्थिति मजबुत पार्न, घटनाको सूक्ष्म रूपले अनुसन्धान गरी दोषीलाई अविलम्व कानुनी कारवाही गर्न समेत नेपाल सरकारसँग आग्रह गऱ्यो ।

छलफलको क्रममा आयोगका सदस्यहरू रामनगिना सिंह, डा. लीला पाठक समेतको उपस्थिति थियो ।

............................

**(यज्ञप्रसाद अधिकारी)**

प्रमुख, संरक्षण तथा अनुगमन महाशाखा

**फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४ पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org**

# राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

**प्रेस विज्ञप्ति /माघ २, २०६४**

*विद्यालयबाट सशस्त्र वेस क्याम्प हटाउन सरकारलाई सिफारिस*

राष्ट्रिय मानवअधिकार आयोगले सप्तरी जिल्लाको हनुमाननगरस्थित लिलजा ठाकुर राष्ट्रिय प्राथमिक विद्यालयय भवन तथा परिसरबाट सशस्त्र प्रहरीको वेसक्याम्प हटाउन आज नेपाल सरकारलाई पत्राचार गरेको छ ।

सो विद्यालय भवनमा विगत दुई वर्षदेखि सुरक्षाकर्मी बस्दै आएको र सशस्त्र प्रहरीको दन्तकाली गणले जबरजस्ती कब्जा गरी क्याम्प राखेको जानकारीप्रति आफ्नो गम्भीर ध्यानाकर्षण भएको उल्लेख गर्दै आयोगले सो विद्यालय परिसरबाट तत्काल क्याम्प हटाइ त्यसको जानकारी आयोगलाई दिन भनी सिफारिस गरेको हो ।

विद्यालय भवन सशस्त्र प्रहरीले प्रयोग गरेपछि सो विद्यालयका एक हजारभन्दा बढी विद्यार्थीहरू परिसरबाहिर खुला चउरमा बसेर पढ्न बाध्य रहेको कुरा २०६४ माघ १ गतेको 'नयाँ पत्रिका' ले तस्वीरसहित प्रकाशित गरेको थियो ।

निर्भयतापूर्वक शिक्षा आर्जन गर्न पाउनु बालबालिकाको अधिकार हो । यस अधिकारलाई नेपालको संविधान, मानवअधिकारसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय कानुनहरूले स्पष्टसँग प्रत्याभूत गरेका छन । सशस्त्र प्रहरी क्याम्प विद्यालय भवनमा राख्ने कार्यले नेपालको अन्तरिम संविधान २०६३ र बालअधिकारसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय महाससन्धि तथा नेपाल सरकार र नेकपा (माओवादी )बीच २०६३

मङ्सिरमा सम्पन्न विस्तृत शान्ति सम्झौताको समेत प्रत्यक्ष उल्लंघन भएको देखाउँछ ।

साथै विद्यालयलाई शान्ति क्षेत्रका रूपमा विकसित गर्नुपर्छ  भन्ने कुरा आयोगले विगतदेखि नै उठाउँदै आएको हो । सशस्त्र प्रहरी क्याम्प त्यहाँ राखेबाट सो विद्यालयका बालबालिकाले शिक्षा पाउने अधिकारमाथि हस्तक्षेप हुनुका साथै विद्यालय तथा बालबालिका शान्ति क्षेत्र हुन भन्ने प्रतिबद्धता पनि पालना भएको देखिदैंन ।

यसैबीच यससम्बन्धमा थप अनुगमन/अनुसन्धानका लागि आयोगको विराटनगरस्थित क्षेत्रीय कार्यालयबाट एक टोली भोलि त्यसतर्फ प्रस्थान गर्दैछ ।

...............

.....

विमलवावु खत्री

संचार अधिकृत

फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४ पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

**प्रेस विज्ञप्ति**

## आयोगमा गृह, आपूर्ति र सुरक्षा अधिकारीसँग छलफल

ललितपुर/फागुन १४, तराईका ११ जिल्लामा गत फागुन १ गतेदेखि लगातार भइरहेको बन्दले राजधानीलगायत सिङ्गो देशमा शान्ति सुरक्षा तथा मानवअधिकार स्थिति खस्कँदै गएकाले राष्ट्रिय मानवअधिकार आयोगको गम्भीर ध्यानाकर्षण भई आयोगले गृह मन्त्रालय, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय, नेपाल प्रहरी, सशस्त्र प्रहरी बल र नेपाल आयल निगमका उच्च पदस्थ अधिकारीलाई आज आयोगको कार्यकक्षमा बोलाइ हाल आपूर्तिमा देखिएका कमीकमजोरीहरू, शान्तिसुरक्षाको स्थिति तथा समग्र मानवअधिकारको अवस्थाबारे छलफल गरेको छ ।

तराईका पर्सा, बारा, रौतहट, सर्लाही, महोत्तरी, धनुषा, सिरहा, सप्तरी, मोरङ, सुनसरी र बाँके जिल्लाहरूमा आयोगले गरिरहेको नियमित अनुगमनबाट प्राप्त तथ्यका आधारमा ती जिल्लाहरूको मानवअधिकारको अवस्था अत्यन्तै नाजुक भइरहेको पाइएको छ । लामो समयसम्म जारी आमहडताल तथा बन्दका कारण उपभोक्तालाई दैनिक अत्यावश्यकीय आधारभुत आवश्यकताका वस्तुहरू खाना पकाउने ग्याँस, पेट्रोलियम पदार्थ, खाद्यान्न, औषधीलगायतको आपूर्तिमा गम्भीर असर पर्न गई आमजनताको आधारभूत मानवअधिकारको उल्लङ्घन भईरहेको भन्दै आयोगले अविलम्ब त्यसको प्रभावकारी आपूर्ति व्यवस्था मिलाउन र आवश्यकता अनुसार अत्यावश्यकीय कानुनी लगायत अन्य उपाय अवलम्बन गर्न नेपाल सरकारको ध्यानाकर्षण गरायो ।

साथै, बन्दका कारण सर्वसाधारणले स्वतन्त्र रूपमा आवतजावत गर्न नपाएको, दैनिक उपभोग्य सामग्रीको खरिद बिक्री तथा ढुवानीमा गम्भीर अवरोध सिर्जना भएको, विद्यालय बन्दका कारण नजिकिँदो एसएलसी परीक्षाको तयारीमा जुटेकालगायतका विद्यार्थीहरू शिक्षाको अधिकारबाट वञ्चित भएको तथा तराई, राजधानी लगायत देशका विभिन्न भागमा आमनागरिकको जनजीवन दिनप्रतिदिन अत्यन्त कष्टकर हुँदैगईरहेको पाइएकोले अधारभूत मानवअधिकारको रक्षा गर्न सरकारका सम्बन्धित निकायहरूलाई तत्काल प्रभावकारी कदम चाल्न राष्ट्रिय मानवअधिकार आयोगले निर्देशन दिएको छ । त्यसैगरी, तराई आन्दोलनको क्रममा मृत्यु भएका व्यक्तिहरू, शान्तिसुरक्षामा खटिई मृत्युभएका सुरक्षाकर्मीका परिवारलाई अबिलम्ब क्षतिपूर्ति उपलब्ध गराउन तथा घाईतेहरूको उपचार गर्न एवम् दोषीलाई कानुनबमोजिम कारबाही गर्न सरकारलाई आग्रह गरेको छ ।

सो छलफलमा आयोगका अध्यक्ष केदारनाथ उपाध्याय, सदस्यहरू रामनगिना सिंह, गौरी प्रधान र डा. के.बी रोकाया तथा सचिव विशाल खनालसमेतको उपस्थिति थियो । साथै, सशस्त्र प्रहरी महानिरीक्षक बासुदेव वली, नेपाल प्रहरीका अतिरिक्त महानिरीक्षक श्यामसिंह थापा, गृह मन्त्रालयका सहसचिव प्रतापकुमार पाठक, उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयका सहसचिव तेजराज शाक्य, नेपाल आयल निगमका उपनिर्देशक इच्छाविक्रम थापा लगायतको उपस्थिति थियो ।

Bishal Khanal ......

सचिव

फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४ पो.ब.नं. ९१८२ काठमाडौ, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

**प्रेस-विज्ञप्ति**

२०६५ जेठ १४ गते

**अनुसन्धानमा सहयोग नगरेकोमा आयोगको गम्भीर आपत्ति**

काठमाडौं कोटेश्वर निवासी रामहरि श्रेष्ठलाई चितवन शक्तिखोरस्थित नेकपा (माओवादी) अन्तर्गत तेस्रो डिभिजन जुटपानीका सैन्य कमाण्डरहरूसमेतको संलग्नतामा हत्या गरिएको भनिएको घटनामा स्थलगत अनुसन्धानका लागि खटिएको आयोगको टोलीलाई सम्बन्धित पक्षले असहयोग गरेकोमा राष्ट्रिय मानवअधिकार आयोग निम्नअनुसार गम्भीर आपत्ति प्रकट गर्दछः

–स्थलगत अनुसन्धानका लागि गत जेठ ९ गतेदेखि चितवन पुगेको आयोगको अनुसन्धान टोलीलाई माओवादी सैन्य शिविरभित्र प्रवेश गर्न नदिइ मानवअधिकार उल्लङ्घनको घटना अनुसन्धान गर्न बाधा उत्पन्न गरेको । यस घटनाबाट आयोगलाई नेपालको अन्तरिम संविधान २०६३ को धारा १३२ उपधारा (३) ले दिएको अधिकार प्रयोग गर्न तथा नेपाल सरकार र नेकपा (माओवादी) बीच २०६३ मङ्सिर ५ गते भएको विस्तृत शान्ति सम्झौताद्वारा आयोगलाई दिइएको जिम्मेवारी पालन गर्नबाट उल्लिखित पक्षहरूबाट वञ्चित गरेको ।

–जिल्ला प्रहरी कार्यालय चितवनका प्रहरी प्रमुखबाट हालसम्म भरपर्दो र निश्पक्ष अनुसन्धान हुन नसकेको, र आयोगको अनुसन्धान टोलीले मागेका लिखत तथा सूचनाहरू उपलब्ध नगराइ आयोगको अनुसन्धान कार्यमा असहयोग गरेको ।

........................

**विशाल खनाल**
सचिव

फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४ पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

## प्रेस-विज्ञप्ति

२०६५ असार १९ गते

### महिलाहिंसाका घटना नियन्त्रण गर्न आयोगको अपिल

राष्ट्रिय मानवअधिकार आयोग दाइजोसम्बन्धी महिला हिंसाका निम्न घटनाहरूमा गम्भीर चिन्ता र चासो प्रकट गर्दछ-

- *रौतहट जिल्ला गौर नगरपालिका वडा नं.-३ बस्ने संगीतादेवीलाई दाइजो नल्याएको भनी उनका पति उदय साह र परिवारका अन्य सदस्यसमेतले लगातार कुटपीट गर्ने गरेको, घरमा थुनेर राखेको, बिजुलीको तार र इँटा प्रयोग गरी विभिन्न किसिमबाट चरम यातना दिएको । संगीतादेवीका तीन छोराछोरी समेतलाई घरबाट निकालेको ।*

- *सुनसरी जिल्ला लौकहीका विजय साहले पर्याप्त दाइजो नल्याएको निहुँमा रिना साहलाई कुटपिट गरी बेपत्ता बनाएको । स्थानीय मानवअधिकारकर्मीले उनी असार १२ गतेदेखि बेपत्ता भएको बताएका छन् । निज रिना साहकी दिदी बबितालाई समेत निर्घात कुटपिट गरिएको ।*

यस सम्बन्धमा आयोगको अनुगमन टोली घटनास्थल पुगी सकेको र दोषीलाई नियन्त्रणमा लिइ तत्काल कानुनी कारबाही चलाउन स्थानीय प्रशासन र प्रहरी संयन्त्रसँग आवश्यक छलफल र समन्वय गरिरहेको छ ।

महिला हिंसाका घटनाहरू बढ्दै गएकाले त्यसलाई नियन्त्रण गर्न र यस सम्बन्धमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न आयोगले अघिल्लो हप्ता मात्रै गृहमन्त्रालयका सचिव उमेशकान्त मैनाली र प्रहरी महानिरीक्षक

ओमविक्रम राणालाई आयोगमा बोलाई तत्कालै प्रभावकारी कदम चाल्न निर्देशन दिएको थियो । त्यस्तै, अघिल्लो महिनामा संखुवासभा जिल्ला विवाहमा दाइजो नदिएको भन्दै बेहुली र निजका परिवारलाई अभद्र व्यवहार गरेको र बारा जिल्लामा पुनः विवाह गरेर बेहुली फिर्ता गरेका सम्बन्धमा पनि आयोगले गम्भीर चासो प्रकट गरेको थियो ।

महिलाविरुद्धका सबै प्रकारका भेदभाव उन्मूलन गर्ने सम्बन्धी महासन्धि १९७९ को धारा २ (च) ले स्पष्ट रूपमा महिलाविरुद्धका सबै भेदभाव र हिंसाका घटना उन्मूलन गर्न कानुन बनाउने लगायत आवश्यक सबै उपाय अवलम्बन गर्नु राज्यको दायित्व भनेको छ । नेपाल यो महासन्धिको पक्षराष्ट्र भइसकेको सन्दर्भमा दिन प्रतिदिन बढिरहनु मानवअधिकारको गम्भीर उल्लङ्घन हो । त्यसैगरी नेपालको अन्तरिम संविधान २०६३ को धारा २० (३) मा 'कुनै पनि महिला विरुद्ध शारीरिक, मानसिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य गरिने छैन र त्यस्तो कार्य कानुनद्वारा दण्डनीय हुनेछ' भनी उल्लेख छ ।

अतः महिलाविरुद्धका हिंसाका घटनाविरुद्ध जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्न, आयोगले विगतमा गरेका सिफारिशहरूबमोजिम ती घटनामा संलग्न दोषीलाई यथाशीघ्र कानुनी कारबाही गर्न तथा पीडितलाई
गर्न आयोग नेपाल सरकारसँग जोडदार आग्रह गर्दछ ।

........................

**विशाल खनाल**

सचिव

फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४ पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानवअधिकार आयोग

## क्षेत्रीय कार्यालय,नेपालगंज

प्रेस विज्ञप्ती

२१ फाल्गुन २०६४, नेपालगञ्ज ।

राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालञ्जको क्षेत्रीय निर्देशकसहितको एक टोलीले हालै जाजरकोट जिल्लाको संविधान सभाको निर्वाचन, विस्तृत शान्तिसम्झौताको पालना तथा समग्र मानवअधिकारको अवस्थाको सम्बन्धमा अनुगमन गरेको छ । अनुगमन टोलीमा संरक्षण अधिकृतद्धय रमेश थापा तथा हरि ज्ञवालीको सहभागिता थियो ।

अनुगमनको क्रममा टोलीले संविधान सभाको निर्वाचनमा राजनैतिक दलहरू सकृयतापुर्वक लागिसकेको, निर्वाचनको लागि प्रभावकारी सुरक्षा व्यवस्था कायम गरिएको पाइएको थियो । जाजरकोटको समग्र मानवअधिकारकोस्थिति सम्बन्धमा स्थानीय नागरिक समाजका प्रतिनिधि, राजनैतिक दलका प्रतिनिधिहरू, संविधान सभा निर्वाचनका प्रत्यासी उम्मेदवारहरू, मानवअधिकारकर्मीहरू, दलित सङ्गठनका प्रतिनिधिहरू, पेशागत संगठनका प्रतिनिधिहरू, पूर्व सांसद, विधायिका सांसद, तथा पत्रकारहरूसँग अन्तरक्रिया कार्यक्रम सञ्चालन गरेको थियो । सोही सन्दर्भमा टोलीले जाजरकोट जिल्लाको कारागार, शिक्षा, स्वास्थ्य, खाद्यआपूर्ति, सुरक्षा, स्थानीय विकास, स्थानीय प्रशासनसँग सम्बन्धित प्रमुख चुनौतीहरू र त्यसबाट मानवअधिकारको क्षेत्रमा पर्नसक्ने प्रभावको सम्बन्धमा छुट्टाछुट्टै छलफल गरेको थियो ।

अनुगमनको कममा टोलीले प्राप्त गरेका मूलभूत तथ्यहरूः

१. सदरमुकामभन्दा टाढाका गा.वि.स.हरूमा प्रभावकारी खाद्यआपूर्ति हुन नसक्दा खाद्य अभाव हुने गरेको पाइयो ।

२. विभिन्न विद्यालयहरूमा "सट्टा शिक्षक"को परिपाटीले गर्दा बालवालिकाको शिक्षा सम्बन्धी अधिकार हनन् हुने गरेको पाइयो भने सम्बन्धित विद्यालयका अभिभावक तथा विद्यालय व्यवस्थापन समिति जिम्मेवारीपूर्ण हुननसकेको पाइयो ।

३. जिल्ला अस्पतालमा दरबन्दी अनुसार डाक्टरहरू नहुँदा बिरामीको स्वास्थ्योपचार तथा मृतकको पोष्टमार्टमको लागि समस्या हुने गरेको पाइयो ।

४. सल्यानको सल्लीबजार तथा सुर्खेतको औल भ्याममा प्रहरी र स्थानीय प्रशासनले प्रभावकारी भूमिका निर्वाह गर्न नसक्दा यातायात व्यावसायीको सडकमा मनोमानी भइ जाजरकोटबासीले यातायात सेवाबाट वञ्चित हुनु परेको अवस्था पाइयो ।

५. माओवादी जनअदालतबाट सजाय भोगिरहेकाहरू मध्ये ५ जना व्यक्ति अझै माओवादी श्रमकैदमा निगरानीमा रहेको नेकपा (माओवादी)-बाट स्वीकार गरेको पाइयो ।

६. जनयुद्धको क्रममा टुहुरा, अनाथ र बेसहारा बनेका भनिएका करीब २८० जना बालबालिकाहरूलाई विभिन्न गाविसहरूमा नेकपा (माओवादी)-ले विद्यालय सञ्चालन गरी पठनपाठनको व्यवस्था गरेको बुझियो ।

अनुगमनबाट प्राप्त उल्लेखित तथ्यहरूउपर अत्यन्त सम्वेदनशील भइ मानवअधिकारको संरक्षण र सम्बर्द्धनमा सहयोग पुऱ्याउन तथा क्रियाशील रहन राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालञ्ज यसै विज्ञप्तिमार्फत सम्बन्धित सरोकारवालाहरू, स्थानीय प्रशासनहरू, जिम्मेवार सरकारी निकायहरू तथा क्षेत्रीय प्रशासन कार्यालय, सुर्खेतको गम्भीरतापूर्वक ध्यानाकर्षण गराउदछ ।

वेदप्रसाद भट्टराई

क्षेत्रीय निर्देशक

**फोन नं. ०८१-५२६७०८, ०८१-५२६७०७फ्याक्स नं. ०८१-५२६७०६,**
**वेबसाइटः www.nhrcnepal.org**

# राष्ट्रिय मानवअधिकार आयोग

**क्षेत्रीय कार्यालय,नेपालगंज**

प्रेस-विज्ञप्ती

मानवअधिकार सुनिश्चित गर्न विशेष आग्रह

३१ बैशाख २०६५, नेपालगञ्ज ।

देश यतिखेर संविधान सभाको निर्वाचनपश्चात स्थायी शान्ति र जनअधिकार सुनिश्चित हुनसक्ने संविधान निर्माणको प्रक्रियामा अग्रसर छ । विभिन्न क्षेत्र र समुदायका समस्याहरू, मानवअधिकार उल्लंघनका घटनाहरूमा पनि पूर्णविराम लाग्न नसकेको हाम्रो सामु छँदैछ । यसै सन्दर्भमा, हालै सुर्खेतमा समाचार सङ्कलनार्थ गएकी पत्रकार तिला भण्डारी माथि भएको दुर्व्यवहार, नेपाली काङ्ग्रेस तथा ने.क.पा.एमालेले आ-आफ्ना मागहरू पूरा गराउन गरेको यातायात बन्द, नेपालगञ्ज - कोहलपुर - वर्दिया खण्डको यातायात बन्द, बाँके बेतहनीका नेकपा (माओवादी)-.का कार्यकर्ता मुक्तियार दर्जीको हत्या, बर्दियाको मोहम्मदपुर गाविसबाट खटिक परिवारलाई गरिएको सामाजिक वहिष्करण (गाउँ निकाला), रुकुमका नेकपा ( माओवादी)-का कार्यकर्ताहरूबाट भएको भनिएको एक गर्भवती महिलामाथिको कठोर यातना, नेपालगञ्जका मानवअधिकारकर्मी सुशील लाखेको घरमा बिनासूचना २९ गते प्रहरी प्रवेश गरी छापा मारिएको भनिएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालय नेपालगञ्जको गम्भीर ध्यानाकर्षण भएको छ ।

देशमा प्रचलित कानुनको सम्मान गर्दै आफ्ना असन्तुष्टिहरूलाई कानुनी रूपबाट अभिव्यक्त गर्न र समस्याहरूको समाधान कानुनी रूपबाटै पहिल्याउन, मानवअधिकारको उपहास हुने यसखालका घटनाहरू भविष्यमा कतै पनि पुनरावृत्ति नगर्न, आफ्नो अधिकार प्राप्तिको लागि हज्जारौं अन्य निर्दोष नागरिकहरूको मौलिकहककहरू कुण्ठित नगर्न, कानुन कार्यान्वयन गर्ने सम्पूर्ण निकाय तथा पदाधिकारीहरू पनि यसप्रति गम्भीर र सजग रहन तथा ती निकायहरूको

क्रियाशीलता र प्रभावकारीतालाई अभिवृद्धि गर्न आवश्यक सहयोग गर्न, राष्ट्रिय मानवअधिकार आयोग, सम्पूर्ण राजनैतिक दलहरू, सरोकारवालाहरू, सर्वसाधारण, एवम् कानुन कार्यान्वयन गर्ने सबै निकायहरूलाई विशेष आग्रह गर्दछ।

................

वेदप्रसाद भट्टराई

(क्षेत्रीय निर्देशक)

फोन नं. ०८१-५२६७०८, ०८१-५२६७०७फ्याक्स नं. ०८१-५२६७०६,
वेबसाइटः **www.nhrcnepal.org**

# राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

प्रेस-विज्ञप्ति/धनगढी, भदौ १२, २०६४

## आयोगद्वारा गेटा घटनाको विस्तृत अनुगमन प्रारम्भ

केही दिनअघि धनगढी, कैलाली निवासी भीमराज पाण्डेको मृत्यु भएपछिको उत्पन्न परिस्थिति र कैलालीको गेटा स्थित मुक्तकमैया शिविरमा भएको आगजनीको घटनाका सम्बन्धमा राष्ट्रिय मानवअधिकार आयोग, क्षेत्रीय कार्यालयले विस्तृत मानवअधिकार अनुगमन प्रारम्भ गरेको छ ।

विभिन्न श्रोतहरूबाट प्राप्त प्रारम्भिक जानकारीअनुसार दुबै घटनाहरूको प्रकृति हेर्दा फौजदारी कानुन उलङ्घनको तत्वहरू विद्यमान भएकोले ती घटनाहरूको यथाशीघ्र प्रभावकारी र विश्वसनीय अनुसन्धान गर्ने र पीडितलाई न्याय दिलाउनुपर्ने दायित्व नेपाल सरकारले बहन गर्नुपर्नेमा कार्यालय जोड दिन चाहन्छ ।

साथै आगजनीबाट पीडितहरूको राहत तथा उद्धारमा विशेष ध्यान दिन र महिला तथा बालबालिकाको अवस्था झन गिर्न नदिन आवश्यक उपाय तत्काल अवलम्बन गर्न पनि यस कार्यालय नेपाल सरकारसमक्ष आग्रह गर्दछ ।

..............................

कोषराज न्यौपाने

निमित्त- क्षेत्रीय निर्देशक

फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४ पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानवअधिकार आयोग

मानवअधिकार आयोग ऐन, २०५३ अन्तर्गत स्थापित

*प्रेस-विज्ञप्ति/जेठ १५, २०६५*

## धनगढी घटना दुःखपूर्ण, संयमता अपनाउन आह्वानः आयोग

धनगढी–मिति २०६५/२/१५ गते दिउँसो कैलाली जिल्ला प्रशासन कार्यालयनजिक सुरक्षाकर्मी र सर्वसाधारणबीच भएको झडपमा तीन जनाको मृत्यु भएको र अन्य केही घाइते भएको घटनाप्रति राष्ट्रिय मानवअधिकार आयोग, सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालयको गम्भीर ध्यानाकर्षण भएको छ । उक्त घटनाप्रति गहिरो दुःख व्यक्त गर्दै घाइतेहरूको शीघ्र स्वास्थ्य लाभ र शोकसन्तप्त परिवारजनप्रति आयोग हार्दिक समवेदना प्रकट गर्दछ ।

साथै सो घटना सम्बन्धमा यस कार्यालयले आफ्नो अनुसन्धान कार्य सुरु गरिसकेको जानकारी गराउँदै थप हिंसा हुन नदिन, स्थितिलाई सामान्यीकरण गर्न र मानवअधिकारको अवस्था थप कमजोर हुन नदिन धैर्य र संयमता अपनाउन सम्बन्धित सबै पक्षलाई आयोग हार्दिक आव्हान गर्दछ ।

..................................

कोषराज न्यौपाने

नि.क्षेत्रीय निर्देशक/उप-निर्देशक

फोन नं. ५०१००१५ फ्याक्स नं. ००९७७-१-५५४७९७३/७४ पो.ब.नं. ९१८२ काठमाडौं, नेपाल, इमेल nhrc@nhrcnepal.org वेबसाइटः www.nhrcnepal.org

# राष्ट्रिय मानवअधिकार आयोग

क्षेत्रीय कार्यालय, विराटनगर

मिति:- २०६४/०८/२९

## अपहरण मुक्त गर्न आग्रह

सिराहा जिल्ला ढोगना फुलबारी गा.वि.स निवासी वर्ष १८ को रमेश श्रेष्ठलाई मिति २०६४ मंसिर २३ गते आईतबार साँझ ६.३० बजेतिर लोडसेडिङ्ग भई वत्ति गएको अवस्थामा ढोका ढक्ढकाएर ढोका खोल्दा अज्ञात समुहद्धारा निजलाई अपहरण गरी मुक्तिको लागि फिरौती माग गरेको, ऐ जिल्ला चन्द्र-अयोध्यापुर गा.वि.स वडा नं ५ पानवारी निवासी ५२ वर्षीय विद्या सागर तामाङ लाई मिति २०६४ मंसिर २८ गते रातको १०.०० बजे घरमा सुतीरहेको अवस्थामा तिन जनाको अज्ञात समूहले तथा उदयपुर जिल्ला बारा गा.वि.स वडा नं ९ निवासी २६ वर्षीय गज्जु शेर्पालाई मिति २०६४ मंसिर २७ गते सांझ ८ बजे सिराहा जिल्लाको लाहानबाट अपहरण गरी अवस्था अज्ञात राखेको भन्ने जानकारी आयोगमा प्राप्त भएको छ।

अपहरित रमेश श्रेष्ठ, गज्जु शेर्पा र विद्या सागर तामाङ्लाई विना शर्त सकुशल अपहरण मुक्त गर्न आयोग सम्बन्धित पक्षलाई आव्हान गर्दछ।

.................................

सुवर्ण कुमार कर्माचार्य
निर्देशक

c

फोन: ०२१-५३७९३१, ५३७९३२, फ्याक्स नं. ०२१-५३७९३३ इमेल: nhrcbrt@nhrcnepal.org, www.nhrcnepal.org

# राष्ट्रिय मानव अधिकार आयोग,

## क्षेत्रीय कार्यालय, विराटनगर ।

प्रेस विज्ञप्ति/फाल्गुण १५, २०६४

## *मानव अधिकारको सम्मान गर्न आव्हान*

विराटनगर । आयोगको यस कार्यालयले मिति २०६४।११।१ गते देखि मोरङ्ग, सुनसरी, सप्तरी, सिरहा लगायतका जिल्लाहरूमा भईरहेको अनिश्चितकालीन आम हडतालको अवधिमा मानव अधिकार अवस्थाको अनुगमन गरिरहेको छ । आयोगको अनुगमनबाट लामो समयदेखिको बन्दको कारण बालबालिकाहरु विद्यालय जानबाट बञ्चित भएको, अत्यावश्यक उपभोग्य वस्तुहरु खरिद गर्न, पेशा व्यवसाय सञ्चालन गर्न तथा स्वतन्त्र आवत जावत गर्न पाउने अधिकारबाट समेत बञ्चित भएको पाईएको छ । यसबाट आधारभुत अधिकारको अतिरिक्त आसन्न प्रवेशिका परीक्षा दिने तयारीमा रहेका विद्यार्थीहरूमा मानसिक त्रास उत्पन्न भएको पाईएको छ । साथै आन्दोलनकारीहरू र आन्दोलनको क्रममा भएका अन्य पक्ष सँगको झडपमा घरेलु हतियारको प्रदर्शन भएको पाईएको छ ।

यसैगरी आयोगको अनुगमनबाट स्थानीय मानव अधिकारकर्मी, पत्रकार लगायतका मानव अधिकार रक्षकहरूले आन्दोलनकारी तथा सुरक्षाकर्मीबाट स्वतन्त्र र सहज रुपमा कार्य गर्ने वातावरणमा अवरोध भएको पाईएको छ ।

अत: नजिकिदै गएको एसएलसी परीक्षालाई प्रभावित पार्ने कुनै कार्य नगर्न, नगराउन, विद्यार्थीहरुको पठनपाठन, आवागमन, उपभोग्य वस्तुहरूको उपभोग र उपयोगमा अवरोध नपुऱ्याउन, मानव अधिकार रक्षकहरूलाई सहज वातावरणमा कार्य गर्ने अवस्था सिर्जना गर्न र  हातहतियारको प्रदर्शन गर्ने जस्तो कार्य नदोहोऱ्याउन आयोगको क्षेत्रिय कार्यालय सम्बन्धीत सबै पक्षलाई अनुरोध गर्दछ । साथै प्रदर्शनको क्रममा आन्दोलनरत पक्ष र सुरक्षाकर्मीबीच कतिपय स्थानमा संयमताको अभावमा झडप भएको पाईदा दुवै पक्षलाई संयमता अपनाई शान्ति पूर्वक बाँच्न पाउने नागरीकको अधिकारको सम्मान गर्न समेत यस कार्यालय अनुरोध गर्दछ ।

मिति २०६४।११।१३ गते सुनसरीको इनरुवामा एक सुरक्षाकर्मी, राजविराजमा एकजना र मिति २०६४/११/१५ गते दुहवीमा एक गरी २ सर्वसाधारणको मृत्यु भएको घटनाको प्रारम्भीक अनुसन्धानको लागि आयोगको टोली घटनास्थल तर्फ प्रस्थान गरी सकेको छ ।

सुवर्ण कर्माचार्य
निर्देशक

सम्पर्क नं.-०२१-५३७९३१,०२१-५३७९३२,फ्याक्स नं.०२१-५३७९३३
Website:www.nhrcnepal.org
पो.ब.नं.१८७, मोरङ्ग, नेपाल ।

# अनुसूची – ५

## आयोगबाट भएका सिफारिसहरूको संक्षिप्त व्यहोरा

| क.स. | पीडितको नाम थर | ठेगाना | उजुरीको सङ्क्षिप्त व्यहोरा | आयोगको निर्णय |
|---|---|---|---|---|
| १ | शान्ति तामाङ | रामेछाप जिल्ला बिजुलीकोट गाविस वडा नं–४ | शान्ति तामाङ माओवादीबाट विस्थापित भइ काठमाडौँ आइबसेकोमा पछि घर गएको अवस्थामा मिति २०५९/९/२० गते नेपाली सेनाका जवानहरूले गिरफ्तार गरी चञ्चलादेवी वनमा लगी गोली प्रहार गरी मारेको सम्बन्धमा | उक्त कारबाहीमा जिम्मेवार एवम् दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु २,००,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४/१०/२ को निर्णय |
| २ | लालबहादुर तामाङ, बिरबहादुर तामाङ | रामेछाप जिल्ला बिजुलीकोट गाविस वडा नं–३ | सुरक्षाफौजको एक समूहले २०५९/८/९ गते पकाउ गरी बिजुलीकोट तथा नागदह गाविसको सिमानामा पर्ने चित्रेडाँडा भन्ने स्थानमा लगी गोली प्रहार गरी मारेको सम्बन्धमा | उक्त कारबाहीमा जिम्मेवार एवम् दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु २,००,००० क्षतिपूर्ति उपलब्ध गराउन तथा सो घटनामा घाइते भएका फुर्वे तामाङलाई उपचार खर्च बापत रु ५०,००० उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४/१०/२ को निर्णय |

| | | | | |
|---|---|---|---|---|
| ३ | योगेश गुरुङ | धादिङ जिल्ला खाल्टे गाविस वडा न–८ | खाल्टे गाविस वडा न–८ निवासी वर्ष १५ को योगेश गुरुङलाई मिति २०६०/७/३ गते राती टाइफाइड भइ निलकण्ठ गाविस स्थित शिवबहादुर थापाको घरमा डेरामा सुतिरहेको अवस्थामा सुरक्षाफौजले पकाउ गरी लगेर गोली प्रहार गरी मारेको सम्बन्धमा | उक्त कारबाहीमा जिम्मेवार एवम् दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु ३,००,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४/१०/२ को निर्णय |
| ४ | त्रिलोचन पौडेल | रौतहट डुमरिया गाविस वडा न–७ चेतनगरटोल | डुमरिया गाविस वडा न–७ चेतनगरटोलका २२ वर्षीय त्रिलोचन पौडेललाई मिति २०६१/१२/२५ गते बिहान काम विशेषले सोही जिल्ला लक्ष्मीनियाँ गाविस वडा न–९ भैसहिटोलको उखु खेतमा गएको अवस्थामा संयुक्त वेश क्याम्प रौतहटबाट गएको सुरक्षाकर्मीले गोली हानी मारेको घटना सम्बन्धमा | उक्त कारबाहीमा जिम्मेवार एवम् दोषी सुरक्षाकर्मीलाई प्रचलित कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु २,००,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४/१०/२ को निर्णय |

| | | | | |
|---|---|---|---|---|
| ५ | शरण तामाङ, देवी सुन्दास | भोजपुर जिल्ला उत्तरपूर्वी गाविस वडा न–७ तथा भोजपुर जिल्ला साङपाङ गाविस वडा न–४ | उत्तरपूर्वी गाविस वडा न–७ बस्ने वर्ष २२ को शरण तामाङलाई सोही गाविस वडा न–४ को भ्याउँपोखरीमा लाग्ने बुधबारे बजारमा केही दिनपछि सुत्केरी हुने श्रीमतीको लागि सामान किनमेल गर्न गएको अवस्थामा सुरक्षाफौजले २०६०/६/१४ गते पकाउ गरी कब्जामा लिइ गोली हानी मारेको तथा सोही जिल्ला साङपाङ गाविस वडा न–४ बस्ने वर्ष १५ की नाबालिका देवी सुन्दासले सोही गाविस वडा न–१ बस्ने मछिन्द्र दमाईसँग दोस्रो श्रीमतीको रूपमा प्रेमविवाह गरेको भन्ने अभियोगमा कारबाही गर्न भनी नेकपा (माओवादी)-का कार्यकर्ताले अपहरण गरी लगेको अवस्थामा सुरक्षा कारबाहीमा निजको मृत्यु भएको सम्बन्धमा आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी कारबाही अगाडि बढाइएको | शरण तामाङको हकमा उक्त कारबाहीमा जिम्मेवार दोषी सुरक्षाकर्मीको पहिचान गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु ३,००,००० क्षतिपूर्ति उपलब्ध गराउन तथा देवी सुन्दासको हकमा उक्त कारबाहीमा जिम्मेवार एवम् दोषी सुरक्षाकर्मीको पहिचान गरी प्रचलित कानुनबमोजिम कारबाही गर्न तथा मृतकका आश्रित परिवारलाई रु १,००,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने भन्ने मिति २०६४/१०/३ को निर्णय |
| ६ | ठम्मानसिंह बम | कैलाली जिल्ला रामशीखरझाला गाविस वडा न–८ देवकलीया | रामशीखरझाला गाविस वडा न–८ बस्ने वर्ष ४५ को ठम्मानसिंह बमलाई मिति २०६०/२/२९ गते माओवादीले अपहरण गरी हत्या गरेको भन्ने घटनाको आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी कारबाही अगाडि बढाइएको | निजको पछिल्लो अवस्था पत्ता लगाउनको लागि विशेषज्ञ चिकित्सकबाट सिफारिस भएबमोजिम निजको भनी उत्खनन गरिएको शवको DNA परिक्षण गराइ प्रतिवेदन उपलब्ध गराउन तथा निजको परिवारलाई पछि ठहरेबमोजिम हुने गरी हाललाई रु १,००,००० अन्तरिम राहतस्वरूप उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने मिति २०६५/३/२६ को निर्णय |

| | | | | |
|---|---|---|---|---|
| ७ | यज्ञप्रसाद पन्त, जीतजंग बस्नेत, तोयाप्रसाद खतिवडा, बासुदेव | ललितपुर जिल्ला पाटन संयुक्त क्याम्पस | पाटन संयुक्त क्याम्पसका स्ववियु सचिव यज्ञप्रसाद पन्तलाई २०६२/१०/१२ गते, नेपाल विद्यार्थी सङ्घ त्रिवि समितका अध्यक्ष जीतजंग बस्नेतलाई २०६२/१०/९ गते, तोयाप्रसाद खतिवडा, वासुदेव पौडेल, राजनप्रसाद खतिवडा, गङ्गप्रसाद चौधरी, अच्युत रेग्मी, सरोजकुमार यादव समेतलाई २०६२/१०/२० गते शान्तिपूर्ण विरोध प्रदर्शनका कममा अत्याधिक शक्तिको प्रयोग गरी कब्जामा लिइ निर्घात कुटपीट गरेको र प्रहरीद्वारा गिरफ्तार गरी हिराशतमा लिएपश्चात् समेत यातना दिएको भन्ने सम्वन्धमा | यज्ञप्रसाद पन्तको हात फ्याक्चर भइ प्लाष्टरसमेत गरेको पाइएकोले रु ५०,०००, जीतजंग बस्नेतको घाउ, खत हेर्दा देव्रे खुट्टाको पैताला च्यातिएको र शरीरको विभिन्न भागमा निलडामसमेत देखिदा रु ३०,०००, तोयाप्रसाद खतिवडा, बासुदेव पौडेल, राजनप्रसाद खतिवडा, गङ्गाप्रसाद चौधरी, अच्यूत रेग्मी, सरोजकुमार यादव समेत ६ जनाको शरीरमा निलडाम, चोटपटक लागेको देखिदा जनही रु २०,००० का दरले क्षतिपूर्ति उपलब्ध गराउने मिति २०६५/२/३० को निर्णय |
| ८ | हरिप्रसाद बोलखे | काभ्रेपलाञ्चोक जिल्ला फूलबारी गाविस वडा नं–८ | मिति २०६०/९/१२ मा निज हरिप्रसाद बोलखेलाई सुरक्षाकर्मीबाट पकाउ गरी साथमा नै घुमाइ हिडाउने गरेको र सुरक्षाकर्मीको कब्जामा रहेकै अवस्थामा निजको मृत्यु भएको<br><br>भन्ने सम्बन्धमा | उक्त घटनामा संलग्न सुरक्षा निकायका व्यक्तिहरूलाई फौजदारी अभियोगमा कानुनबमोजिम कारबाही गर्न तथा पीडित परिवारको भरणपोषणको लागि रु ३,००,००० क्षतिपूर्ति सिफारिस गर्न सकिने उल्लेख भएतापनि अन्य घटनामा परी मानवअधिकारको उल्लङ्घन भइ मृत्यु भएका व्यक्तिको आश्रित परिवारलाई नेपाल सरकारले उपलब्ध गराउँदै आइरहेसरहको रकम नै प्रस्तुत घटनाको पीडित परिवारले पाउनुपर्ने न्यायोचित र मानवोचित हुने हुनाले सोहीअनुसार क्षतिपूर्तिको रकम उपलब्ध गराईदिन नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने मिति २०६५।२।२४ गतेको निर्णय |

| | | | | |
|---|---|---|---|---|
| ९ | सरला सापकोटा | धादिङ जीवनपुर गाविस वडा नं–१ | जीवनपुर १ बस्ने सरला सापकोटालाई २०६१/४/१ गते सुरक्षाकर्मीले कब्जामा लिइ गैरन्यायिक हत्या भएको घटना सम्बन्धमा | गैरन्यायिक हत्यामा संलग्न व्यक्तिहरू माथि ज्यानसम्बन्धी कसुरमा कारबाही गर्न जिल्ला प्रहरी कार्यालय धादिङमा दर्ता रहेको जाहेरी दर्खास्तमा कारबाही अगाडि बढाउन जिल्ला प्रहरी कार्यालय धादिङलाई आदेश दिन नेपाल सरकारलाई लेखी पठाउने र त्रिवि शिक्षण अस्पताल फरेन्सिक मेडिसिन विभाग महाराजगञ्जमा रहेको सरला सापकोटाको लाश प्रहरीद्वारा थप अनुसन्धान कार्यको लागि पत्र प्राप्त भएको मितिले १५ दिनभित्र दिन र सो समयभित्र नेपाल प्रहरीद्वारा माग नभएका निजको आफन्तलाई शव बुझाई दिन फरेन्सिक मेडिसिन विभाग, जिल्ला प्रहरी कार्यालय, धादिङलाई सोही व्यहोरा जानकारी गराइदिने तथा पीडित परिवारलाई भरणपोषणको लागि रु ३,००,००० (तीनलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने भन्ने मिति २०६५/३/३० को निर्णय |

| | | | | |
|---|---|---|---|---|
| १० | रामशरण खत्री | रामेछाप जिल्ला हिलेदेवी गाविस वडा न–९ | रामेछाप जिल्ला हिलेदेवी गाविस वडा न–९ बस्ने कृष्णबहादुर खत्रीको छोरा वर्ष १४ को रामशरण खत्रीलाई मिति २०६३/४/२९ गते नेकपा (माओवादी)-का कार्यकर्ताबाट कब्जामा लिइ यातना दिदै बनेपाबाट रामेछापतर्फ लैजाँदै गरेको र उनीहरूको कब्जा रहेकै अवस्थामा सुनकोशीको भेलमा फालेर हत्या गरिएको भनिएको घटना सम्बन्धमा | निज रामशरण खत्रीको सुनकोशी पुलबाट हामफाली मृत्यु भएको हो भनी एकिन गर्न सक्ने यथेष्ट प्रमाण तथा अवस्था नरहेको र प्रमाण ऐन २०३१ को दफा ३२ मा "कुनै व्यक्ति जीवित छ वा निजको मृत्यु भइसकेको छ भन्ने प्रश्न उठेमा सो व्यक्तिको सम्बन्धमा स्वभाविक रूपमा जानकारी पाउने व्यक्तिले निजका सम्बन्धमा १२ वर्षदेखि कुनै जानकारी पाएको छैन प्रमाणित भएमा निज जीवित छ भन्ने पक्षले नै सो कुरा प्रमाणित गर्नुपर्छ" भन्ने उल्लेख भएको हुँदा प्रस्तुत उजुरी हाललाई बेपत्ताको सुचीमा नै राखी अनुसन्धानका लागि पहल गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने मिति २०६४/९/१३ को निर्णय |
| ११ | दोर्जे शेर्पा | सङ्खुवासभा जिल्ला सिद्धकाली गाविस वडा न–५ | सिद्धकाली गाविस वडा न–५ निवासी दोर्जे शेर्पाले मिति २०६२/२/१३ गते शुक्रबार अपरान्ह सवा ३.०० बजे सिंहदरवारस्थित गणमा हिराशतमा रहेको अवस्थामा जुत्ताको तुनाको पासो लगाइ आत्महत्या गरेको सम्बन्धमा आयोगको स्वविवेकमा उजुरी ग्रहण गरी कारबाही अगाडि बढाइएको | आफ्नो गणभित्र रहेको व्यक्तिको पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्नेमा गणपतिबाट जिम्मेवारीपूर्ण व्यवहार भएको नदेखिदा निजलाई कारबाही गर्न तथा सैनिक हिराशतमा सुरक्षा निकायको असावधानीका कारण मृत्यु हुन पुगेको देखिदा पीडित परिवारको भरणपोषणको लागि रु १,००,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्न मिति २०६४/९/२६ को निर्णय |

| | | | | |
|---|---|---|---|---|
| १२ | दिपेन्द्र रायमाझी | काभ्रेपलाञ्चोक जिल्ला पनौती नपा वडा न–३ | काभ्रेपलाञ्चोक जिल्ला पनौती नगरपालिका वडा न–३ बस्ने वर्ष २८ को दिपेन्द्र रायमाझीको भक्तपुर जिल्लाको सुर्यविनायक स्थित सिंहनाथ गणमा २०६२/३/१२ गते बिजुलीको तारको पासो लगाई आत्महत्या गरेको सम्बन्धमा आयोगको आफ्नै स्वविवेकमा उजुरी ग्रहण गरी कारबाही अगाडि बढाइएको | आफ्नो गणभित्र रहेको व्यक्तिको पर्याप्त सुरक्षाको व्यवस्था गर्नुपर्नेमा गणपतिबाट जिम्मेवारीपूर्ण व्यवहार भएको नदेखिदा निजलाई कारबाही गर्न तथा सैनिक हिराशतमा सुरक्षा निकायको असावधानीका कारण मृत्यु हुन पुगेको देखिदा पीडित परिवारको भरणपोषणको लागि रु १,००,००० क्षतिपूर्ति उपलब्ध गराउन र अब उप्रान्त नेपाल सरकारअन्तर्गतका थुनुवा केन्द्र, कारागार, हिराशत आदिमा कसैको मृत्यु भएमा ४८ घण्टाभित्र आयोगमा जानकारी उपलब्ध गराई निष्पक्ष अनुसन्धानमा सहयोग पुऱ्याउन मातहत निकायमा परिपत्र गरी त्यसको जानकारी आयोगमा उपलब्ध गराउन पुनःस्मरणको लागि लेखी पठाउने मिति २०६४/९/२६ को निर्णय |
| १३ | पार्वती वि.क. | रुपन्देही पर्रोश गाविस वडा न–५ | रुपन्देही पर्रोश गाविस वडा न–५ बस्ने वर्ष १८ की पार्वती वि.क.को २०६२/१०/३० गते दिउँसो घरबाट रामपुरतर्फ जाँदा जिल्ला रुपन्देही दुधराक्ष गाविसस्थित तुलवुलिया पुलमा नेकपा (माओवादी)-ले सडक अवरोध गर्न राखेको बम-विष्फोट हुँदा मृत्यु भएको सम्बन्धमा आयोगले आफ्नै स्वविवेकमा उजुरी ग्रहण गरी छानबिन गरेको | जिल्ला प्रशासन कार्यालय रुपन्देहीबाट पीडितका परिवारलाई रु. १,५०,००० (अक्षरेपी एकलाख पचास हजार रुपैंया) राहत उपलब्ध गराइसकेको पाइएकोले सो सम्बन्धमा केही गरिरहनुनपर्ने । सार्वजनिक स्थलमा अवरोध खडा गरी विष्फोटक पदार्थ राख्ने जिम्मेवार व्यक्तिको पहिचान गरी कानुनबमोजिम आवश्यक अनुसन्धान गरी कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने । |

| | | | | |
|---|---|---|---|---|
| १४ | अनिता नाउ ठाकुर (मृतक), विरेन्द्र भर, कृष्ण बहादुर भर ( | कपिलवस्तु वुड्ढी गाविस वडा न. ६ | कपिलवस्तु वुड्ढी गाविस वडा न. ६ स्थित शिव मन्दिर नजिक रहेको वेवारिसे बम खेलाउँदा विष्फोट भइ मिति २०६१/२/९ गते बिहान अन्दाजी ११ बजेको समयमा अनिता नाउको उपचार गराउँदा गराउँदै मृत्यु भएको र ८ वर्षीय वीरेन्द्र भर र १० वर्षीय कृष्णबहादुर भर घाइते भइ उपचार भएकोले घटनाको अनुसन्धान गरी क्षतिपूर्ति उपलब्ध गराई पाउँ भनी आयोगमा पर्न आएको उजुरी | अनिता नाउँ ठाकुरको मृत्यु भएकोमा निजको हकवाला पीडित परिवारलाई रु. २,००,०००।– क्षतिपूर्ति उपलब्ध गराउन र सोही घटनामा परी घाइते भएका कृष्ण भर र विरेन्द्र भरलाई जनही रु. ३५,०००।– का दरले क्षतिपूर्ति उपलब्ध गराउन तथा द्वन्द्वको समयमा वेवारिसे अवस्थामा बम, विष्फोटक पदार्थहरू रहनसक्ने र त्यसबाट अझै पनि घटना हुनसक्ने भएकोले सोको अविलम्ब व्यवस्थापनका लागि आवश्यक पहल गर्न नेपाल सरकार र नेकपा (माओवादी) लाई ध्यानाकर्षण गरी लेखी पठाउने मिति २०६४/९/१३ को निर्णय |
| १५ | तुलसी दर्जी | कपिलवस्तु जयनगर गाविस वडा न–७ | कपिलवस्तु जयनगर गाविस वडा न–७ बस्ने मंगल सिंह दर्जीकी छोरी १० वर्षीया तुलसी दर्जीले मिति २०६१/१/२५ गते बिहान अन्दाजी १० बजे गोरुसिङ्गेस्थित नेपाली सेनाको गण कम्पाउण्डभित्र दाउरा खोज्ने कममा बम-विष्फोट भइ घाइते भएको र एउटा खुट्टा गुमाउनु परेको घटना सम्बन्धमा | निज तुलसी दर्जीलाई रु १,००,००० क्षतिपूर्ति तथा उपचार खर्च वापत उपलब्ध गराउन तथा आफ्नो कम्पाउण्डभित्र खतरा छ भन्ने कुरा आमजनतालाई सुचना प्रवाह नगरी लापरवाही गरेकोमा सो गणमा जिम्मेवार व्यक्तिलाई आवश्यक अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गरी पठाउने मिति २०६४/९/१३ को निर्णय |

| | | | | |
|---|---|---|---|---|
| १६ | गोपाल थापा (मृतक), पप्पु थापा, रम्बे | रुपन्देही देवदह गाविस स्थित खयरडाँडाको जङ्गल | रुपन्देही देवदह गाविस स्थित खयरडाँडाको जङ्गलमा दाउरा लिन जाँदा मिति २०६३/१/३१ गते बेवारिसे अवस्थामा छाडिएको बम खेलाउँदा मायादेवी अनाथालयका १२ वर्षीया गोपाल थापाको बम-विष्फोटले भइ मृत्यु भएको, ९ वर्षीया पप्पु थापा र १३ वर्षीया रम्बे कुमाल सख्त घाइते भएको घटना सम्बन्धमा आयोगमा परेको उजुरी निवेदन | मृतक गोपाल थापाको हकवाला परिवारलाई रु.२,००,००० क्षतिपूर्ति उपलब्ध गराउन र सोही घटनामा परी घाइते भएकाहरूलाई चोटपटकको गम्भीरता हेरी ९ वर्षीया पप्पु थापालाई रु ५०,००० र १३ वर्षीया रम्बे कुमाललाई रु १०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने मिति २०६४/९/१३ को निर्णय |

| क्र. सं. | निर्णय मिति | उजुरीको विषय | निर्णयको व्यहोराको सङ्क्षिप्त रूप |
| --- | --- | --- | --- |
| १७ | २०६४/१०/३ | काठमाडौँ जिल्ला सरस्वती गाविस वडा न–३ टोखा बस्ने वर्ष ३९ को कान्छा डङ्गोललाई २०५८/१२/२ गते साँझ नेपाली सेनाको गस्ती टोलीले गिरफ्तार गरी २०५८/१२/६ गते शिक्षण अस्पतालमा लाश ल्याई दोहोरो भीडन्तमा मारिएको भनी मानवअधिकारको उल्लङ्घन गरेकोले दोषीलाई कारबाही गरी पीडितलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्बन्धमा | रक्षा मन्त्रालयको २०६१/१/१७ को पत्रानुसार "२०५८/१२/२ गते सुरक्षाकर्मीले पकाउ गरेपछि निजले संदिग्ध सामान रहेको ठाउँ देखाउँछु भनेकाले संदिग्ध सामान रहेको ठाउँतर्फ लैजाँदा निज सैनिक कब्जाबाट भाग्न कोशिश गरेकोले निजलाई रोक्ने प्रयास स्वरूप फायर खोल्दा गोली लागि मृत्यु भएको सम्बन्धमा पूर्पक्ष गर्न गठित सैनिक अदालतबाट दोषी सैनिक मध्ये २ जनालाई ३ महिना कैद र कमाण्डरलाई सेवाबाट राजिनामा गराइएको भनी मानवअधिकार उल्लङ्घन भएको तथ्य स्वयं स्वीकार गरी दोषीलाई कारबाहीसमेत भइसकेको देखिदा केही गरिरहनु परेन । सो घटनाको कमाण्डरको नाउँ नेपाली सेना जङ्गीअड्डाबाट बुझी अभिलेखिकरण गर्ने ठहर्छ । पीडित परिवारलाई रु. ३,००,००० (अक्षेरुपी तीनलाख रुपैया) क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका बालबालिकालाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई सिफारिस गरी पठाउने |

| | | | |
|---|---|---|---|
| १८ | २०६४/१०/१५ | २०६०/६/२१ गते जनकपुर नगरपालिका वडा न–४ विश्वकर्मा चोकबाट सुरक्षाकर्मीहरूको गस्ती टोलीले दिपु भन्ने सञ्जिवकुमार कर्ण, दुर्गेश लाभ, प्रमोदनारायण मण्डल, शैलेन्द्र यादव र जितेन्द्र झासमेतलाई बेपत्ता पारिएकोले स्थिति सार्वजनिक गरिपाऊ भनी आयोगमा परेको उजुरी | पदीय दायित्वअनुसार कानुनबमोजिम आफुलाई तोकिएको जिम्मेवारी पुरा नगरी मानवअधिकार उल्लङ्घन कार्यमा संलग्न रहेका व्यक्तिको सम्बन्धमा अनुसन्धान गरी कानुनबमोजिम कारबाही गर्न र पीडितका आश्रित परिवारको भरणपोषणको लागि जनही रु ३,००,०००। (अक्षरुपी तीनलाख रुपैया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने |
| १९ | २०६४/१०/२१ | काभ्रेपलाञ्चोक जिल्ला, खरेलथोक गाविस वडा न. ६ कटुञ्जे बस्ने तथा श्री भगवती मावि खरेलथोकमा कक्षा ९ मा अध्ययनरत मैना सुनुवारलाई मिति २०६०/११/५ गते आफ्नै घरबाट सुरक्षाफौजले पकाउ गरी अज्ञातस्थलतर्फ लगेको र निजको स्थिति अज्ञात रहेकाले निजको अवस्था सार्वजनिक गरी जीवनरक्षा गरिदिन आयोगमा उजुरी दर्ता हुन आएको | मिति २०६४/१०/२० मा मैना सुनुवारको हत्यामा संलग्न चार सैनिक विरुद्ध जिल्ला अदालत काभ्रेपलाञ्चोकमा जिल्ला सरकारी वकीलको कार्यालयले ज्यानसम्बन्धी महलको १३ (३) न. अनुसार कसुर गरेकोमा सजायको माग गरी मुद्दा दर्ता भइसकेकोले अदालती प्रकृयाबाट कसुरदारले सजाय पाउने नै हुँदा केही गरिरहनुपरेन । अतः मानवअधिकार उल्लङ्घनबाट पीडित परिवारलाई रू ३,००,०००।- (अक्षेरुपी तीनलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने |

| | | | |
|---|---|---|---|
| २० | २०६४/१०/२९ | जिल्ला रौतहट बसन्तपट्टि ६ का दाजुभाई श्यामसुन्दर सहनी र शम्भु सहनीलाई नेकपा (माओवादी)-ले अपहरण गरी हत्या गरेको सम्बन्धमा आयोगको आफ्नै सकृयतामा स्वविवेकमा उजुरी दर्ता गरी अनुसन्धान गरिएको | ३५ बर्षीय शम्भु सहनी र ३२ बर्षीय श्यामसुन्दर सहनीलाई नेकपामाओवादीका कार्यकर्ताले नियन्त्रणमा लिइ कुटपीट गरी मारेको र दुबैको लाश लालबकैया नदीको किनारमा फेला पारेको देखिन्छ ।<br><br>अतः घटनामा संलग्न दोषीहरूको पहिचान गरी सम्बन्धित अदालतमा फौजदारी अभियोगमा मुद्दा चलाई कानुनी कारबाही गर्न नेपाल सरकारलाई लेखी पठाउने र पीडित परिवारको भरणपोषणको लागि जनही रु. ३,००,०००।- (अक्षेरुपी तीनलाख रुपैंया) क्षतिपुर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारसमक्ष लेखी पठाउने |
| २१ | २०६४/१०/२९ | ललितपुर उपमहानगरपालिका वडा न.–१३ कुसन्ती स्थित आफ्नै घरबाट खड्गबहादुर घर्ती मगरलाई गिरफ्तार गरी परिवारलाई कुनै जानकारी नदिएकोले खोजतलाश गरी निजको मानवअधिकारको संरक्षण गरी पाऊ भनी आयोगमा उजुरी दर्ता हुन आएको । | नेपाली सेनाबाट प्राप्त जवाफअनुसार उपचार गराउदा-गराउदै मृत्यु भएको भन्ने भरपर्दो र विश्वासिलो भनाइ नदेखिएको हुँदा आवश्यक अनुसन्धान गरी दोषी सुरक्षाकर्मीउपर कारबाही गर्न नेपाल सरकारलाई लेखी पठाउने साथै सैनिक हिरासतमा सुरक्षा निकायको असावधानीका कारण निजको मृत्यु हुन पुगेको देखिँदा पीडित परिवारको भरणपोषणको लागि रु. १,००,०००।- (अक्षेरुपी एकलाख रुपैंया) क्षतिपुर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारसमक्ष लेखी पठाउने । सैनिक हिरासत थुनुवा राख्ने मानवोचित स्थल नभएकाले अब उप्रान्त नेपाल सरकार अन्तर्गतका थुनुवा केन्द्र, कारागार, हिरासत आदिमा कसैको मृत्यु भएमा ४८ घण्टाभित्र आयोगमा जानकारी उपलब्ध गराई निष्पक्ष अनुसन्धानमा सहयोग पुऱ्याउन मातहतका निकायमा परिपत्र गरी त्यसको जानकारी आयोगमा उपलब्ध गराउन लेखी पठाउने |

| | | | |
|---|---|---|---|
| २२ | २०६४/१०/२१ | जिल्ला रामेछाप सैपु गाविस वडा न–४ बस्ने ३६ बर्षीय तीर्थराज पौडेलको २०५९/३/८ गते रामेछापको सैपु बजारबाट औषधी लिएर आइरहेको समयमा निज पौडेललाई ओखलढुङ्गाबाट गस्तीमा आएका सैनिकको एक टोलीले अर्को टोलीलाई पत्र लिएर जान भनेपछि पत्र लिएर जाँदा सैनिकले चलाएको गोलीबाट मृत्यु भएकाले आवश्यक अनुसन्धान गरी दोषी उपर कारबाही तथा पीडितका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराउन आयोगमा उजुरी दर्ता हुन आएको | सेनाले गाँउलेले सर्वसाधारण मानिस भएको भन्दा भन्दै गोली हानेको र सोही गोली लागी निजको मृत्यु भएको भन्ने देखिदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीहरूको पहिचान गरी कारबाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. ३,००,०००।- (अक्षेरुपी तीनलाख रुपैंया) क्षतिपुर्ति उपलब्ध गराउनको लागि नेपाल सरकारसमक्ष लेखी पठाउने । |
| २३ | २०६४/१०/२२ | नेपाली सेनाको हानेको गोली लागी सपना गुरुङको मृत्यु भएको सम्बन्धमा | सपना गुरुङको नेपाली सेनाको गोली लागी मृत्यु हुन गएको देखिएको हुँदा सेनाबाट मानवअधिकारको गम्भीर उल्लङ्घन भएको पाइयो । अतः दोषी सुरक्षाकर्मीको पहिचान गरी कानुनबमोजिम कारबाही गर्न नेपाल सरकारलाई लेखी पठाउने र अन्तरिम विद्यायक संसदको संसदीय समितिले पीडितलाई क्षतिपूर्ति वापत रु १० लाख उपलब्ध गराउन सिफारिस गरिसकेको मिसिल संलग्न फाइलबाट देखिदा त्यसतर्फ बोलिरहनुनपर्ने । |

| | | | |
|---|---|---|---|
| २४ | २०६४/१०/२२ | निर्मला बस्नेत खोटाडलाई नेकपा (माओवादी) का कार्यकर्ताबाट अपहरणपछि हत्या गरेको । | निर्मला बस्नेत खोटाडलाई नेकपा (माओवादी)-का कार्यकर्ताबाट अपहरणपछि हत्या गरेको पाइएकोले अपराधमा जो जसको संलग्नता छ, आवश्यक अनुसन्धान तहकिकात गरी निजको श्रीमानसहित संलग्न व्यक्तिलाई फौजदारी कसुरमा अनुसन्धान गरी मुद्दा चलाउन नेपाल सरकारलाई लेखी पठाउने साथै पीडितको परिवारले रु १ लाख ५० हजार क्षतिपूर्ति पाइसकेको देखिदा पीडितका आश्रित छोराछोरीलाई शिक्षा दिक्षा र भरण पोषणको लागि थप रु १,५०,००० (अक्षेरुपी एकलाख पचास हजार रुपैंया) उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने । |
| २५ | २०६४/१०/२२ | कास्की कारागारमा रहेकै अवस्थामा महेश्वर पहारीका मृत्यु भएको सम्बन्धमा | कास्की कारागारमा रहेकै अवस्थामा निज महेश्वर पहारीको मृत्यु भएकोले शंकास्पद देखिएको, मृत्यु भएपछि पोष्टमार्टम नभएकोले थप शंकास्पद अवस्था भएको देखिदा तत्कालिन कारागार प्रमुख उपर कानुनबमोजिम कारबाही गर्न र पीडित परिवारलाई रु. १ लाख क्षतिपूर्ति उपलब्ध गराउन लेखी पठाउने । |
| २६ | २०६४/१०/२२ | धनगढी नगरपालिका वडा न–३ मा नेकपा (माओवादी) र सुरक्षाकर्मीबीच दोहोरो भीडन्त हुँदा महेश्वरा विष्टको गोली लागी मृत्यु भएको सम्बन्धमा | मिति २०६२/२/२६ गते बेलुका अन्दाजी ५:३० बजेको समयमा जिल्ला कैलाली धनगढी नगरपालिका वडा न–३ मा नेकपा (माओवादी) र सुरक्षाकर्मीबीच दोहोरो भीडन्त हुँदा महेश्वरा विष्टको गोली लागी मृत्यु भएको भनिएको घटनामा आयोगबाट प्राप्त अनुसन्धान प्रतिवेदन सहित मिसिल हेर्दा दोहोरो भीडन्तमा महेश्वरा विष्टको मृत्यु भएको देखियो । क्षतिपूर्ति वापत निजको लोग्ने ज्ञानबहादुर विष्टले रु १,००,००० (अक्षेरुपी एकलाख रुपैंया) पाई चित्त बुझाइ सकेको देखिदा केही गरी रहनुनपर्ने । |

| | | | |
|---|---|---|---|
| २७ | २०६४/१०/२३ | बर्दिया जिल्ला नेउलापुर भुरी गाउँका मोहम्मद जाकीर शेख र यज्ञबहादुर रावललाई सुरक्षाकर्मीले बेपत्ता पारेको भनिएको सम्बन्धमा | हालसम्म पनि पीडितहरूको स्थिति के छ (धजभचभ बदयगत) पत्ता नलागेको र यस्तै प्रकृतिका उजुरीमा अन्तरिम राहतस्वरूप आश्रित परिवारलाई रु १,००,००० (अक्षेरुपी एकलाख रुपैंया) का उपलब्ध गराउने भनी सम्मानित सर्वोच्च अदालतबाट मिति २०६४/२/१८ मा निर्णयसमेत भइसकेकोले सोही आधारमा आश्रित परिवारलाई भरणपोषणको लागि जनही रु १,००,००० (अक्षेरुपी एकलाख रुपैंया) को दरले अन्तरिम राहत रकम उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने साथै उल्लिखित बेपत्ता भएका व्यक्तिहरूको स्थिति पत्ता लगाई आयोगलाई जानकारी गराइदिन नेपाल सरकारलाई लेखी पठाउने । |
| २८ | २०६५/२/२३ | बर्दिया जिल्ला मानपुर टपरा गाविसका राजकुमार थारु–१, फुलराम चौधरी–१, रुन्च्या थारु –१, रामशरण चौधरी–१, राधेश्याम थारु–१, अन्तराम थारु–१ समेत ६ जनालाई सुरक्षाकर्मीले गिरफ्तार गरी बेपत्ता बनाइएको भनिएको घटना सम्बन्धमा | नागरिकको ज्यूज्यानको सुरक्षा गर्नुपर्ने जिम्मेवारी राज्यकै भएको र पीडितहरूको अवस्था हालसम्म पत्ता नलागेकोले यस्तै प्रकृतिका उजुरीमा सम्मानित सर्वोच्च अदालतबाट पीडित परिवारलाई भरणपोषणको लागि अन्तरिम राहत रु १,००,००० (अक्षेरुपी एकलाख रुपैंया) क्षतिपूर्ति दिने निर्णयसमेत भएको देखिदा उक्त नजिरको आधारमा समेत पीडित परिवारलाई अन्तरिम राहतस्वरूप जनही रु १,००,००० (अक्षेरुपी एकलाख रुपैंया) को दरले क्षतिपूर्ति उपलब्ध गराउन, बेपत्ता भएका व्यक्तिको स्थिति पत्ता लगाइ आयोगलाई जानकारी गराउन नेपाल सरकारलाई लेखी पठाउने । |

| | | | |
|---|---|---|---|
| २९ | २०६५/२/२४ | जिल्ला काभ्रेपलाञ्चोक छत्रेवास गाउँ विकास समिति वडा न–५ घर भइ काठमाडौं बस्ने अर्जुनबहादुर लामालाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले मिति २०६२/१/१६ मा अपहरण गरी कब्जामा लिइ हत्या गरेको भन्ने सम्बन्धमा | नेकपा (माओवादी) का कार्यकर्ताबाट देशमा चलेको सशस्त्र द्वन्द्वको समयमा जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीत सर्वसाधारण निःशस्त्र व्यक्तिलाई कब्जामा लिइ मारेको देखिदा मानवअधिकार तथा मानवीय कानुनको उल्लङ्घन गरेको पाइएकोले दोषीको पहिचान गरी फौजदारी अभियोगमा कारबाही चलाइ सो को जानकारी आयोगलाई उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने साथै पीडित परिवारको भरणपोषणको लागि मानवअधिकारको उल्लङ्घन भइ मृत्यु भएका आश्रित परिवारलाई नेपाल सरकारले उपलब्ध गराए सरहको रकम नै प्रस्तुत घटनाका पीडित परिवारले पाउनुपर्ने न्यायोचित देखिदा सोहीअनुसारको क्षतिपूर्ति रकम उपलब्ध गराई दिन नेपाल सरकारलाई लेखी पठाउने । |
| ३० | २०६५/२/२७ | जिल्ला डोटी बर्छेन गाविस वडा न–९ बस्ने खड्गबहादुर बोहरालाई मिति ०५९/६/१० गते आफ्नो भाइ नरबहादुर बोहोरालाई सुरक्षाकर्मीले कुटपीट गर्न थालेको जानकारी पाइ बचाउन खोज्दा सुरक्षाकर्मीले गोली हानी निज खड्गबहादुर बोहराको मृत्यु भएको सम्बन्धमा | नागरिकलाई आफ्नो कब्जामा लिन सकिने अवस्थामा कुनै गल्ती गरेको रहेछ भनेपनि कानुनको उचित प्रक्रिया (म्गभ उचयअभकक या बिध) बमोजिम कारबाही गर्नुपर्नेमा गैरन्यायिक तरिकाले हत्या भएको आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिदा दोषीको पहिचान गरी कानुनी कारबाही गर्न र पीडित परिवारको भरणपोषणको लागि रु. २,५०,००० ( अक्षेरुपी दुईलाख पचास हजार रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने साथै मृतकको बालबालिकालाई निःशुल्क शिक्षाको व्यवस्था गर्न समेत नेपाल सरकारलाई सिफारिस गरी पठाउने । |

| | | | |
|---|---|---|---|
| ३१ | २०६५/२/२१ | जिल्ला डोटी बर्छेन गाविस वडा न–८ बस्ने निर्मला चन्दलाई गिरफ्तार गर्न सकिने अवस्था छँदाछँदै गोली हानी सुरक्षाकर्मीले मारेको सम्बन्धमा | दोषी सुरक्षाकर्मीलाई आवश्यक पहिचान गरी कानुनबमोजिम कारबाही गर्न र पीडितलाई क्षतिपूर्ति वापत रु ३,००,००० (अक्षेरुपी तीनलाख रुपैंया) उपलब्ध गराउन र नावालक घाइतेको आवश्यक उपचार खर्चको साथै निजलाई नि:शुल्क पठनपाठनको व्यवस्था मिलाई दिन नेपाल सरकारलाई सिफारिस गरी पठाउने । |
| ३२ | २०६५/२/२८ | मिति २०६४/१०/१८ गते राती प्रहरी निरिक्षकको नेतृत्वमा खटिई गएको प्रहरी टोलीले पकाउ गरी प्रहरीले प्रहार गरेको गोली लागी सञ्जय पटेल–१, मनोज कुमार कुर्मी–१ र बम बहादुर चौधरी–१ समेत जना ३ को मृत्यु भएको भन्ने सम्बन्धमा | प्रहरीसँगको मुठभेडमा मृत्यु भएको भन्ने प्रहरीको कथन पुष्टी हुने कुनै प्रमाण मिसिल संलग्न रहेको देखिएन । मृतकको तर्फबाट जाहेरी दर्खास्त दर्ता गर्न जाँदा जाहेरी पनि दर्ता नगर्नु प्रचलित कानुनमा भएको व्यवस्थाको पनि उल्लङ्घन भएको देखियो । अत घटनामा संलग्न प्रहरी निरिक्षकको नेतृत्वमा गएको प्रहरी टोलीले चलाएको गोलीबाट तीनजनाको मृत्यु भएको हुनाले ज्यान सम्बन्धी महलको १ नम्बरको अपराध निजहरूले गरेको देखिन आएकोले आवश्यक अनुसन्धान गरी फौजदारी कसुरमा मुद्दा दायर गर्न र मृतकका आश्रित परिवारको भरणपोषणको लागि रु. २,५०,००० (अक्षेरुपी दुईलाख पचास हजार रुपैंया) का दरले जनही क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| ३३ | २०६५/२/२९ | नेकपा (माओवादी)-ले रामेछाप जिल्ला बिजुलीकोट गाविस वडा न–१ बस्ने दुर्गाबहादुर खड्कालाई विस्थापित गराइ घरपसल कब्जा गरेको सम्वन्धमा | नेकपा (माओवादी) ले बिजुलीकोट गाविस वडा न–१ बस्ने दुर्गाबहादुर खड्कालाई विस्थापित गराइ घर पसल कब्जा गरेकोले सदरमुकाम मन्थलीमा विस्थापित भइ बस्नुपरेको तर विस्तृत शान्तिसम्झौता सम्पन्न भएपछि आफ्नै घरमा बसिरहेको तर माओवादीबाट गराइएको क्षति वापत रु १,२३,५२५ मुल्याङ्कन भएको पाइन्छ । जिल्ला प्रशासन कार्यालयबाट भएको मुल्याङ्कनबमोजिमको रकम हालसम्म पनि दिइएको रहेनछ भने उक्त रकम अविलम्ब उपलब्ध गराइदिन नेपाल सरकारलाई लेखी पठाउने । |
| ३४ | २०६५/२/२९ | रामेछाप बिजुलीकोट गाविस वडा न–१ बस्ने बीरबहादुर खड्का र रमेश खड्कालाई नेकपा (माओवादी)-का कार्यकर्ताले २०६२/७/२७ गते निजको घरको सामान कब्जामा लिइ घरमा तालाबन्दी गरी सपरिवार आन्तरिक रूपमा विस्थापित भएको भनी आयोगमा उजुरी परेको । | अनुसन्धान टोलीको प्रतिवेदन हेर्दा नेकपा (माओवादी)–का कार्यकर्ताले घरमा तालाबन्दी गरेको तर २०६३/८/१८ मा घरमै भएको भन्ने देखिदा जिल्ला प्रशासन कार्यालय रामेछापले निजहरूको रु ४,२०,००० (अक्षेरुपी चारलाख बीस हजार रुपैंया) को सम्पति क्षतिको मूल्याङ्कन भइ गृहमन्त्रालय पठाएको पाइएकोले मुल्याङ्कन भएको रकम हालसम्म पनि दिइएको रहेनछ भने उक्त रकम अविलम्ब उपलब्ध गराइदिन नेपाल सरकारलाई लेखी पठाउने । |
| ३५ | २०६५/२/२९ | बिजुलीकोट १ घर भएकी पार्वती खड्कालाई नेकपा (माओवादी)-का कार्यकर्ताहरूले २०६२/७/२७ गते सामान कब्जामा लिइ घरमा तालाबन्दी गरेको कारण आन्तरिक रूपमा विस्थापित भएको भन्ने उजुरी | नेपाल सरकार र नेकपा (माओवादी) बीच शान्तिसम्झौता भएपछि घर फर्किएको तर क्षति भएको सामान नपाएको भन्ने र जिल्ला प्रशासन कार्यालयबाट क्षतिको रकम रु २,९६,००० मुल्याङ्कन गरेको देखिदा उक्त रकम हालसम्म पनि उपलब्ध गराएको रहेनछ भने अविलम्ब भुक्तानी गर्न नेपाल सरकारलाई लेखी पठाउने । |

| | | | |
|---|---|---|---|
| ३६ | २०६५/२/२९ | रामेछाप जिल्ला गुन्सी भदौरे ३ बस्ने कमलप्रसाद चौलागाईलाई नेकपा (माओवादी)-का कार्यकर्ताले सम्पति लुटी लगेका कारण आन्तरिक रूविस्थापित हुनु परेको भनी आयोगमा पर्न आएको उजुरी | जिल्ला प्रशासन कार्यालय रामेछापबाट रु ९४,९५१ क्षति भएको भनी मुल्याङ्कन गरेको देखिदा उक्त रकम हालसम्म पनि उपलब्ध गराएको रहेनछ भने अविलम्ब उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने |
| ३७ | २०६५/३/३ | सिरहा जिल्ला असनपुर गाविस वडा न–३ बस्ने रघु भन्ने रामरघुवीर यादवलाई नेकपा (माओवादी)-का कार्यकर्ताले अपहरण गरी हत्या गरेको सम्बन्धमा | आयोगको टोलीले गरेको अनुसन्धान प्रतिवेदन अनुसार निज रघुवीर यादवलाई कब्जामा लिइ मारेको कारण सशस्त्र द्वन्दको समयमा द्वन्द्वमा असंलग्न व्यक्तिलाई जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीत भएको पाइयो । पीडित परिवारलाई रु २,००,००० (अक्षेरुपी दुईलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने हत्यामा संलग्न व्यक्तिको बारेमा सम्पूर्ण विवरण तथ्य पत्ता लगाउने |
| ३८ | २०६५/३/३ | सिरहा राजापुर गाविस वडा न–५ बस्ने जोगेन्द्र साहलाई नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०६२/१२/७ गते अपहरण गरी कब्जामा लिइ हत्या गरेको सम्बन्धमा | जोगेन्द्र साहलाई नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०६२/१२/७ गते अपहरण गरी कब्जामा लिइ हत्या गरेको आयोगको प्रतिवेदनबाट देखिएकोले द्वन्द्वमा असंलग्न व्यक्तिलाई सशस्त्र द्वन्दको समयमा अहरणपछि हत्या गर्ने कार्य जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीत भइ मानवीय कानुनको उल्लङ्घनको विषय भएकोले पीडित परिवारलाई रु १,५०,००० क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने साथै हत्यामा संलग्न व्यक्तिको बारेमा सम्पूर्ण विवरण तथ्य पत्ता लगाउने |

| | | | |
|---|---|---|---|
| ३९ | २०६५/३/३ | मिति २०६१/६/१९ गते सिरहा जिल्ला मुकसार गाविस वडा न–१ बस्ने संगीता सेन ठकुरीलाई नेकपा (माओवादी) का कार्यकर्ताले शंकाको आधारमा कब्जामा लिइ यातना दिदा बेहोश भइ मरेको भन्ने सम्बन्धमा | एक निर्दोष व्यत्तिलाई सशस्त्र द्वन्द्वरत पक्ष नेकपा ( माओवादी) बाट ज्यादती भएको देखिदा पीडित परिवारलाई रु ३,००,००० । तीनलाख रुपैया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गरी पठाउने हत्यामा संलग्न व्यक्तिको बारेमा सम्पूर्ण विवरण तथ्य पत्ता लगाउने |
| ४० | २०६५/३/३ | मिति २०६२/९/८ गते ताप्लेजुङ जिल्ला चागे गाविस वडा न–१ स्थित दोभाने पुलनेर नेकपा (माओवादी) ले थापेको एम्बुस धरापमा परी जिल्ला ताप्लेजुङ साँघु गाविस वडा न–८ बस्ने फुर्वा शेर्पा र ऐ. ऐ. वडा न–९ बस्ने दारीञ्चे शेर्पाको मृत्यु भएको भन्ने सम्बन्धमा | नेकपा (माओवादी) ले थापेको एम्बुस धरापमा परी जिल्ला ताप्लेजुङ साँघु गाविस वडा न–८ बस्ने फुर्वा शेर्पा र ऐ. ऐ. वडा न–९ बस्ने दारीञ्चे शेर्पाको मृत्यु भएको भन्ने आयोगको अनुसन्धान टोलीको प्रतिवेदनबाट देखिएकोले पीडित परिवारको भरणपोषणको लागि जनही रु. २,५०,००० (अक्षेरुपी दुई लाख पचास हजार रुपैंया) का दरले क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका बालबालिकाको निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई लेखी पठाउने । |
| ४१ | २०६५/३/६ | ललितपुर जिल्ला ठेचो गाविस वडा न. ६ बस्ने नन्दगोपाल मालीलाई नेपाली सेना जङ्गीअड्डाअन्तर्गत १ न. बाहिनी बालाजुमा मिति २०६१/३/३ मा राखी स्थिति अज्ञात बनाएको सम्बन्धमा | हालसम्म निजको स्थिति सार्वजनिक नभइ बेपत्ता पारेको देखिदा पीडितको परिवारलाई अन्तरिम राहतस्वरूप रु १,००,००० (अक्षेरुपी एकलाख रुपैंया) उपलब्ध गराउने र थप कारबाहीमा लागि प्रमुख सेनानीलाई आयोगमा बोलाउन नेपाली सेना मानवअधिकार निर्देशनालयलाई पत्राचार गर्ने । |

| | | | |
|---|---|---|---|
| ४२ | २०६५/३/६ | जिल्ला नुवाकोट भद्रुटार गाविस वडा न–३ बस्ने राजेन्द्र लामिछानेलाई मिति २०६०/६/२७ गते भैंसी किन्न गएको बेला सुरक्षाकर्मीले पकाउ गरी बेपत्ता पारेको सम्बन्धमा | नेपाली सेनाका सेनानीसँग केही बुझ्नुपर्ने भएकोले ७ दिनभित्र आयोगमा उपस्थित गराईदिन नेपाली सेना मानवअधिकार निर्देशनालयमा पत्राचार गर्ने र पीडितको परिवारलाई अन्तरिम राहत स्वरूप रु १,००,००० (एकलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ४३ | २०६५/३/६ | ललितपुर जिल्ला देवीचौर गाविस वडा न–५ बस्ने रविन्द्र खड्कालाई नेकपा (माओवादी) का कार्यकर्ताहरूले मिति २०६१/२/७ मा कब्जामा लिइ अपहरणपश्चात् स्थिति अज्ञात पारेको सम्बन्धमा | अपहरण पश्चात स्थिति अज्ञात पारेको देखिदा पीडितलाई रु १,००,००० (एकलाख रुपैंया) अन्तरिम राहत स्वरूप उपलब्ध गराउने र उक्त घटनामा संलग्नलाई बुझ्न नेपाल प्रहरी र प्रहरी र नेकपा (माओवादी) को मानवअधिकार हेर्ने व्यक्तिबाट यसबारेमा जानकारी लिने । |
| ४४ | २०६५/३/६ | जिल्ला ललितपुर देवीचौर गाविस वडा न–२ बस्ने अशोक लामालाई नेकपा (माओवादी)-का कार्यकर्ताले अपहरण गरेको सम्बन्धमा | हालसम्म स्थित अज्ञात पारेका देखिदा निजहरूलाई बुझ्न नेपाल प्रहरी र नेकपा (माओवादी) को पार्टी कार्यालयमा पत्राचार गरी आएपछि थप कारबाहीका लागि पेश गर्नुसाथै पीडितको परिवारको भरणपोषणको लागि अन्तरिम राहत स्वरूप रु १,००,००० (एकलाख रुपैंया) उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने । |

| | | | |
|---|---|---|---|
| ४५ | २०६५/३/८ | जिल्ला अछाम कालिका गाविस वडा न–२ बस्ने हिरण्यबहादुर रावललाई २०५९/५/२९ गते सुरक्षाकर्मीबाट कैलाश खोला जल विद्युत नजिक कब्जामा रहेको बेला गोली हानी मारेको सम्बन्धमा | सुरक्षाकर्मीले कब्जामा रहेको अवस्थामा गोली हानी मारेको देखिदा घटनामा संलग्न दोषीको पहिचान गरी मानवअधिकार उल्लङ्घन गरेकोमा फौजदारी अपराधमा कारबाही गर्न र पीडितको परिवारको भरणपोषणको लागि रु ३,००,००० (तीनलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ४६ | २०६५/३/८ | जिल्ला बाँके नौवस्ता गाविस वडा न–८ बस्ने दलबहादुर थापा र निजकी श्रीमती पार्वती थापाको सुरक्षाकर्मीबाट २०५९/५/२५ मा निजकै घरमा गोली हानी हत्या भएको सम्बन्धमा | सुरक्षाकर्मीबाट गोली हानी हत्या भएको देखिदा घटनामा संलग्न दोषी सुरक्षाकर्मीको पहिचान गरी फौजदारी अपराधमा कारबाही गर्न र पीडितको परिवारको भरणपोषणको लागि आश्रित परिवारलाई मृतकको जनही २/२ लाख का दरले क्षतिपूर्ति उपलब्ध गराउन र गोली लागि घाइते ९ महिने बालिकालाई निःशुल्क शिक्षादिक्षाको व्यवस्था गर्न समेत नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ४७ | २०६५/३/८ | जिल्ला बर्दिया गुलरिया गाविस वडा न–२ बस्ने यामलाल लामिछानेको २०६३/१/७ गते सात राजनीतिक दलको आन्दोलनको क्रममा जिल्ला प्रशासन कार्यालय, गुलरिया बदया अगाडि सुरक्षाकर्मीको गोली लागी मृत्यु भएको सम्बन्धमा | निजलाई नेपाल सरकारबाट शहिद घोषणा भइ उच्च स्तरीय छानबिन आयोगको सिफारिस अनुसार दोषीलाई कारबाही र पीडित परिवारको भरणपोषणको लागि रु १०,००,००० (दशलाख रुपैंया) क्षतिपूर्ति पाइसकेको भन्ने आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिदा यसमा थप कारबाही गरिरहनु नपर्ने । |

| | | | |
|---|---|---|---|
| ४८ | २०६५/३/१० | जिल्ला रामेछाप तिल्पु गाविस वडा न–३ कटहरे बस्ने नरबहादुर गाहा मगरलाई मिति २०६१/११/८ गते आफ्नै घरबाट नेकपा (माओवादी) का कार्यकर्ता आई घर जग्गा कब्जा गरी आन्तरिक रूपमा विस्थापित बनाएको सम्बन्धमा | नेपाल सरकार र नेकपा (माओवादी)-बीच सम्पन्न विस्तृत शान्तिसम्झौतापछि घरको ताला खोली दिएको भए तापनि कब्जा गरेको सम्पति फिर्ता नगरेको र जिल्ला प्रशासन कार्यालय रामेछापबाट समेत रु २,८९,३६० रकम क्षति भएकोले मुआब्जा पाउनुपर्ने भनी गृहमन्त्रालयमा पत्राचार गरेको देखिदा हालसम्म पनि उक्त रकम क्षतिपूर्ति नपाएको रहेछ भने अविलम्ब उक्त रकम पीडितलाई दिनु भनी नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ४९ | २०६५/३/१० | जिल्ला रामेछाप देउराली गाविस वडा न–८ बस्ने टहलबहादुर कार्कीलाई २०६१/१२/३ गते नेकपा (माओवादी)-का कार्यकर्ताले विस्थापित बनाई घरजग्गा कब्जामा गरेको सम्बन्धमा | जिल्ला प्रशासन कार्यालय रामेछापबाट रु १०,३४,३०० क्षति भएको भनी मूल्याङ्कन समेत गरेको आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिएकोले मुल्याङ्कन बमोजिमको रकम उजुरवाला टहलबहादुर कार्कीले नपाएको रहेछ भने उक्त रकम क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ५० | २०६५/३/१० | जिल्ला रामेछाप भूजि गाविस समिति वडा न–७ बस्ने फुर्पा ग्याल्मु शेर्पाको जग्गा कब्जा गरी कुटपीट गरेको कारण नेकपा (माओवादी) का कार्यकर्ताबाट मिति २०५८/६/५ देखि आन्तरिक रूपमा विस्थापित भएको सम्बन्धमा | नेपाल सरकार र नेकपा (माओवादी) बीच भएको विस्तृत शान्तिसम्झौतापछि घर फर्किदा पुनः गाउँमा बस्न नदिइ कुटपीट गरेको कारण काठमाडौंमा बसी आएको देखिदा उजुरवालाको के कति क्षति भएको छ त्यसको मूल्याङ्कन गरी क्षतिपूर्ति उपलब्ध गराउन र आफ्नै घरमा फर्किन सक्ने गरी शान्ति सुरक्षाको प्रभावकारी व्यवस्था मिलाउन नेपाल सरकारलाई लेखी सिफारिस गरी पठाउने साथै यसको बोधार्थ र कार्यार्थ नेकपा (माओवादी) पार्टी कार्यालयलाई पठाउने । |

| | | | |
|---|---|---|---|
| ५१ | २०६५/३/११ | जिल्ला डोटी वर्छेन गाविस वडा न–८ बस्ने दलबहादुर चन्द, लोकेन्द्रबहादुर चन्द, रणबहादुर चन्द, टेकबहादुर चन्द र डवलबहादुर सार्कीको मृत्यु भएको र चक्रबहादुर मटेलीलाई गोली लागि गम्भीर रूपमा घाइते भएको घटना सम्बन्धमा | सुरक्षाफौजको गोली लागि दलबहादुर चन्द सहित ५ जनाको घटनास्थलमै मृत्यु हुन गएको हुँदा उक्त कार्यमा संलग्न रहेका सुरक्षाकर्मीको पहिचान गरी फौजदारी अभियोगमा कारबाही गर्न र क्षतिपूर्ति बापत मृतकका आश्रित परिवारलाई जनही रु ३,००,००० ( तीनलाख रुपैंया) का दरले क्षतिपूर्ति दिन र घाइते चक्रबहादुर मटेलीलाई रु. १,००,००० (एकलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने साथै मृतकका बालबच्चालाई निःशुल्क पठनपाठनको व्यवस्था मिलाउन समेत सिफारिस गर्ने । |
| ५२ | २०६५/३/११ | धनगढी जिल्ला बैतडी वासुलिंग गाविस वडा न–७ बस्ने पूर्व प्रहरी नारद पाण्डेलाई मिति २०५९/२/२३ मा सुरक्षाकर्मीले डिलासैनी गाविसमा लगी गोली हानी मारेको भन्ने सम्बन्धमा | हातहतियार लुकाएको ठाउँ देखाइदिन्छु भनी सुरक्षाफौजको गस्ती टोलीलाई जंगलमा भीरको बाटो लगी आफू भाग्न खोज्दा सुरक्षाफौजले नियन्त्रणमा लिने क्रममा कारबाही गर्दा मृत्यु भएको भन्ने जिल्ला प्रहरी कार्यालय बैतडीको २०६३/१०/२२ च.न. १६२४ को पत्रमार्फत जानकारी प्राप्त हुन आएको देखिन्छ । आफ्नो कब्जामा रहेको व्यक्तिलाई कानुनबमोजिम कारबाही गर्नुपर्नेमा गोली हानी मारेको देखिदा मानवअधिकारको गम्भीर उल्लङ्घन हुन गएको पाइएकोले दोषी सुरक्षाकर्मीको पहिचान गरी कारबाही गर्न तथा पीडित आश्रित परिवारको भरणपोषणको लागि रु ३,००,००० (तीनलाख रुपैंया) क्षतिपूर्ति उपलब्ध गराउन र मृतकका नाबालक छोराछोरीको निःशुल्क शिक्षाको व्यवस्था मिलाउन समेत नेपाल सरकारलाई सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| ५३ | २०६५/३/१२ | जिल्ला धादिङ नौविसे गाविस वडा न–१ बस्ने हरिप्रसाद आचार्यलाई मिति २०६०/७/१९ गते पकाउ गरी बेपत्ता बनाएको सम्बन्धमा | निजलाई नेपाली सेनाअन्तर्गतका सुरक्षाकर्मीले पकाउ गरी हालसम्म अवस्थाको बारेमा थप अनुसन्धान जारी राखी अनुसन्धान पूरा भएपछि पेश गर्नु । हाललाई पीडितको आश्रित परिवारको भरणपोषणको लागि रु १,००,००० (अक्षेरुपी एकलाख रुपैंया) क्षतिपूर्ति स्वरूप अन्तरिम राहत उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने |
| ५४ | २०६५/३/१२ | जिल्ला रामेछाप गुन्सी भदौरे गाविस वडा न–१ घर भइ काभ्रेपलाञ्चोक जिल्ला चौरी खोला प्रा.वि.मा शिक्षक नोखराज गौतमलाई २०५९/४/२८ गते अपहरण गरी नेकपा (माओवादी) कार्यकर्ताले हत्या गरेको सम्बन्धमा | नेकपा (माओवादी) का कार्यकर्ताले नै अपहरण गरी आफ्नो कब्जामा रहेको अवस्थामा गोली हानी हत्या गरेको देखिदा घटनामा संलग्न रहेका व्यक्तिहरूलाई फौजदारी अपराध गरेकोमा अपराधीहरूको पहिचान गरी फौजदारी अपराधमा कारबाही गर्न र पीडितको आश्रित परिवारको भरणपोषणको लागि रु ३,००,००० (तीनलाख रुपैंया) उपलब्ध गराउन पर्नेमा नेपाल सरकारबाट रु १,५०,००० हजार उपलब्ध गराइसकेको देखिदा थप रु १,५०,००० (एकलाख पचास हजार रुपैंया) उपलब्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ५५ | २०६५/३/१३ | जिल्ला खोटाङ हैचुर गाविस वडा न–५ बस्ने प्रतापलाल दर्जीलाई सुरक्षाकर्मीले मिति २०५८/१२/२२ गतेका दिन पकाउ गरी बेपत्ता बनाएको सम्बन्धमा | प्रतापलाल दर्जीलाई सुरक्षाकर्मीले पकाउ गरी बेपत्ता बनाएको देखिदा बेपत्ता पारिएको व्यक्तिको आश्रित परिवारलाई क्षतिपूर्ति स्वरूप अन्तरिम राहत रु १,००,००० (एकलाख रुपैंया) उपलब्ध गराउन नेपाल सरकारलाई पेश गर्ने र निजको अवस्था सार्वजनिक गर्न थप अनुसन्धान जारी राख्ने |

| | | | |
|---|---|---|---|
| ५६ | २०६५/३/१५ | बावरे गाविस वडा न–९ दोलखा बस्ने भीमसेन पाण्डेको विस्थापित उजुरी सम्बन्धमा | भीमसेन पाण्डेको विस्थापित उजुरी सम्बन्धमा नेपाल सरकार र नेकपा (माओवादी) पार्टी विच भएको विश्व शान्तिसम्झौता तथा २३ बुँदे सहमति अनुसार विस्थापित व्यक्तिहरूलाई घर फर्काउने व्यवस्था भैसकेको हुँदा निज भिमसेन पाण्डे र निजका परिवारलाई घर जाने वातावरण मिलाउन नेपाल सरकारलाई सिफारिस गर्ने तथा नेकपा (माओवादी) पार्टी कार्यालयलाई बोधार्थ तथा कार्यार्थ दिने । |
| ५७ | २०६५/३/१५ | नेपाल अधिराज्यभर विभिन्न भाषाका पाठ्यपुस्तक तथा कक्षा ९ र १० का पाठ्यपुस्तक समयमै विद्यार्थीहरूले सहज रूपमा नपाएको । | नेपाल अधिराज्यभर विभिन्न भाषाका पाठ्यपुस्तक तथा कक्षा ९ र १० का पाठ्यपुस्तक समयमै विद्यार्थीहरूले सहज रूपमा नपाएको भन्ने सन्दर्भमा आयोगको अनुगमन टोलीको प्रतिवेदन तथा विभिन्न पत्रपत्रिकामा प्रकाशित समाचारप्रति आयोगको गम्भीर ध्यानाकर्षण भएकोले यस सम्वन्धमा शिक्षा मन्त्रालयलाई शिक्षा आर्जन गर्न पाउने अधिकारलाई दखल पुऱ्याउने कार्य नगर्न तथा हालसम्म सो सम्वन्धमा भएका प्रगतिबारे १ हप्ताभित्र जानकारी उपलब्ध गराउन पत्राचार गर्ने । साथै सोको विज्ञप्ती जारी गर्ने । |
| ५८ | २०६५/३/१९ | बाँके जिल्ला बागेश्वरी गाविस वडा न–३ का सेतु वि.क.को हत्या सम्बन्धमा | मृतकका परिवारलाई क्षतिपूर्ति उपलब्ध गराई सकिएको भन्ने देखिएकाले निजका छोराछोरीलाई निःशुल्क शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गरी फाइल टुङ्ग्याउने । |

| | | | |
|---|---|---|---|
| ५९ | २०६५/३/१९ | जिल्ला रामेछाप गेलु गाविस वडा न–२ रजाइ घर भइ श्री शेर गण (क) गुल्म चरिकोटमा कार्यरत विनोदकुमार खड्का र नातेदार वद्री खड्कालाई नेकपा (माओवादी)-का कार्यकर्ताले मिति २०६०/२/२४ गते रामेछाप जिल्लाको दोरम्बा गाविसबाट अपहरण गरेको सम्बन्धमा | निज विनोद खड्कालाई नेकपा (माओवादी)-का कार्यकर्ताले अपहरण गरी मिति २०६०/६/२ गते दोलखा जिल्लाको काटाकुटी गाविस वडा न–१ विरौटे भन्ने स्थानमा लगी हत्या गरेको र मृतकको सद्गत परिवारबाट गरेको मृतकका परिवारले नेपाली सेनाबाट क्षतिपूर्ति पाइसकेको भन्ने आयोगको अनुसन्धान प्रतिवेदनबाट देखिदा घटनामा संलग्न रहेका व्यक्तिलाई फौजदारी अपराध गरेको अपराधमा अपराधीहरूको पहिचान गरी कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने र नेकपा (माओवादी)-बाट अपहरणमा परेका वद्री खड्का अपहरणबाट मुक्त भइसकेको भन्ने तथ्य प्राप्त भएकाले निजको फाइल टुङ्गयाउने |
| ६० | २०६५/३/१९ | जिल्ला नवलपरासी दिव्यपुरी गाविस घर भइ राष्ट्रिय अनुसन्धान विभाग, जिल्ला प्रशासन कार्यालय चितवनमा कार्यरत केशव महत्तोलाई भरतपुर नपा वडा न–१० त्याली वजारबाट नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी हत्या गरेको सम्बन्धमा | नेकपा (माओवादी) का कार्यकर्ताले मिति २०६१/११/२१ गते अपहरण गरी हत्या गरेको, निजको लाश उपलब्ध नगराइएको, मृतकका परिवारले क्षतिपूर्ति पाईसकेको भन्ने आयोगको अनुसन्धानबाट देखिदा घटनामा संलग्न रहेको व्यक्तिहरूलाई फौजदारी अपराध गरेकोमा अपराधीहरूको पहिचान गरी फौजदारी अपराधमा कारबाही गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । |

| | | | |
|---|---|---|---|
| ६१ | २०६५/३/१९ | चितवन जिल्ला कठार गाविस वडा न–४ शान्तिबजार बस्ने गोकर्ण (गोपी) सुवेदी आफ्नै काम विशेषले मिति २०६०/७/७ गते बा.१५ प ४९८७ नम्बरको कालो रंगको क्यालिवर मोटरसाइकल चढी बीरगञ्ज गएको र बीरगञ्जबाट घरतर्फ फर्कदै गर्दा मकवानपुर जिल्लाको महेन्द्र राजमार्गमा पर्ने मनहरी गाविस ८ रजैयाबाट अपहरण गरी हत्या गरिएको सम्बन्धमा | घटनामा संलग्न रहेका व्यक्तिलाई फौजदारी अपराध गरेकोमा अपराधीहरूको पहिचान गरी फौजदारी अपराधमा कारबाही गर्न र पीडितका आश्रित परिवारको भरणपोषणका लागि रु ३,००,००० क्षतिपूर्ति उपलब्ध गराउन साथै निजका छोराछोरीलाई शिक्षाको व्यवस्था गर्न नेपाल सरकारलाई सिफारिस गर्ने । |
| ६२ | २०६५/३/२६ | जिल्ला अछाम रामारोशन गाविस वडा न–२ बस्ने डवल बहादुर साउदलाई मिति २०६१/५/२२ मा नेकपा (माओवादी) का कार्यकर्ताले अपहरण गरी कब्जामा लिइ हत्या गरेको सम्बन्धमा | निज डवल बहादुर साउदलाई सुराकीको आरोपमा नेकपा (माओवादी) का कार्यकर्ताहरूले अपहरण गरी मारेको देखिदा हत्यामा संलग्न व्यक्तिहरूलाई फौजदारी अभियोगमा कानुनी कारबाही चलाउन र जेनेभा महासन्धी १९४९ को साझा धारा ३ विपरीत मानवीय कानुन एवम् मानवअधिकारको हनन् भएको देखिदा मृतकको आश्रित परिवारको भरणपोषणको लागि रु ३,००,००० (अक्षेरुपी तीनलाख रुपैंया) उपलब्ध गराउन नेपाल सरकारलाई लेखी पठाउने । |

# अनुसुची– ६

## आयोगका प्रकाशनहरू

| क्र. सं. | प्रकाशन सामग्रीहरू |
|---|---|
| १ | आर्थिक वर्ष २०६३/६४ को वार्षिक प्रतिवेदन |
| २ | मानवअधिकार पत्र वर्ष १ अङ्क १ देखि ३ सम्म |
| ३ | सचेतक |
| ४ | शान्तिसम्झौताको अवधिमा मानवअधिकार अवस्था ( फागुन १४, २०६३ देखि २०६४ असार मसान्तसम्म ) |
| ५ | शान्तिसम्झौताको एक वर्ष: मानवअधिकार अवस्था ( २०६३ मङ्सिर ६ देखि २०६४ मङ्सिर ५ गतेसम्म ) |
| ६ | शान्तिसम्झौताको एक वर्ष मानवअधिकार अवस्था सारांश प्रतिवेदन ( २०६३ मङ्सिर ६ देखि २०६४ मङ्सिर ५ गतेसम्म ) |
| ७ | नेपालमा बालअधिकारको अवस्था २००७ |
| ८ | A study on the domestication status of The ICCPR विषयक अध्ययन प्रतिवेदन |
| ९ | आर्थिक सामाजिक तथा सांस्कृतिक समितिमा नेपालद्वारा पेश गरिएको दोस्रो प्रतिवेदनमाथि आर्थिक सामाजिक तथा सांस्कृतिक समितिको समापन अवलोकन नेपाली अनुवाद |
| १० | संयुक्त राष्ट्रसङ्घ जातीय भेदभाव उन्मूलन समितिद्वारा प्रस्तुत फौजदारी न्यायप्रणालीको प्रशासनिक तथा कार्यप्रणालीमा जातीय भेदभाव रोकथामसम्बन्धी सामान्य सुझावहरू |
| ११ | विस्तृतशान्ति सम्झौता २०६३ विभिन्न ६ भाषामा प्रकाशित) |
| १२ | २०६५ सालको क्यालेन्डर |
| १३ | Trafficking In Persons Especially on women and children In Nepal National Report 2006-2007 |
| १४ | Summary report of Trafficking In Persons Especially on women and children In Nepal National Report 2006-2007 |
| १५ | राष्ट्रिय मानवअधिकार आयोगका सिफारिस र कार्यान्वयनको अवस्था, २०६५ |
| १६ | मानवअधिकारको दृष्टिमा संविधानसभा निर्वाचन अनुगमन प्रतिवेदन, २०६५ |

| | |
|---|---|
| १७ | सुदुर पश्चिममा आयोगको एक वर्ष २०६४( क्षेत्रीय कार्यालय धनगढीको प्रकाशन) |
| १८ | राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय धनगढीको ब्रोसर |
| १९ | राष्ट्रिय मानवअधिकार आयोग पश्चिमाञ्चल क्षेत्रीय कार्यालयको गतिविधि, २०६४ |
| २० | राष्ट्रिय मानवअधिकार आयोग क्षेत्रीय कार्यालय नेपालगञ्जको गतिविधि पुस्तिका, २०६५ |
| २१ | संविधनसभामा मानवअधिकारसम्बन्धी आयोगको अपिल |
| २२ | संविधनसभा र मानवअधिकारसम्बन्धी जानकारी |
| २३ | संविधानसभामा के गर्न हुने र के गर्न नहुने विषयमा जानकारी |
| २४ | मानवअधिकार प्रश्नउत्तर सङ्गालो |
| २५ | Report on the implementation status of existing laws, Acts, Rules and facilities made for the development promotion and protection of the people with Disabilities. |
| २६ | Strategies Plan 2008-2010 |
| २७ | मानवअधिकार आयोग जानकारी (अङ्ग्रेजी) |

# अनुसूची– ७

## मानवअधिकार सम्बर्द्धनको क्षेत्रमा सम्पादित कार्यहरू

**आयोगको केन्द्रीय काठमाडौं र सम्पर्क कार्यालय जनकपुर**

| क. स. | मिति | कार्यक्रम | उद्देश्य | उपलब्धि |
|---|---|---|---|---|
| १ | ०६४/४/१० | सामाजिक सेवा तालिम | राष्ट्रिय मानवअधिकार आयोगको काम, कर्तव्य र अधिकारको बारेमा जानकारी गराउने | सहभागीहरूलाई आयोगको बारेमा जानकारी गराइएको |
| २ | ०६४/५/१० | प्रस्तावित सत्यनिरुपण तथा मेलमिलाप आयोगको विधेयक २०६४ माथि अन्तर्क्रिया | नेपाल सरकारद्वारा प्रस्तावित सत्यनिरुपण तथा मेलमिलाप अयोगविधेयक २०६४ माथि छलफल गरी प्राप्त सुझावहरू नेपाल सरकारसमक्ष प्रस्तुत गर्ने | प्राप्त सुझावहरूलाई एकीकृत गरी प्रस्तुत विधेयकमा देखिएका कमीकमजोरीहरूको बारेमा सरकारलाई सिफारिस गर्ने आधार तय |
| ३ | ०६४/६/४–५ | राष्ट्रिय शान्तिशिक्षा सम्मेलन | बालबालिकाको लागि शान्ति र अहिंसाको संस्कृतिसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने | बालबालिका र सरोकारवालाहरूबीच शान्ति र अहिंसा सम्बन्धमा जनचेतना जगाउन सफल |
| ४ | २०६४/६/१८ | पत्रकारहरूबीच छलफल | आयोग र श्रीलङ्काली पत्रकारहरूबीच आयोगले शान्तिप्रक्रियाबारेमा गरेका भएका प्रयात्न एवम् अनुभव आदानप्रदान गर्ने | आयोगको गठन एवम् गतिविधिका सम्बन्धमा जानकारी गराइएको |
| ५ | २०६४/६/२० | मानवअधिकार रक्षकहरूबीच अर्न्तक्रिया कार्यक्रम | आयोगकाम काम, कर्तव्य अधिकारबारे मानवअधिकार रक्षकहरूलाई जानकारी गराउने | उद्देश्यअनुरूप कार्य सम्पन्न |
| ६ | २०६४/७/१८ | नागरिक समाज, मानवअधिकारक | आयोगका पदाधिकारीहरूको नियुक्ति भएको सन्दर्भमा | यसको लागि आधारभूमि तयार तय हुन सकेको |

| | | | | |
|---|---|---|---|---|
| | | र्मी एवम् गैरसरकारी सङ्घसंस्थासँग छलफल | नागरिकसमाज, मानवअधिकारकर्मी एवम् गैरसरकारी सङ्घसंस्थाबाट रायसुझावलाई समेत आधार मानी आयोगको भावी रणनीति तयार गर्ने | |
| ७ | २०६४/८/४ | विश्व बालअधिकार दिवसको अवसरमा अन्तर्क्रिया | बालअधिकारको सवालमा सरोकारवालाहरूको भूमिका तय गर्ने | बालअधिकार संरक्षणका लागि सरकारी निकाय तथा गैरसरकारी सङ्घसंस्थाको भूमिका प्रभावकारी तथा समन्वयात्मक तरिकाले एकीकृत रूपमा अगाडि जान लैजान सुझाव प्राप्त |
| ८ | २०६४/८/१६ | विभिन्न राजनीतिक दलका प्रतिनिधिहरूसँग मानवअधिकारका सवालमा सहकार्य तथा आयोगको प्रभावकारी भूमिकाका सम्बन्धमा अन्तर्क्रिया | विभिन्न राजनैतिक दलका प्रतिनिधिहरूसँग मानवअधिकारका सवालमा सहकार्य तथा प्रभावकारी भूमिका निर्वाह गर्न आगामी दिनमा अगाडि बढन सुझाव लिने | मानवअधिकार संरक्षण तथा सम्वर्द्धनका लागि राजनीतिक दलहरूबाट सहयोग, सुझावको साथै दलीय संरचनामा मानवअधिकार विषय हेर्ने इकाइ गठन गर्ने प्रतिबद्धता |
| ९ | २०६४/९/८ | छुवाछुतजन्य मानवअधिकार हनन र दायित्व विषयक छलफल | राष्ट्रिय दलित आयोग, महिला आयोग, सासंद, सरकारी निकाय, अन्य गैरसरकारी निकाय, कलाकारहरूबीच समन्वय गरी छुवाछुतजन्य कार्यलाई निरुत्साहित गर्न सरोकारवालाको भूमिकालाई सशक्त बनाउने | छुवाछुतजन्य कार्यलाई निरुत्साहित गर्न सामूहिक एवम् आ-आफ्नो क्षेत्रबाट थप सशक्त बनाउने प्रतिबद्धता |
| १० | २०६४/१०/ | मानवअधिकार | अनुभव आदानप्रदानको साथै | मानवअधिकार र विशेषत: |

| | | | | |
|---|---|---|---|---|
| | ४ | आयोग र राष्ट्रिय महिला आयोगबीच अनुभव आदानप्रदान | सहकार्यसम्बन्धी छलफल गर्ने | महिलाअधिकार संरक्षण र सम्बर्द्धनका लागि राष्ट्रिय मानवअधिकार आयोगले गर्दै आएको कामका बारेमा जानकारी गराउनुको साथै आगामी दिनहरूमा सहकार्यका मुद्दामा छलफल सम्पन्न |
